BRITISH COUNCIL | 60 YEARS IN NEPAL

# INTERNATIONAL SCHOOL AWARD

## इन्टरनेशनल स्कूल अवार्ड मार्गदर्शन पुस्तिका नेपाल

www.britishcouncil.org.np



BRITISH COUNCIL | 60 YEARS IN NEPAL

# INTERNATIONAL SCHOOL AWARD

## विषयसूची


१. ब्रिटिश काउन्सिल र कनेक्टिङ क्लासरुम बारेमा ........... ४

२. इन्टरनेशनल स्कूल अवार्ड बारेमा ............................ ५

३. मेरो विद्यालयले इन्टरनेशनल स्कूल अवार्ड कसरी प्राप्त गर्छ ? ................................................७

४. प्रक्रियाको संक्षिप्त जानकारी ................................... ९

५. अन्तर्राष्ट्रिय क्रियाकलाप-अनिवार्य गर्नुपर्ने कुराहरू ....... १२

६. अन्तर्राष्ट्रिय क्रियाकलापको लागि विचारयोग्य कुराहरू .......................................... १४

७. प्रारम्भिक क्रियाकलापको लागि ५० विचारयोग्य कुराहरू .................................... १७

८. मार्गदर्शन, ढाँचा र उदाहरण ................................ २१

९. मामिला अध्ययन ............................................... ५१

१०. कार्ययोजनाको उदाहरण तथा २०% स्थानीय पाठ्यक्रम ............................................ ५३

११. शब्दावली ........................................................७१




## ब्रिटिश काउन्सिल बारेमा (About British Council)

ब्रिटिश काउन्सिल बेलायतमा प्रमुख कार्यालय रहेको सांस्कृतिक सम्बन्ध तथा शैक्षिक अवसर विस्तारका लागि स्थापित एक अन्तर्राष्ट्रिय संस्था हो । हामी बेलायत र अन्य देशहरूका जनताबीच मैत्रीपूर्ण ज्ञान र बुझाइको विकास गर्छौं । यसका लागि हामी बेलायत र ती देशहरूको जनताका लागि अवसरको सिर्जना, सम्बन्ध निर्माण र आपसी सद्भाव एवम् विश्वासको विकासमार्फत जीवन परिवर्तनमा सकरात्मक योगदान गर्छौं ।

कला तथा संस्कृति, अंग्रेजी भाषा, शिक्षा र नागरिक समाजका क्षेत्रमा हामी विश्वभर १०० भन्दा बढी मुलुकहरूमा काम गर्दछौं । हरेक वर्ष २ करोड मानिसमा प्रत्यक्ष र ५० करोड मानिससम्म प्रकाशन तथा प्रशारणका अनलाइन माध्यमबाट हामी पुग्ने गर्दछौं ।

बेलायतको रोयल चार्टर (शाही वडापत्र) र वेलायतको सार्वजनिक निकायअन्तर्गत सन् १९३४ मा स्थापित ब्रिटिश काउन्सिल एक बेलायती परोपकारी/च्यारिटी संस्था हो । नेपाल र बेलायतका जनताहरूबीच मैत्रीपूर्ण ज्ञान तथा बुझाइको विकास गर्न ६० वर्षअघि पहिलो ब्रिटिश लाइब्रेरी (पुस्तकालय) स्थापना गरी ब्रिटिश काउन्सिले नेपालमा कार्य गर्न शुरु गऱ्यो । ६० वर्षको अवधिमा, नेपालमा शिक्षा, भाषा, सीप, कला र युवा क्षेत्रमार्फत विभिन्न मानिस तथा संस्थाहरूसँग सहकार्य गर्दै लाखौं मानिसको जीवनमा हामी पुगेको छौं - नेपाल र बेलायतका जनताबीच आपसी सद्भाव एवम् विश्वास निर्माण गर्न कार्य गरिरहेका छौं ।

## कनेक्टिङ क्लासरूम थ्रु ग्लोबल लर्निङ बारेमा (About Connecting Classroom through Global Learning)

विश्वव्यापी सिकाइमार्फत् कक्षाकोठाहरु जोड्ने अर्थात् कनेक्टिङ क्लासरुम थ्रु ग्लोबल लर्निङ कार्यक्रमले बालबालिकाहरूको सफलताका लागि आवश्यक पर्ने ज्ञान, सीप, सोच र अवधारणाको विकासमा उनीहरूलाई मद्दत गर्न विश्वभरका विद्यालयहरूसँग कार्य गर्छ । यस कार्यक्रमले अन्तर्राष्ट्रियस्तरमा हाम्रो विश्वलाई निर्धारण गर्ने महत्वपूर्ण वृहत सवालहरूबारे थाहा पाउन र त्यसमा सहकार्य गर्न विद्यालयहरूलाई सहयोग गर्दछ ।

## यसले कसरी कार्य गर्दछ (How it works) ?

कनेक्टिङ क्लासरुम विश्वभरिका विद्यालयहरूको लागि सिकाइ तथा ज्ञानको आदानप्रदानका लागि अन्तर्राष्ट्रिय सहकार्यको एउटा लचकदार यात्रा हो । यसका देहायका कुराहरू रहन्छन् :

१. विद्यालयहरूसँग साझेदारी (Partner With Schools) - विश्वव्यापी महत्वका विषयहरूमा केन्द्रित विद्यालय क्रियाकलाप वा गतिविधहरूमा बेलायत र अन्य देशहरूमा सहकर्मी र साझेदार विद्यालयसँग मिलेर सहकार्य गर्ने । साझेदारीले शिक्षकहरूलाई एकअर्काको अनुभवहरू साटासाट गर्न, ज्ञान साझा गर्न र एकअर्काबाट सिक्न मौका प्रदान गर्दछ ।
२. आफ्नो सीपको विकास (Develop your skills) - शिक्षकहरूलाई विश्वव्यापी महत्वका विषयहरू उनीहरूको शिक्षणमा सामेल गर्नको लागि उनीहरूको ज्ञान, क्षमता र विज्ञतामा निरन्तर सुधार गर्न हामी प्रोत्साहित गर्दछौं । यसको उनीहरुले हाम्रो अनलाइन वा प्रत्यक्ष तालिम कार्यक्रममा सहभागी भएर तालिमका विषयवस्तुहरू पूरा गर्न सक्नेछन् ।
३. कक्षाकोठाको क्रियाकलापहरू (Classroom Activities) - साझेदार विद्यालयसँग मिलेर दिगो विकास लक्ष्यहरूमा (SDGs) आधारित क्रियाकलापहरू गर्ने । तपाईको कक्षाकोठामा दिगो विकास लक्ष्यका सिद्धान्त तथा विषयहरू शुरु गर्नको लागि हाम्रो निशुल्क स्रोतसामग्री डाउनलोड गर्नुहोस् ।
४. कोषको लागि आवेदन (Apply for funding) - विद्यालयहरूबीच सामूहिक वा एक-विद्यालय-एक (छुट्टाछुट्टै) साझेदारीको आधारमा कनेक्टिङ क्लासरुम यात्राका लागि गरिने भ्रमण, कार्यक्रम र तालिमको सहजीकरण गर्न आवश्यक कोषको लागि तपाईले आवेदन गर्न सक्नुहुनेछ ।
५. मान्यता (Accreditation) - तपाई आफ्नो कनेक्टि क्लासरुम यात्राको कुनै चरणमा पुग्न सफल हुनुभएको छ भने तपाईको विद्यालयमा अन्तर्राष्ट्रिय महत्वको शिक्षा सामेल गर्ने कार्यमा तपाईले हासिल गर्नुभएको उपलब्धिको पहिचान गराउने त्यसस्तरको इन्टरनेशनल स्कूल अवार्ड तपाईले प्राप्त गर्नुहुनेछ ।

विभिन्न कक्षाकोठा स्रोतसामग्रीहरू, निशुल्क अनलाइन तालिमका विषयवस्तुहरू र विदेशका विद्यालयहरू तथा विभिन्न संस्थाहरूसँग र उनीहरूमार्फत् साझेदारी गर्ने अन्य अवसरहरूको प्रयोग गर्न पनि विद्यालयहरूलाई आमन्त्रण गरिन्छ ।

## भाग किन लिने (Why take part) ?

कनेक्टि क्लासरुम विश्वव्यापी सवालहरूको बुझाइको लागि मात्र होइन, अझ धेरै विषयको ज्ञान र जानकारीका साथै विश्वमा सकरात्मक परिवर्तन ल्याउन शिक्षक तथा विद्यार्थीहरू दुवैको सीप अभिवृद्धि गर्ने बारेमा पनि हो । कनेक्टि क्लासरुम कार्यक्रमको एक सहयात्रीको रुपमा तपाईले देहायका कुराहरू गर्न सक्नुहुनेछ :

- साझेदार विद्यालय भ्रमण गर्ने, तपाईको विद्यालयको पाठ्यक्रममा विश्वव्यापी महत्वका विषयहरू कसरी सामेल गर्ने भन्ने कुरामा सहकार्य गर्ने र योजना बनाउने ।
- पहिलेदेखि रहेको साझेदारीहरूलाई थप बलियो बनाउँदै तपाईको सञ्जाल विस्तार गर्ने ।
- बढ्दो विश्व्यापीकरणको संसारमा सफल हुन आवश्यक पर्ने सीपहरूले विद्यार्थीहरूलाई सुसज्जित गर्ने ।
- नेतृत्व वर्ग तथा शिक्षकहरूको लागि प्रदान गरिने नि:शुल्क अनलाइन वा प्रत्यक्ष तालिममा भाग लिने ।
- बालबालिकाहरूको समुदायमा उनीहरूले थालेको अन्तर्राष्ट्रिय सहकार्यलाई सहयोग गर्ने र दिगो विकास लक्ष्यहरू प्राप्तिका लागि भूमिका खेल्ने ।

नेपालमा इन्टरनेशनल स्कूल अवार्ड सन् २०१२ मा (वि.सं. २०६८ मा) शुरु भएको हो र अहिलेसम्म नेपालका ८४ भन्दा बढी विद्यालयले पूर्ण अवार्ड (Full award) जितिसकेका छन् । ब्रिटिश काउन्सिलको यस इन्टरनेशनल स्कूल अवार्डमा सार्वजनिक तथा निजी दुवै क्षेत्रका विद्यालयहरू सहभागी भएका छन्, जसमा सहरी तथा ग्रामीण क्षेत्रका विद्यालयहरू र न्यून लाभ पाएका वा पिछडिएका समुदाय क्षेत्रमा रहेका विद्यालयहरू पनि रहेका छन् । ब्रिटिश काउन्सिलको इन्टरनेशनल स्कूल अवार्ड अहिले विश्वका ३१ देशहरूमा पुगेको छ ।

# इन्टरनेशनल स्कूल अवार्ड (International School Award)

## परिचय (Introduction)

इन्टरनेशनल स्कूल अवार्ड एक विश्वव्यापी मान्यता योजना हो जसले विद्यालयहरूमा अन्तर्राष्ट्रिय आयामहरूलाई सामेल गर्ने असल अभ्यासको पहिचान गर्दछ ।

अवार्डको यस मान्यता प्रक्रियामा पहिलो चरणमा कार्ययोजना बनाइन्छ र त्यसपछि प्रमाणको क्रमशः संग्रह र मूल्याङ्कन पेश गर्ने चरण रहन्छन् । यो पूरा गर्न झण्डै १२ महिना लाग्दछ । अवार्डको लागि मान्य हुन सफल विद्यालयहरूलाई तीन वर्षसम्मको लागि मान्यता प्रदान गरिन्छ ।

इन्टरनेशनल स्कूल अवार्डले अन्तर्राष्ट्रियरुपमा विद्यालय सहकार्यलाई स्वीकार गर्छ र विद्यालयहरूको पहिचानको लागि एक ढाँचा प्रदान गर्छ जसले :

- दीर्घकालीन सम्बन्धको निर्माण तथा विकासका लागि अन्तर्राष्ट्रिय कार्य र साझेदारहरूसँगको सहकार्यलाई अघि बढाउन सहयोग गर्छ ।
- उत्कृष्ट अभ्यासको आधारलाई निर्धारण गर्छ र शिक्षण तथा सिकाइमा पेशागत विकासका कुराहरू साझा गर्छ ।
- बालबालिकाहरूलाई विश्व अर्थतन्त्र र विश्व नागरिक दुवैमा संलग्न गराउँछ । जीवन र कार्यको लागि उनीहरुको सीप विकास गर्छ ।
- विद्यालयको सुधारमा योगदान गर्ने सम्पूर्ण विद्यालय परियोजनाहरूलाई सहयोग गर्छ ।

## यो कसको लागि हो (Who is it for) ?

प्रचलित कानूनले व्यवस्था गरेबमोजिम स्वीकृत पाठ्यक्रम लागू गरिरहेका नेपाल सरकारबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सबै सामुदायिक, संस्थागत तथा कुटनैतिक नियोगबाट सञ्चालित विद्यालयहरू अवार्डका लागि आवेदन गर्न योग्य छन् । न्युनतम आवश्यकताका हकमा विद्यालयमा हुनुपर्ने आधारभूत पूर्वाधार, इन्टरनेट सुविधा सहितको कम्तीमा एउटा कम्प्युटर र अङ्ग्रेजी भाषामा सामान्य ज्ञान भएको कम्तिमा एकजना शिक्षक हुनुपर्छ ।

अधिक लाभ लिनसक्ने विद्यालयहरू ती हुन् जसले सक्रिय भएर आफ्नो कक्षाकोठाको सञ्चालन गर्ने उपयुक्त तरिकाहरू खोजिरहेका हुन्छन् र परम्परागत विधिलाई नवीनतम/आधुनिक विधिमा रुपान्तरित भएको परिवर्तन देख्न इच्छुक हुन्छन् ।

## के-कस्तो फाइदाहरु छन् (What are the benefits) ?

इन्टरनेशनल स्कूल अवार्डले अन्तर्राष्ट्रिय क्रियाकलापहरूको विकास गर्न विद्यालयहरूको लागि एक ढाँचा प्रदान गर्दछ । यसो प्राप्त गर्नुपर्ने त्यो लक्ष्य हो जसको प्राप्तिपछि यो महत्वपूर्ण सार्वजनिक सम्बन्धको साधन बन्न पुग्छ । अधिकांश सहभागी विद्यालयहरूको अन्य देशका विद्यालयहरूसँगको अन्तर्राष्ट्रिय सहकार्य र सक्रिय साझेदारीमा केही वर्षको मात्र अनुभव छन् । अवार्डको प्रमुख फाइदाहरू निम्न छन् :



### अन्तर्राष्ट्रियताको बलियो आधार विकास गर्न सहयोग (Support with the development of a strong foundation for internationalism)

इन्टरनेशनल स्कूल अवार्डले विद्यालयहरूलाई देहायका कुरामा सहयोग गर्छ :

- सम्पूर्ण विद्यालयमा अन्तर्राष्ट्रिय विशेषता समावेश गर्न ।
- विद्यालयभित्रका बहुसंख्यक विद्यार्थीमा अन्तर्राष्ट्रिय कार्यको सकरात्मक प्रभाव र सहभागिता बढाउन ।
- कम्तीमा एउटा साझेदार विद्यालयसँग सहकार्यमूलक पाठ्यक्रममा रहेर कार्य गर्न ।
- विभिन्न विषयहरूमा पाठ्यक्रममा आधारित रहेर कार्य गर्न ।
- वर्षभरि अन्तर्राष्ट्रिय महत्वका क्रियाकलाप गर्न गराउन ।
- वृहत समुदायको संलग्नता गराउन ।
- विभिन्न स्रोतबाट मूल्याङ्कन गर्न, जसले तपाईको क्रियाकलाप र अन्तर्राष्ट्रिय कार्यक्रममा सुधार गर्न सहयोग गर्छ ।

### विद्यालयभरी अन्तर्राष्ट्रियताको पहिचान (Recognise internationalism throughout the school)

इन्टरनेशनल स्कूल अवार्डको लागि कार्य गर्ने प्रक्रियाले तपाईको विद्यालयभित्र सबै अन्तर्राष्ट्रिय सम्पर्कहरू र क्रियाकलापहरूलाई एकसाथ आकर्षित गर्न मद्दत गर्दछ । यसले विद्यालयहरूलाई अन्तर्राष्ट्रिय कार्यको नयाँ अवसर र उनीहरूको क्रियाकलाप अभिलेख गर्ने उपयोगी ढाँचा पनि प्रदान गर्छ । तपाईको अन्तर्राष्ट्रिय क्रियाकलापको लक्ष्य निर्धारण गर्न र प्रतिफलको विश्लेषण यसले तपाईलाई मद्दत गर्नेछ । इन्टरनेशनल स्कूल अवार्डले पाठ्क्रमका सबै विषयहरूमा र सबै उमेर समूहमा अन्तर्राष्ट्रियता समावेश गर्ने लक्ष्य राख्छ, जसले विद्यालयको सम्पूर्ण पाठ्यक्रमलाई समृद्ध बनाउँछ ।

### विश्वव्यापी सचेतना वृद्धि (Increase Global Awareness)

शिक्षक तथा विद्यार्थीहरूको विश्वव्यापी सचेतना बढाउनको लागि सबभन्दा राम्रो तरिका अन्य देशहरूमा रहेका समकक्षीसँगको सहकार्य विकासमा उनीहरुलाई मद्दत गर्नु हो । यो भन्दा अर्को राम्रो तरिका कुनै छैन । अनुभव, पृष्ठभूमि, संस्कृति, विचार, धारणा र अन्य सबै कुरा विद्यालय सम्पर्कबाट सोझै आदानप्रदान गर्नाले शिक्षक तथा विद्यार्थीहरूको ज्ञानको क्षेत्र विस्तार गर्न मद्दत गर्छ र उनीहरूको अन्तरसंस्कृति संवाद तथा बुझाइलाई बढाउँछ ।

## अन्तर्राष्ट्रिय मान्यता (International Accreditation)

इन्टरनेशनल स्कूल अवार्ड एक मान्यता योजना हो । यो प्रतिस्पर्धाको प्रक्रिया हैन । अन्तर्राष्ट्रिय स्कूल अवार्ड कतिवटा विद्यालयलाई प्रदान गर्ने वा गर्न सकिने भन्ने कुराको कुनै सीमा छैन । अन्तर्राष्ट्रिय महत्वका कार्य वा गतिविधिको एक निश्चित स्तरमा पुगेका कुनै पनि विद्यालयलाई इन्टरनेशनल स्कूल अवार्ड प्रदान गर्न सकिन्छ । इन्टरनेशनल स्कूल अवार्डको मान्यता प्राप्त विद्यालयहरूलाई उनीहरूको उच्च गुणस्तरीय अन्तर्राष्ट्रिय सम्पर्क तथा क्रियाकलापहरूको लागि च्याम्पियन दूतको रुपमा स्वीकार गरिन्छ ।

## पहिचान (Recognition)

जब कुनै विद्यालयले सफलतापूर्कक इन्टरनेशनल स्कूल अवार्डको मान्यता पाउँछ, यसले शिक्षक तथा विद्यार्थीमा उपलब्धिको दरिलो भावना उत्पन्न गर्छ । यसले उत्कृष्ट सार्वजनिक सम्बन्धका अवसरहरू र समाचारका माध्यमबाट चिनिने मौका पनि प्रदान गर्छ ।



# मेरो विद्यालयले कसरी इन्टरनेशनल स्कूल अवार्ड प्राप्त गर्छ (HOW DOES MY SCHOOL ACHIEVE THE INTERNATIONAL SCHOOL AWARD) ?

इन्टरनेशनल स्कूल अवार्ड मान्यता प्रक्रियाको क्रममा सर्वप्रथम तपाईले एक अग्रगामी कार्ययोजना पेश गर्नुपर्ने हुन्छ र पेश गरिएको योजनाअनुरुप वर्षभरी कार्यसम्पादन गर्नुपर्नेछ । त्यसपछि प्रमाणहरूको पोर्टफोलियो वा विवरण फाइल (dossier) पेश गर्नुपर्ने हुन्छ र एक वर्ष पूरा भएपछि प्रभाव मूल्याङ्कन फारम बुझाउनुपर्ने हुन्छ ।

## मापदण्डहरु (The Criteria)

- अन्तर्राष्ट्रिय संयोजक पहिचान, नियुक्ति वा पदको पुनरावलोकन गरिएको हुनुपर्ने ।
- अन्तर्राष्ट्रिय नीति लेखन, पुनरावलोकन वा ग्रहण गरिएको हुनुपर्ने ।
- पाठ्यक्रममा आधारित अन्तर्राष्ट्रिय महत्वका क्रियाकलापहरू भएको हुनुपर्ने ।
- मूलभूत सीपहरू समावेश गरिएको हुनुपर्ने ।
- क्रियाकलापबाट कम्तीमा एउटा दिगो विकास लक्ष्यमा सहयोग पुगेको हुनुपर्ने ।
- अधिकांश क्रियाकलाप सफल भएको हुनुपर्ने ।
- धेरैजसो विद्यार्थीहरू संलग्न रहेको हुनुपर्ने ।
- धेरैजसो विषयहरू समेटिएको हुनुपर्ने ।
- वर्षभरि नै क्रियाकलापहरू भएको हुनुपर्ने ।
- साझेदार विद्यालयहरूसँग सहकार्यमूलक कार्य गरिएको हुनुपर्ने ।

कुनै पनि विद्यालयले अवार्ड प्रक्रिया पूरा गर्नको लागि तलका चरणहरूको अवलम्बन गर्नुपर्नेछ :

१. **एकजना अन्तर्राष्ट्रिय संयोजक तोक्ने वा नियुक्त गर्ने** (Identify or appoint an international coordinator)
इन्टरनेशनल स्कूल अवार्डमा आवेदनको सम्पूर्ण जिम्मेवारी लिने कुनै एउटा व्यक्ति वा समिति विद्यालयमा रहने हामी अपेक्षा गर्छौं, जसले योजना गरिएका सबै कामहरू पूरा गरिने र सबै प्रमाणसहितको विवरण फाइल समयमै तयार गरी पेश गरिएको सुनिश्चित गर्नेछन् । अन्तर्राष्ट्रिय संयोजक कुनै पनि शिक्षक वा कर्मचारी सदस्य हुनसक्छन् जसले इन्टरनेशनल स्कूल अवार्डको योजनाका लागि लावेदन गर्ने जिम्मेवारी पाएको हुन्छ । तपाईको विद्यालयको प्रकृतिअनुरुप तपाईको अन्तर्राष्ट्रिय संयोजकको भूमिका वा कार्यविवरण फरक-फरक हुन्छन् । विद्यालयका लागि प्रयोग गर्नको लागि कार्यविवरणको केही नमुना ढाँचा यस पुस्तिकामा राखिएका छन्, तर पनि विद्यालयहरुले आफ्नो रुचि र आवश्यकता अनुसार छुट्टै स्वरुपमा कार्यविवरण ढाँचा तयार गर्न सक्छन् । संयोजकको भूमिका विद्यालय व्यवस्थापन वा प्रधानाध्यापकबाट अनुमोदन तथा हस्ताक्षर भएको हुनुपर्नेछ ।

२. **विद्यालयको अन्तर्राष्ट्रिय नीति लेख्ने, पुनरावलोकन गर्ने वा ग्रहण गर्ने** (Write, review or adopt an international policy)
विद्यालयको विशेषता वा नीतिमा अन्तर्राष्ट्रिय महत्वका कार्यहरू स्पष्ट समावेश भएको हुनुपर्नेछ । त्यसैले, इन्टरनेशनल स्कूल अवार्डको लागि आवेदन गर्न लागेको विद्यालयसँग पहिले नै लेखिएको वा लेख्ने कार्य भइरहेको वा पुनरावलोक भइरहेको समग्र विद्यालयको अन्तर्राष्ट्रिय नीतिको हामी अपेक्षा गर्दछौं । यसप्रकारको नीति विद्यालयको प्रकृतिअनुसार फरक-फरक हुन्छन् । अन्तर्राष्ट्रिय नीतिमा के-के कुराहरू रहन्छन् भन्ने कुराको जानकारी लिन विगतमा इन्टरनेशनल स्कूल अवार्ड प्राप्त गर्ने विद्यालयहरूबाट लेखिएको नीतिहरूको नमुना तपाईले अध्ययन गर्न सक्नुहुनेछ । ती नमुना नीतिहरु यस पुस्तिकामा संलग्न गरिएका छन् ।

विद्यालय व्यवस्थापनको प्रतिबद्धता र सहयोग लागि एक अन्तर्राष्ट्रिय नीति आवश्यक हुन्छ, जसमा प्रधानाध्यापकबाट हस्ताक्षर गरिनुपर्छ, वा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्छ । नीति हुनु भनेको सम्पूर्ण विद्यालयको अवधारणा र कार्य तरिका सुनिश्चित हुनु हो । प्रधानाध्यापकको हस्ताक्षर राखिँदा यसले सञ्जालको निर्माण गर्छ र अन्तर्राष्ट्रिय क्रियाकलाप र सम्पर्कको विकास गर्न सहयोग गर्छ ।

३. **विद्यालयमा गरिएका अन्तर्राष्ट्रिय कार्यको संपरीक्षण गर्ने** (Complete an audit of international work done at the school)
इन्टरनेशनल स्कूल अवार्डमा सहभागी हुने सबै विद्यालयहरूले उनीहरुको वर्तमान अन्तर्राष्ट्रिय गतिविधिको संपरीक्षण गर्नुपर्नेछ । विद्यालय अवार्ड प्रक्रियामा अघि बढ्दै जाँदा उनीहरूले आफ्नो संपरीक्षणको नतिजा अद्यावधिक गर्दै जानेछन् ।

४. **कार्ययोजना पेश गर्ने** (Submit an Action Plan)
यो दस्तावेज कार्यक्रम वर्षको प्रारम्भमा पेश गर्नुपर्नेछ - कार्ययोजना दस्तावेजले पूर्ण अवार्डको आवेदनको एक भागको रुपमा विद्यालयले गर्न चाहेको क्रियाकलापहरूबारे वर्णन गर्दछ । यस योजनालाई ब्रिटिश काउन्सिलको इन्टरनेशनल स्कूल अवार्ड टीमबाट अनुमोदन हुनुपर्नेछ ।

कार्ययोजनामा कम्तीमा सातवटा पाठ्यक्रममा आधारित अन्तर्राष्ट्रिय क्रियाकलापहरू रहनुपर्छ, जुन चालू पाठ्यक्रम वा शैक्षिक वर्षमा गरिनेछ । यीमध्ये एउटा क्रियाकलाप भाषासँग सम्बन्धित हुनुपर्नेछ । भाषा सिकाइ तब मात्र मान्य क्रियाकलाप बन्छ, जब बालबालिकाहरूले कुनै देश, यसको रितिरिवाज, भौगोलिक अवस्था वा संस्कृतिको बारेमा थाहा पाउँछन्, सिक्छन् र उनीहरूको आफ्नो देशसँग तुलना गरी समानता र फरकपन छुट्याउन सक्नेछन् । यो भाषा सिकाइमा मात्र सीमित हुनुहुँदैन । आवेदन फाराम पूरा गर्न कार्ययोजनाको क्रियाकलापहरूले मार्गदर्शनमा सूचीकृत गरिएको सबै सातवटा बुँदाहरू समेट्नुपर्नेछ ।

५. **क्रियाकलापहरूको कार्यान्वयन गर्ने** (Implement the Activities)
क्रियाकलापहरू योजना गरेअनुरुप (वा मूल योजनामा कुनै परिवर्तन भएको भए सोको रेकर्डअनुरुप) नै हुनेछन्,

क्रियाकलापहरूको अभिलेख राखिनेछन् र यस कार्यसँग सम्बन्धित सामग्रीहरू तयारी राखिनेछन् भन्ने कुराको सुनिश्चित विद्यालयहरुले गर्नुपर्नेछ ।

इन्टरनेशनल स्कूल अवार्ड प्राप्त गर्न विद्यालयहरूले एक विद्यालय वर्षभित्र कम्तीमा सात फरक अन्तर्राष्ट्रिय क्रियाकलापहरू पूरा गर्नुपर्ने अपेक्षा गरिन्छ । क्रियाकलापहरूलाई कसरी विभाजन गर्ने भन्ने कुरा विद्यालयहरूमाथि नै निर्भर रहन्छ, तर प्रत्येक क्रियाकलापले सम्भव भएसम्म फरक उमेर समूह र फरक विषयहरू संलग्न गर्दा राम्रो हुनेछ ।

विद्यालयहरूले उनीहरूको अन्तर्राष्ट्रिय क्रियाकलापहरू सोही क्रममा प्रस्तुत गर्नुपर्छ जुन पूरा गरिएको क्रियाकलापहरूको सारांश पुस्तिकामा राखिएको हुन्छ र प्रत्येक क्रियाकलापलाई समयक्रममा मिलाएर राख्नुपर्छ । प्रत्येक क्रियाकलापको छोटो विवरण र को-को संलग्न थिए भन्ने कुराको स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ । त्यसपछि तपाईले गरेको कार्यको केही प्रमाणहरू राख्नुपर्नेछ । उदाहरणको लागि, तपाईले विद्यालय विकास योजनाको कुनै अंश उल्लेख गर्न वा राख्न सक्नुहुनेछ । त्यसैगरी कार्यको चित्रहरू, इमेल, समाचारपत्रका काटिएका टुक्रा, विद्यार्थीहरूले पूरा गरेका कार्यको नमुनाहरू, प्रतिवेदन र बैठकको क्रमका अभिलेख गरिएका टिपोटहरूबाट पनि प्रमाणहरू हाल्न सकिनेछ ।

६. **तपाईको अन्तर्राष्ट्रिय कार्यको अभिलेख राख्नुहोस्** (Keep a record of your international work)
प्रमाणको विवरण फाइलमा राखिनुपर्ने विवरणहरू अर्को खण्डमा उल्लेख गरिनेछ ।

७. **प्रभाव मूल्याङ्कन फाराम पेश गर्ने** (Submit Impact Evaluation Form)
कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरू पूरा भएको छ भन्ने प्रमाणहरू विद्यालयले यसअन्तर्गत प्रस्तुत गर्नेछन् । क्रियाकलापहरूबाट विद्यालय, शिक्षाकर्मी, बालबालिका र स्थानीय वा अन्य राष्ट्रिय समुदायमा परेको प्रभावहरू बारेमा प्रमाणले चित्रण गर्नुपर्नेछ । साथै कुनै सम्बन्धित सिकाइ प्रतिफलहरू छन् भने त्यो पनि उल्लेख गर्नुपर्नेछ ।

## कृतज्ञता अभिव्यक्ति (Testimonials)

*"अन्तर्राष्ट्रिय आयाम शुरु भएदेखि विभिन्न देशहरूसँग समूहगत सहकार्यमार्फत विश्वव्यायी सवालहरू, संस्कृति, विविधता र भाषाका विषयमा वृहत्तर बुझाइ बढेको छ । इन्टरनेशनल स्कूल अवार्ड नेपालका हरेका सरकारी विद्यालयहरूमा पुग्नुपर्छ, यसमा सरकारको सहयोग पनि हुनुपर्छ । किनकि यसका फाइदाहरू धेरै नै रहेका छन् ।"*

**बेगबहादुर थापा, शिक्षक,**
**डोलभन्ज्याङ विद्यालय, धादिङ**

*"इन्टरनेशनल स्कूल अवार्डले हाम्रो जिल्लामा हाम्रो विद्यालयको पहिचान बढाएको छ र हिजोआज हाम्रो बालबालिकाहरू विद्यालय गएर सिक्न धेरै उत्सुक छन् । उनीहरूको बेलायतका साझेदार विद्यालयहरूबारे र ती विद्यालयबाट सिकेका कुराहरु उनीहरूले हामीलाई बताउँछन् । अभिभावकको रुपमा यो हाम्रो लागि पनि ज्ञानवर्द्धक कुरा हो र यस्ता ज्ञानको आदानप्रदानबाट हामीले पनि बेलायतको बारेमा सिक्दैछौं ।"*


**रामदत्त भट्टराई, विद्यालय व्यवस्थापन समिति सदस्य,**
**रामपुर उच्च माध्यमिक विद्यालय, डोटी**

*"अन्तर्राष्ट्रियताका कुराहरू समावेश गरेपछिको नवीन शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको संलग्नता अहिले सहजकर्ताको रुपमा धेरै छ र हाम्रो विद्यालयको पाठ्क्रममा कनेक्टिङ क्लासरुम आज एक अभिन्न अङ्ग बनेको छ । यहाँ सम्मान छ, अपनत्वको भावना छ र सिकाइप्रति सकरात्मक धारणा छ । विश्वव्यापी चिन्तन गर्ने तर स्थानीय अनुकरण गर्ने भन्ने प्रेरणाको कारणले साझा जिम्मेवारीहरू बढेका छन् ।"*

**निरोज महर्जन, प्राचार्य,**
**अनलज्योति बोर्डिङ स्कूल, काठमाडौं**



# प्रक्रियाको संक्षिप्त जानकारी (Overview of the process)




१. **प्रारम्भ गर्ने** (Getting Started)
इन्टरनेशनल स्कूल अवार्डमा आवेदन गर्ने अधिकांश विद्यालयहरूले उनीहरूको विद्यालय पाठ्यक्रममा अन्तर्राष्ट्रिय आयामहरू पहिले नै सामेल गरेको हुनसक्छ वा अन्तर्राष्ट्रिय विद्यालय साझेदारी पहिलेदेखि नै चलिरहेको हुनसक्छ। तपाईको विद्यालय अवार्डको लागि तयार छ भन्ने तपाईलाई लागेमा अभिरुचि अभिव्यक्ति पत्र पेश गर्नुहोस्। त्यसपछि तपाईको स्थानीय ब्रिटिश काउन्सिल अफिसले तपाईलाई इन्टरनेशनल स्कूल अवार्ड बारेको जानकारी कार्यशालामा सहभागी हुन आमन्त्रण गर्नेछ जहाँ अवार्डमा आवेदन गर्ने प्रक्रियाबारे बताइनेछ।

२. **योजना बनाउने** (Planning)
तपाईको अन्तर्राष्ट्रिय कार्यको लागि योजना बनाउँदा, पहिलो चरण भनेको तपाईको विद्यालयको अन्तर्राष्ट्रिय नीति वा रणनीतिको मस्यौदा तयार गर्ने वा अद्यावधिक गर्नु हो। यो एक सामान्य एक पृष्ठको दस्तावेज हो जसमा तपाईको विद्यालयले अन्तर्राष्ट्रिय कार्यबाट के-के उपलब्धि हासिल गर्ने लक्ष्य राखेको छ भन्ने कुरा उल्लेख भएको हुन्छ। अर्को चरण भनेको एउटा अन्तर्राष्ट्रिय संयोजक भूमिका विवरण लेख्नु हो। यो तपाईको विद्यालयभित्रको त्यो व्यक्तिको जिम्मेवारीहरूको सूची हो जसले अन्तर्राष्ट्रिय कार्यको लागि नेतृत्व र समन्वय गर्दछ।

अब तपाईले विद्यालयमा गरिएका वर्तमान वा विद्यमान अन्तर्राष्ट्रिय क्रियाकलापहरूको संपरीक्षण कार्य गर्नुपर्छ। प्रारम्भिक चरणहरूमा तपाईको विद्यालयको पहिलेदेखि नै अन्तर्राष्ट्रिय गतिविधिहरूको अभ्यासको मापन गर्नु र सरसर्ती हेर्नु महत्वपूर्ण हुन्छ। तपाई इन्टरनेशनल स्कूल अवार्डमा अघि बढ्दै जाँदा संपरीक्षणको नतिजा विश्लेषण तथा मूल्याङ्कन गर्नाले तपाईको विद्यालयको उद्देश्यहरू निर्धारण गर्न सहज हुन्छ र यसले पूरै विद्यालयको योजना वा अन्तर्राष्ट्रिय नीतिलाई परिपोषण गर्छ।

अब तपाई आफ्नो कार्ययोजना पूरा गर्न तयार हुनुहुन्छ। तपाईले वर्षभरिमा पूरा गर्ने लक्ष्य राखेको अन्तर ष्ट्रिय क्रियाकलापहरूलाई कार्ययोजनाले उल्लेख गरेको हुन्छ। यसमा क्रियाकलापका विषयहरू र उमेर समूह समेटिएका हुन्छन्, खास क्रियाकलापहरू राखिएका हुन्छन्, र यी क्रियाकलापबाट तपाईले प्राप्त गर्न चाहेको उद्देश्य र सफलता मूल्याङ्कन कसरी गर्नुहुन्छ भन्ने कुराहरू पनि उल्लेख गरिएका हुन्छन्।

२. **प्रमाण सङ्कलन तथा प्रभाव मूल्याङ्कन फाराम पेश गर्ने** (Gathering evidence and submission of Impact Evaluation Form)
वर्षभरिको समय अवधिमा तपाईको विद्यालयले कार्ययोजनामा उल्लेख गरिएका विभिन्न क्रियाकलापहरूमा काम गर्नेछ। प्रत्येक क्रियाकलाप पूरा हुँदै जाँदा तपाईले प्रमाणहरू पनि सङ्कलन गर्दै जानुहुनेछ, उदाहरणको लागि विद्यार्थीहरूले पूरा गरेका कार्यको प्रतिहरू, प्रदर्शनीका फोटोहरू र विद्यार्थी, शिक्षक तथा अन्यबाट मूल्याङ्कन फारामहरू सङ्कलन गर्नुहुनेछ, जसले क्रियाकलापबाट के-कस्ता कुराहरु सिकियो भन्ने कुरा वर्णन गरेको हुन्छ। यी अभिलेखहरूलाई प्रमाणहरूको विवरण फाइलमा एकसाथ राखिन्छ। उक्त फाइल तपाईको विद्यालयमा राखिन्छ र यसले तपाईको प्रभाव मूल्याङ्कन फाराम पूरा गर्न तपाईलाई सहयोग गर्नेछ। तपाईले पूरा गरेको प्रमाणहरूको विवरण फाइल र प्रभाव मूल्याङ्कन फाराम ती अभिलेख हुन् जसलाई मूल्याङ्कनकर्ताहरूको समूहबाट पुनरावलोकन गरिन्छ र तपाईको विद्यालय अवार्डबाट मान्यता प्राप्त गर्न योग्य छ वा छैन निर्णय गरिन्छ।

३. **मूल्याङ्कन** (Assessment)
प्रभाव मूल्याङ्कन फारामहरू सम्बन्धित देशका मूल्याङ्कनकर्ताहरूको समूहबाट मूल्याङ्कन गरिनेछ। यस मूल्याङ्कन समूहमा शिक्षा मन्त्रालयका प्रतिनिधिहरू, ब्रिटिश काउन्सिलका कर्मचारी र अनुभवी शिक्षाकर्मीहरू हुनेछन्। त्यसपछि मूल्याङ्कन गरिएका फारामहरू गोलाप्रथाबाट छनौट गरी क्षेत्रीय मूल्यांकन समूहमा पेश गरिनेछ जसले उक्त क्षेत्रभरको मूल्याङ्कनको एकरुपताको अनुगमन गर्दछ। अवार्डको लागि मापदण्ड पूरा भएका र अन्तर्राष्ट्रिय महत्वका कार्यको आवश्यक गुणस्तर प्रस्तुत गरेका विद्यालयहरूलाई उनीहरूको अवार्ड सफलताबारे सूचित गरिनेछ र अवार्ड समारोहमा भाग लिन आमन्त्रण गरिनेछ। यस इन्टरनेशनल स्कूल अवार्ड तीन वर्षसम्म मान्य रहनेछ।

## प्रमुख मितिहरु (Key dates)

इन्टरनेशनल स्कूल अवार्ड वार्षिक रुपमा सञ्चालन हुन्छ। यसको प्रक्रिया तलका समय तलिकाअनुसार हुने गर्दछ। तलिकामा समय, विद्यालयहरूको उपलब्धता र अनपेक्षित परिस्थितिहरूको कारण केही हेरफेर पनि हुनसक्छ, र यसो भएमा स्थानीय ब्रिटिश काउन्सिलको इन्टरनेशनल स्कूल अवार्ड टीमबाट यसबारे अगावै सूचित गराइनेछ।

**मे/जुन (जेष्ठ)**
ब्रिटिश काउन्सिलको अवार्ड बारेको जानकारी कार्यशाला

**मे/जुन/जुलाई (जेष्ठ/असार)**
कार्ययोजना पेश गर्ने समयसीमा

**मे/जुन/जुलाई (जेष्ठ/असार)**
कार्ययोजनाको पुनरावलोकन, ब्रिटिश काउन्सिलद्वारा पृष्ठपोषण प्रदान

**नोभेम्बर (मंसीर)**
पहिलो मध्यावधि वर्ष समीक्षा

**मार्च/अप्रिल (चैत्र/वैशाख)**
दोस्रो मध्यावधि वर्ष समीक्षा

**३१ मे/३० जुन/३१ जुलाइ (जेठ १५/असार १५/साउन १५) (कार्ययोजनाको स्वीकृति मितिको आधारमा अर्को वर्ष)**
प्रमाणहरूको विवरण फाइल पेश गर्ने समयसीमा

**जुन/जुलाइ/अगस्ट (असार/साउन/भदौ)**
फाइलको मूल्याङ्कन तथा विद्यालय भ्रमण

**सेप्टेम्बर (असोज)**
अवार्ड समारोह।

माथिको मितिबाहेक, ब्रिटिश काउन्सिलद्वारा विद्यालय नेतृत्वबाट एकजना र अन्तर्राष्ट्रिय संयोजकलाई पेशागत विकास तालिमको अवसर प्रदान गरिनेछ। सबै कार्ययोजनाहरू स्वीकृत भइसकेपछि कार्यशालाको मिति सञ्चार गरिनेछ।



# अन्तर्राष्ट्रिय क्रियाकलापहरु – अनिवार्य गर्नुपर्ने कुराहरु
(International Activities - Mandatory requirements)

१. **पाठ्यक्रममा आधारित क्रियाकलापहरू** (Curriculum-based Activities)
अन्तर्राष्ट्रिय महत्वका परियोजनाहरू वास्तविक कक्षाकोठा क्रियाकलापको अभिन्न अङ्ग बन्नुपर्छ जुन राष्ट्रिय वा स्थानीय पाठ्क्रमसँग सम्बन्धित हुन्छ र सामान्य पाठ समयमा सञ्चालित हुनुपर्छ वा गरिनुपर्छ। दिउँसो खाजाको समयमा समयमा वा विद्यालयको समयपछि गरिएको परियोजना वा क्लबको आयोजना समान्यतया विचारको लागि योग्य हुँदैन, जबसम्म ती पाठ्यक्रममा आधारित कामसँग स्पष्टरुपमा सम्बन्धित हुँदैनन्।

२. **साझेदार विद्यालयहरूसँग सहकार्यमूलक कार्य** (Collaborative works with partner schools)
कम्तीमा तीनवटा क्रियाकलापहरू कुनै एक अन्तर्राष्ट्रिय साझेदार देशको विद्यार्थीहरू तथा शिक्षकहरूबीचको सहकार्यमा आधारित हुनपर्छ र अर्को एउटा सम्बन्धित देशभित्रको सार्वजनिक/निजी साझेदार विद्यालयबीच हुनु पर्दछ। अन्तर्राष्ट्रिय साझेदारसँगको तीनवटा क्रियाकलापलाई एउटै विद्यालयसँग पूरा गर्न सकिनेछ, वा विश्वभरका विभिन्न विद्यालयहरूसँग पूरा गर्न सकिनेछ। प्रत्येक गतिविधिमा अन्तर्राष्ट्रिय महत्वको विषय हुनुपर्छ, यसको सामाग्रीहरूलाई राष्ट्रिय वा स्थानीय पाठ्यक्रमभित्र सामेल गरिनुपर्छ र यसले शैक्षिक नतिजाको सुधारमा योगदान गर्नुपर्छ। सहकार्यमूलक कार्यको सन्दर्भमा के-के स्वीकार्य हुन्छन् भन्ने कुरामा तलको तालिकाले थप स्पष्ट बताउँछ।

| क्रियाकलापहरू, जस्तै.... | स्वीकार्य हुनेछ, यदि.... | स्वीकार्य हुनेछैन, जब... |
|---|---|---|
| भ्रमण तथा यात्रा (गैर-पारस्परिक) | ती वास्तविक पाठ्यक्रम कार्यको भाग हुन्छन् (हेर्नुहोस् १) र बालबालिकाहरूले साझेदार विद्यालयका साथीहरूलाई भ्रमण अघि र पछि इमेल र पत्रमार्फत् सांस्कृतिक जानकारी आदानप्रदान गरेका छन्। | पाठ्यक्रमअन्तर्गतका कार्यको भागको रुपमा बालबालिकाहरूले जानकारी आदानप्रदान गरेको प्रमाण हुँदैन। |
| कोष जुटाउने तथा प्रायोजन गर्ने | विदेशका विद्यालयसँग बालबालिकाहरू नियमित सम्पर्कमा छन्, र आदानप्रदान गरिएका जानकारीको विषयवस्तुले पाठ्यक्रममा सकरात्मक प्रभाव पारेको छ। कोष जुटाउने कार्य मात्र उपयुक्त क्रियाकलाप हैन। | पाठ्यक्रमअन्तर्गतका कार्यको भागको रुपमा बालबालिकाहरूले जानकारी आदानप्रदान गरेको प्रमाण हुँदैन। |
| आदानप्रदान तथा कार्य अनुभव | आदानप्रदान भन्दा पहिले र पछि पाठ्यक्रम कार्यको भागको रुपमा बालबालिकाहरूले साझेदार विद्यालयमा आफ्नो साथीहरूसँग इमेल र पत्रमार्फत् जानकारीहरू आदानप्रदान गरेका छन्। | पाठ्यक्रमअन्तर्गतका कार्यको भागको रुपमा बालबालिकाहरूले जानकारी आदानप्रदान गरेको प्रमाण हुँदैन। |
| विद्यालय-विद्यालयबीचको परियोजना | एक विश्व नागरिकको दृष्टिकोणबाट विश्वलाई बुझ्न उत्कृष्ट शिक्षण अभ्यास वा समुन्नत प्रतिफलमार्फत् यस क्रियाकलापको बालबालिका र शिक्षाकर्मीहरूमाथि परेको सकरात्मक प्रभावलाई यसले चित्रण गर्दछ। | चिन्तनशील सिकाइ हुँदैन वा व्यक्ति, कक्षाकोठा, विद्यालय वा समुदायस्तरमा यस क्षेत्रसँग सम्बन्धित व्यवहार, ज्ञान वा यसको नतिजामा परिवर्तनको प्रमाण देखिँदैन। |

**भ्रमण तथा यात्राबारेमा जानकारी**

**सम्बन्धित देशभित्रको भ्रमण**
कुनै यात्रा वा भ्रमण आफैमा मात्र क्रियाकलाप हुँदैन, जबसम्म यो कुनै पाठ्यक्रममा आधारित परियोजनाको अतिरिक्त क्रियाकलापको रुपमा रहँदैन। (उदाहरणको लागि, धार्मिक स्थलको यात्रा आस्थाको लागि मात्र भएमा गणना हुँदैन, तर विश्वको धर्मसम्बन्धी दीर्घकालीन परियोजना वा अध्ययनको भागको रुपमा भएमा यसलाई पक्कै पनि क्रियाकलापमा संलग्न गरिनुपर्छ)।

**विदेश भ्रमण**
पिकनिक, प्रदर्शनी स्थल भ्रमण, खेलकूद तथा अन्य अतिरिक्त शैक्षिक गतिविधि भ्रमण, जसको पाठमाथि कुनै सकरात्मक प्रभाव पर्दैन भने पाठ्यक्रममा आधारित अन्तर्राष्ट्रिय क्रियाकलापको रुपमा स्वीकार्य हुँदैन।

३. **दिगो विकास लक्ष्यहरू** (Sustainable Development Goals)
विश्वबाट गरिबी अन्त्य गर्न, हाम्रो पृथ्वीको रक्षा गर्न र सबैको समृद्धि सुनिश्चित गर्न सन् २०१५ सेप्टेम्बर २५ का दिन विश्वका मुलुकहरूले हस्ताक्षर गरी ग्रहण गरेका विश्वव्यापी दिगो विकास लक्ष्यहरूमा बालबालिका तथा शिक्षाकर्मीहरूले जानकारी तथा सचेतना निर्माण गर्छन्।

- विद्यालयहरूले त्यस्ता क्रियाकलाप गर्नेछन् जसले बालबालिकाहरूलाई दिगो विकास लक्ष्यहरूबारे जानकारी दिन्छ।
- तपाईको गतिविधिले बालबालिकाहरूलाई दिगो विकास लक्ष्यप्रति सचेत हुन प्रोत्साहित गर्नुपर्छ।
- विश्व सिकाइको प्रतिफल प्राप्त गर्ने साधानको रुपमा दिगो विकास लक्ष्यहरुलाई हरेक गतिविधिमा अनिवार्य समावेश गरिनुपर्छ। तपाईको कार्ययोजनामा कम्तीमा पनि ७ वटा दिगो विकास लक्ष्यहरूको सम्बोधन गरिनुपर्छ (थप विवरण तलको मार्गदर्शन खण्डमा उपलब्ध छ)।

४. **निरन्तर पेशागत विकास** (Continious Professional Development)
साझेदार विद्यालयहरूसँग सम्बन्धहरु निर्माण र यी कुरामा समलोचनात्मक चिन्तनसँगसँगै शिक्षाकर्मीहरूले विद्यालयदेखि विद्यालयसम्मका क्रियाकलापहरूको रुपरेखा बनाउनुपर्छ, जसले सहकार्यमूलक साझेदारी कार्य वा उनीहरूले शैक्षणिक विधि वा कक्षाकोठा व्यवस्थापनमा गरेको परिमार्जित रुपान्तरणको परिणामस्वरुप उनीहरूको शिक्षण अभ्यासमा देखिएको परिवर्तनको चित्रण गर्दछ।

५. **अधिकांश पाठ्यक्रम विषय समावेश** (Majority of curricular subjects involved)
सम्बन्धित वर्षको अवधिभरमा अन्तराष्ट्रिय क्रियाकलापअन्तर्गत विभिन्न वृहत विषयहरू समावेश गरिनुपर्छ। उदाहरणको लागि, कनै पनि विदेशी भाषाको सिकाइ स्वयंसेवी वा अनुशिक्षकमार्फत् भाषा सीप सिकाइमा मात्र केन्द्रित रहन्छ भने अन्तर्राष्ट्रिय क्रियाकलाप हुँदैन। भाषा सिकाइ तब मात्र मान्य क्रियाकलाप बन्दछ, जब बालबालिकाहरूले कुनै देश, त्यसको रितिरिवाज, भौगोलिक अवस्था वा संस्कृतिको बारेमा सिक्छन्, थाहा पाउँछन् र उनीहरूको आफ्नो देशसँग तुलना गरी समानता र फरकपन छुट्याउन सक्नेछन्। यसलाई प्रमाणहरूको विवरण फाइलमा स्पष्टरुपमा देखाइनुपर्छ।

६. **बहुसंख्यक विद्यार्थीको संलग्नता** (Majority of pupils involved)
क्रियाकलापहरूले विद्यालयका बहुसंख्यक बालबालिकालाई यी तीन क्रियाकलापहरुमा वृहतरुपमा संलग्न गर्नुपर्छ (कम्तीमा ७५ प्रतिशत)। भ्रमणमा रहेका विद्यार्थीहरूको सानो समूहलाई ती क्रियाकलापका अतिरिक्तको रुपमा मात्र विचार गर्न सकिनेछ। सम्पूर्ण विद्यालय क्रियाकलापहरूले विद्यालयको केन्द्रमा विश्व नागरिक तथा सचेतनाका विषयलाई राख्ने विद्यालयको नेतृत्वलाई चित्रण गर्नुपर्छ।

७. **वर्षभरिको क्रियाकलाप** (Year-round activity)
अन्तर्राष्ट्रिय क्रियाकलापहरू वर्षैभरि गरिनुपर्छ, जहाँ केही क्रियाकलापहरू प्रत्येक त्रैमासिक वा चौमासिक सत्रमा सञ्चालन गर्नुपर्ने हुन्छ। तर सबै क्रियाकलापहरू एकहप्ताको अवधिमा मात्र वा कुनै खास अवधिमा मात्र केन्द्रित गरिने कुरा स्वीकार्य हुँदैन।

# अन्तर्राष्ट्रिय क्रियाकलापको लागि विचारयोग्य कुराहरू (IDEAS FOR INTERNATIONAL ACTIVITIES)

यहाँ अन्तर्राष्ट्रिय क्रियाकलापका प्रकारहरूको केही व्यवहारिक उदाहरणहरू छन् जसलाई तपाईले आयोजना गरी आफ्नो विवरण फाइलमा अभिलेख गर्न सक्नुहुन्छ। विभिन्न विषय क्षेत्रहरूमा विद्यार्थीसँग गर्न सकिने धेरै प्रकारका गतिविधिहरू छन् जसले साझेदारीमा रहेका सम्पूर्ण विद्यालय समुदायलाई संलग्न गर्न मद्दत गर्नेछ।

## पहिलो प्रभाव वा छाप (First impression)

- तपाईको साझेदार विद्यालयको देशबारे तपाईको कति विद्यार्थीहरूलाई थाहा छ पत्ता लगाउनुहोस्। उनीहरूलाई थाहा भएको हरेक कुरामा मष्तिष्क मन्थन गर्न लगाएर तपाईले यो कार्य गर्न सक्नुहुनेछ - उनीहरूलाई चित्र कोर्न वा कविता लेख्न भन्नुहोस्।
- विद्यार्थीहरूले समाचारपत्र लेखहरू सङ्कलन गर्न एकहप्ता समय खर्चन सक्छन् र यसलाई एकैठाउँमा जोडेर राखी पुस्तकको रुपमा विकास गर्न सक्छन् (यदि उनीहरूले कुनै लेख पाउन सकेनन् भने त्यो देशको बारेमा यसले उनीहरूलाई के बताउनेछ ?) उनीहरूले यस देशबारे कसरी थाहा पाउन सक्नेछन्, उनीहरूले थाहा पाउन के गर्न सक्नेछन् भन्ने बारेमा बालबालिकाहरूसँग छलफल गर्नुहोस्।
- यस सामग्रीलाई प्रारम्भिक जानकारीको रुपमा प्रयोग गर्नुहोस्, जब तपाईले कति विद्यार्थीहरूको धारणा वा दृष्टिकोण परियोजना अवधिमा परिवर्तन भएको छ भन्ने कुराको मूल्याङ्कन गर्नुहुनेछ।

## परिचय (Introduction)

- तपाईका विद्यार्थीहरुले आफ्नो समुदायको मानिसहरूलाई कसरी अभिवादन गर्छन्, र उनीहरूको साझेदार विद्यालयका विद्यार्थीहरूसमक्ष आफूलाई कसरी परिचित गराउँछन् त्यसको लागि तरिकाहरु बारेमा उनीहरुलाई सोच्न भन्नुहोस्।
- विद्यार्थीहरूले कार्ड पठाउन, (वास्तविक वा भर्चुअल अर्थात् विद्युतीय माध्यमबाट ), इमेल वा फोटो पठाउन, पत्र लेख्न, वा उनीहरूको स्थानीय क्षेत्रको पोष्टकार्डहरू पठाउन चाहन सक्छन्।
- विद्यार्थीहरूलाई उनीहरूको देशको बारेमा केही कुरा सोच्न भन्नुहोस्, जुन अन्य देशका मानिसहरूलाई थाहा छैन वा गलत बुझेका छन् भन्ने उनीहरूलाई लाग्छ। साझेदार विद्यालयका विद्यार्थीहरूलाई यसबारे उनीहरूले कसरी बताउन वा व्याख्या गर्न सक्छन् भन्ने तरिकाबारे उनीहरूलाई सोच्न भन्नुहोस्।
- विद्यार्थीहरूलाई उनीहरुको देश के कुराको लागि प्रख्यात छ भन्ने कुरा खोजी गर्न भन्नुहोस् - प्रसिद्ध व्यक्तिहरू, युनेस्कोमा सूचीकृत सम्पदाहरू, प्रसिद्ध पर्यटकीय स्थलहरू आदि।

विद्यार्थीहरूले उनीहरूको विद्यालयभित्र आयोजना गरेको अन्तर र्ाष्ट्रिय क्रियाकलापका प्रकारहरूको यहाँ केही उदाहरणहरू छन् :

- विविध चाडपर्वहरू।
- भाषा सचेतना परियोजनाहरू।
- तपाईको विद्यालयका सांस्कृतिक सम्पदा।
- अन्तर्राष्ट्रिय खानाका परिकार तथा पोषणको अध्ययन।
- खाना बनाउने तरिका सिकाउने पुस्तक डिजाइन गर्ने तथा पकाउने विधिहरु आदानप्रदान गर्ने।
- तपाईको गृहनगरको समानता र फरकपनको तुलना।
- एउटा अन्तर्राष्ट्रिय समाचार लेखन।
- विदेशको पर्यटन, वास्तुकला, व्यापार तथा उद्योग, सञ्चार तथा चित्रकलाको खोजअध्ययन।
- अन्तर्राष्ट्रिय कविता, नाटक, संगीत, जीव तथा वनस्पतिको अध्ययन
- बालबालिकाहरूको राष्ट्रसंघीय अधिकारहरूको अध्ययन अनुसन्धान।
- अन्तर्राष्ट्रिय डिस्प्ले बोर्ड निर्माण गर्ने।
- विश्वभरका रितिरिवाजहरूको अध्ययन गर्ने।
- बेलायतमा सन् २०१२ मा भएको ओलम्पिक खेलकूद तथा अन्तर्राष्ट्रिय खेलकूद।
- एसेम्बली विद्यालय भेलाको समयमा वा कार्यक्रमहरुमा लोककथा तथा लोकगीत।
- विश्वमा भएका सामग्री तथा लुगाहरू।

## ७-११ वर्ष उमेरका विद्यार्थीहरूको लागि अन्तर-पाठ्यक्रम क्रियाकलापहरूको उदाहरणहरु

### समाचारमा (In the news)

- **विषयहरू : भाषा (अंग्रेजी/नेपाली), सामाजिक अध्ययन (नागरिक बोध वा भावना)**
  दुवै विद्यालयका बालबालिकाहरूले कुनै पनि प्रकारका सामाजिक सवालहरूसँग सम्बन्धित विषयहरूको पहिचान गर्नेछन्। त्यसपछि उनीहरूले कुनै निश्चित समय अवधिसम्म यस सवालहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार पत्रहरूमा हेर्नेछन्। बालबालिकाको समूहबीच हुने पछिको छलफलबाट उनीहरूको आफ्नै प्रतिवेदन तयार गर्न खोज अध्ययन शुरु गर्न सक्नेछन्। यस प्रतिवेदनहरूलाई साझेदार विद्यालयसँग आदानप्रदान गरी विद्यार्थीहरूले यस सवालको परीक्षण गर्नेछन् - उनीहरू कसरी प्रतिनिधित्व भएका छन् र ती ठाउँ तथा मानिसहरूबारे ती कुराहरूले उनीहरुलाई के बताउनेछन् भन्ने कुरा हेर्नेछन्। विश्वव्यपापी सवालहरूमा (जलवायु परिवर्तन, बाल अधिकार, युद्ध तथा शान्ति आदि) प्रतिवेदन तयार गर्न बालबालिकाहरूले एकआपसमा सहकार्य गर्नेछन्।

### विश्व कथापुस्तक (World storybook)

- **विषयहरू : नैतिक शिक्षा, अंग्रेजी, सामाजिक शिक्षा**
  यस परियोजनामा बालबालिकाहरूले कथा र चित्रहरू भएको एउटा विश्व कथापुस्तक तयार गर्नेछन् जसले विभिन्न संस्कृति तथा समुदायहरूको खोजी तथा अन्वेषण गरेको हुनेछ। उनीहरूले विदेशमा रहेका विद्यालयसँग सहकार्य गरी संयुक्तरुपमा कथा सिर्जना गर्नेछन्, जसले दुवै संस्कृतिलाई उल्लेख गरेको हुन्छ।

### हामीले किनमेल गर्ने उत्पादनहरूको जीवन कथा (Life story of the product we shop)

- **विषयहरू : विज्ञान, गणित, सामाजिक शिक्षा**
  यस परियोजनामा बालबालिकाहरूले किनमेल गरिएको सामानहरूको बट्टामा ती सामानहरूको उत्पति बारेको

जानकारी खोजी गर्नेछन् । कच्चा पदार्थहरू कसरी प्रशोधन गरिन्छन् र विभिन्न उत्पादनहरू कहाँबाट आएका हुन् भन्नेसम्बन्धमा ती उत्पादनहरुको जीवन कथा खोजी गर्नेछन् । उनीहरूले साझेदार विद्यालयहरूसँग किनमेल सामानहरूको सूचीको तुलना गर्नसक्नेछन् र जीवन कथा आदानप्रदान गर्नसक्नेछन् ।

### शब्दहरूको रमाइलो खेल (Word fun)

- **विषयहरू : अंग्रेजी, नेपाली**
  उपयोगी र महत्वपूर्ण शब्दहरूबारे सोच्दै ती शब्दहरुलाई बालबालिकाहरूले संकेत वा हाउभावले देखाउनेछन् वा अर्को भाषामा गीत वा कविता गाउनेछन् । उनीहरूले ध्वनि सिक्नेछन् र नयाँ भाषाको लिखित स्वरुपसँग परिचित हुनेछन् । उनीहरूले चित्र शब्दकोष तयार गर्न विदेशको विद्यालयसँग सहकार्य गर्नेछन्, जसलाई दुवै देशका कक्षाहरूले प्रयोग गर्न सक्नेछन्, उनीहरूले गीत तथा डान्स कन्सर्टमा पनि सहकार्य गर्नेछन् ।

### मेरो बानीहरू (My habits)

- **विषयहरू : सामाजिक शिक्षा, सिर्जनशील कला, भाषा**
  कक्षाका अन्य साथीहरूले र पुरानो पुस्ताहरूले अवलम्बन गरेका बानीहरूको बालबालिकाहरुले सर्भेक्षण गर्नेछन् । उनीहरूले आफ्नो खोजको अभिलेख राख्नेछन् र साझेदार विद्यालयसँग जानकारी आदानप्रदान गर्नेछन् । शिक्षकहरूले समान रुचि भएका विद्यार्थीहरूलाई मिलाएर राख्नेछन्, उनीहरूको साझा बानीहरूको विकासमा अनुसन्धान गराउनेछन् र पोष्टर वा वेव पेजहरू बनाउन लगाउनेछन् ।

### जैविक विविधता (Biodiversity)

- **विषयहरू : विज्ञान, सामाजिक शिक्षा**
  दुवै विद्यालयका बालबालिकाहरूले उनीहरूको समुदाय वा देशमा पाइने विभिन्न जीव तथा वनस्पतिको खोजी वा अन्वेषण गर्नेछन् र ती कुराहरूको जानकारी समेटिनेगरी एक सानो परियोजनाको बनाउनेछन् । परियोजनाको प्रतिवेदनलाई साझेदार विद्यालयसँग आदानप्रदान गर्न सकिनेछ र विद्यार्थीहरूले एकअर्काको प्रतिवेदनमाथि भिडियो कन्फेरेन्स वा समाजिक सञ्जाालमा पृष्ठपोषणसहित छलफल गर्नेछन् ।

### मुद्रा तथा यसको मूल्य (Currency and its value)

- **विषयहरू : गणित, सिर्जनशील कला, सामाजिक शिक्षा**
  बालबालिकाहरूले उनीहरूको देशमा प्रयोग हुने विभिन्न बैंक नोटहरूको चित्र सङ्कलन गर्नेछन् र मुद्रामा भएका संकेतहरूबारे व्यख्या गर्दै एउटा चित्र पुस्तक (scrap book) तयार गर्नेछन् । उक्त पुस्तक साझेदार विद्यालयका विद्यार्थीहरूसँग साझा वा आदानप्रदान गरिनेछ । त्यसैगरी, विनिमय दरका आधारमा दुवै देशका मुद्राको मूल्य गणना गर्न उनीहरूले सहकार्य गर्नेछन् ।

### मेरो झ्यालबाट देखिने दृष्य (View from my window)

- **विषयहरू : सिर्जनशील कला, सामाजिक शिक्षा, भाषा**
  बालबालिकाहरूले फोटो खिच्नेछन् र उनीहरूले खिचेको दृष्यको वर्णन लेख्नेछन् । उनीहरूले साझेदार विद्यालयसँग फोटो वा दृष्यबारे लिखित वर्णन (फोटो हैन) आदानप्रदान गर्नेछन् । विद्यार्थीहरुले उनीहरूको साझेदार विद्यार्थीहरुले पठाएको शब्द-चित्रको कलात्मक प्रस्तुति सिर्जना गर्नेछन् । उनीहरूले पछि साझेदारको फोटोहरूसँग भिडाएर आफ्नो कला कार्यको तुलना गरेर हेर्नेछन्, र साहित्यिक तथा दृष्य, वातावरणीय तथा समाजिक तुलना गर्नेछन् ।

### बाकसमा संस्कृति (Culture in a box)

- **विषयहरू : सामाजिक शिक्षा, सिर्जनशील कला, नैतिक शिक्षा**
  दुवै विद्यालयका विद्यार्थीहरूले विभिन्न सिम्बोल वा प्रतीकहरु सङ्कलन गर्न सक्छन् जसले उनीहरूको देशको संस्कृतिको प्रतिनिधित्व गर्छ । दुवै विद्यालयका विद्यार्थीहरूले उनीहरूको संस्कृतिलाई प्रतिनिधित्व गर्ने मुर्ति (आइडल), चित्र, वास्तुकला, चित्रकला र हस्तकलाका सामग्रीहरू बनाउनेछन् र यसलाई बाकसमा हालेर साझेदार देशमा कुरियर गरेर वा हुलाकबाट पठाउनेछन् ।

  बालबालिकाहरूले एकअर्काबाट बाकसहरू प्राप्त गरिसकेपछि प्रश्नहरू तयार गर्न सक्नेछन् । त्यसपछि अनलाइन हाजिरीजवाफ (क्वीज) वा भिडियो कन्फेरेन्स गरी प्रयोग भएका प्रतीक वा सिम्बोलहरुबारे एकअर्कालाई व्याख्या गर्नेछन् र त्यसपछि प्रतिवेदन तयार गर्नेछन् ।

## ११-१८ वर्ष उमेरका विद्यार्थीहरूको लागि अन्तर-पाठ्यक्रम क्रियाकलापहरूको उदाहरणहरु

### किनकि म एक केटी हुँ (Because I am a girl)

- **विषयहरू : नैतिक शिक्षा, सामाजिक शिक्षा**
  यसले विद्यार्थीहरूलाई समाजमा केटीहरूको भूमिकाबारे खोजी तथा परीक्षण गर्न र विश्वमा केटीहरू तथा केटाहरूको अनुभव र अपेक्षाहरूबीचको फरकहरू पहिचान गर्न प्रोत्साहित गर्नेछ । प्लान इन्टरनेशनलद्वारा सन् २००७ मा प्रकाशित किनकि म एक केटी हुँ : विश्वका केटीहरूको अवस्था, २००७ प्रतिवेदनलाई साथ दिनेछ वा पूरकको रुपमा यसले कार्य गर्नेछ । पाठ योजना पाठ्यक्रमको लिंकहरू र फोटोकपी गर्न सकिने क्रियाकलाप पुस्तिकाको साथमा आउनेछ । त्यहाँ पूरक फोटो, भिडियो र अडियो सामग्रीहरू छन् ।

### मेरो देशको जलवायु क्षेत्र (My climatic zone)

- **विषयहरू : विज्ञान, सामाजिक शिक्षा**
  यस परियोजनाले विद्यार्थीहरूलाई विविध जलवायु क्षेत्रहरू बारेको जानकारी प्राप्त गर्न सहयोग गर्छ । बालबालिकाहरूले साझेदार विद्यालय रहेका देशहरूको जलवायु क्षेत्रमा मौसम चक्र, जीव तथा वनस्पतिको बासस्थान लगायत जलवायु क्षेत्रको खोजी अन्वेषण गर्नेछन् । त्यपछिको खोजी अन्वेषणमा उनीहरूले माध्यमिक वा दोस्रो तथ्यांक प्रयोग गरी प्रतिवेदन तयार गर्न सक्नेछन् । प्रतिवेदन तयार भएपछि विद्यार्थीहरूले एकअर्कासँग भिडियो कन्फेरेन्स गरी उनीहरूको खोज नतिजा र वास्तविक परिदृष्यबारे छलफल गर्न सक्नेछन् ।

### चारै तिर पानी-पानी, पिउनको लागि थोपो नहुने (Water water everywhere, not a drop to drink)

- **विषयहरू : विज्ञान, वातावरण तथा जनस्वास्थ्य, गणित, समाजिक शिक्षा**
  यस परियोजनाअन्तर्गत विद्यार्थीहरूले आफ्नो देश र वृहत विश्वमा पानीको अभाव वा कमीबाट परेको नकरात्मक प्रभावलाई हेर्नेछ । पानीको अभावले उनीहरूमाथि व्यक्तिगतरुपमा र समग्र विश्वमा पर्ने प्रभाव विद्यार्थीहरूले मूल्याङ्कन गर्नेछन् । विद्यार्थीहरूले उनीहरूको देशको ग्रामीण तथा सहरी समुदायमा पानीको अभाव र यसको प्रभावलाई प्रतिबिम्बत गर्ने तथ्यांकहरूको रेखाचित्रले प्रतिनिधित्व गरी (graphical representation) प्रस्तुति बनाउने छन् । उनीहरूले साझेदार विद्यालयसँग यस तथ्यांक साझा गर्नेछन् र एक अर्कासँग वार्तालाप वा सञ्चार गर्नेछन् । यसबाट दुवै विद्यालयका विद्यार्थीहरुमा अन्तत: दुवैको तथ्यांकको उपयोगमा सचेतना सिर्जना गर्नेछ ।

### जीवनको एक दिन (One day in life)

- **विषयहरू : भाषा, सिर्जनशील कला, कम्प्युटर, सामाजिक शिक्षा**
  विद्यार्थीहरूले उनीहरूको दैनिक कार्यतालिका र गतिविधिको विभिन्न भिडियो क्लिपहरू सङ्कलन गरी एउटा फिल्म बनाउनेछन् । फिल्म तयार भैसकेपछि उनीहरूले यसलाई यूट्युब वा भिमिओमार्फत साझेदार विद्यालयसँग साझा गर्न सक्नेछन् । दुवैतिरका विद्यार्थीहरूले समाजिक मिडियामार्फत् भर्चुअल रुपमा (विद्युतीय रुपमा) सांकृतिक फरकपनबारे विचारविमर्श, छलफल वा चिन्तन गर्नेछन् र एकअर्काबारेको बुझाइको विकास गर्नेछन् ।

### दुई नदी एक विश्व (Two river, one world)

- **विषयहरू : विज्ञान, सामाजिक शिक्षा, गणित**
  दुवै विद्यालयका विद्यार्थीहरू उनीहरुको ठाउँमा रहेको कुनै नजिकको नदीको विभिन्न खण्ड वा भागहरूको भ्रमण गर्न सक्नेछन्, जस्तै : मुहान, सहरमा प्रवेश बिन्दु, सहरको मध्य बिन्दु र सहरबाट निस्कने अन्तिम बिन्दु । उनीहरूले विभिन्न संयन्त्रको प्रयोग गरी विभिन्न जलप्रदूषणको स्तर मापन वा परीक्षण गर्न विभिन्न भागको पानीको परीक्षण गर्न सक्नेछन् । विद्यार्थीहरूले विभिन्न भागमा पानीको गहिराइ र ती विभिन्न गहिराइमा पानीको आयतन मापन गर्न सक्नेछन्, र यसको ग्राफ प्रस्तुति बनाउनेछन् । त्यसैगरी उनीहरूले नदीलाई समाज र संस्कृतिसँग जोड्न सक्नेछन्, र साझेदार विद्यालयसँग साझा गर्न सकिने प्रतिवेदन तयार गर्नेछन्, विभिन्न आयामहरूबाट नदीको महत्वबारे सिक्न एकअर्कासँग सहकार्य गर्नेछन् ।

### नेपालमा बालबालिका बेचविखन (Girls trafficking in Nepal)

- **विषयहरू : सामजिक शिक्षा, वातावरण तथा जनस्वास्थ्य**
  यस परियोजनाले देशमा विद्यमान रहेको समाजिक कुरीतिहरूबारे गहन बुझाइ प्रदान गर्छ । सरकारी तथा विभिन्न सामाजिक संस्थाहरूमा उपलब्ध तथ्यांक, जानकारी र मामिला अध्ययनहरूको प्रयोग गरी विद्यार्थीहरूले यस सवालमा गहन अनुसन्धान गर्न सक्छन् । विद्यार्थीहरूले लघु परियोजना तयार गर्न सक्छन् जसले स्थानीय जनसमुदायबीच सचेतना सिर्जना गर्न सहयोग गर्नेछ । त्यसैगरी मानव बेचविखनको विश्वव्यापी सवालहरूमा विचार गर्दै विद्यार्थीहरूले प्रतिवेदन पनि तयार गर्न सक्छन् ।

### पाकिस्तानमा मेला व्यापार (Fairtrade in Pakistan)

- **विषयहरू : गणित, सामाजिक शिक्षा, पेशा, व्यवसाय तथा प्रविधि शिक्षा**
  यस पाठले मेला व्यापारको अवधारणको खोजी गर्न सुरु गर्छ र मेला व्यापारमार्फत विकासशील मुलुकमा हामीलाई पर्ने प्रभावबारे पनि खोजी गर्नेछ । उत्पादनको उत्पत्ति कहाँ हुन्छ र समाजिक दायित्व के-के हुन्छन् भन्ने सम्बन्धमा विद्यार्थीहरूले बुझाइको विकास गर्नेछन् । यस पाठयोजना पाठ्यक्रम लिंक र फोटोकपी गर्न मिल्ने क्रियाकलाप पुस्तिकासँग आउनेछ । त्यहाँ पूरक फोटो, भिडियो र अडियो समाग्री पनि छन् ।

### भारतमा बालश्रम (Child labour in India)

- **विषयहरू : नैतिक शिक्षा, सामाजिक शिक्षा**
  यस परियोजनालाई बालबालिकाहरूमा भारत देशको परिचय दिन्छ र बालश्रम अभ्यासको जाँच परीक्षण गर्छ । यसले बालबालिकाहरूलाई उनीहरूको आफ्नै जीवनलाई परीक्षण गर्न र भारतका बालकालिकाहरूको अनुभवसँग आफ्नो अनुभवहरू तुलना गर्न प्रोत्साहित गर्छ । यस पाठयोजना पाठ्यक्रम लिंक र फोटोकपी गर्न मिल्ने क्रियाकलाप पुस्तिकासँग आउनेछ । त्यहाँ पूरक फोटो, भिडियो र अडियो समाग्री पनि छन् ।

### सम्बन्ध जोड्नुस्, बन्धन तोड्नुस् (Make the link, Break the chain)

- **विषय : सामाजिक शिक्षा**
  यस पाठले प्रशान्त सीमापार क्षेत्रमा भएका दास व्यापार वा किनबेचको इतिहास अध्ययन गर्नेछ, साथसाथै विश्वमा आज पनि विद्यमान दासत्वको फरक स्वरुपहरूलाई हेर्नेछ । यो पाठ त्यो परियोजनाबाट विकास गरिएको हो जसले ब्राजिल, हैटी, सेनेगल, सिएरा लियोन र युकेका विद्यालयहरूलाई जोडेको थियो । यस पाठयोजनाको पाठ्यक्रम लिंक र फोटोकपी गर्न मिल्ने क्रियाकलाप पुस्तिकासँग आउनेछ । त्यहाँ पूरक फोटो, भिडियो र अडियो समाग्री पनि छन् ।



# प्रारम्भिक क्रियाकलापका लागि ५० विचारयोग्य कुराहरू (FIFTY IDEAS FOR INTRODUCTORY ACTIVITIES)

तल सूचीकृत विचारयोग्य कुराहरु पूर्ण अवार्डको लागि तपाईले तयारी गर्न सक्ने प्रारम्भिक क्रियाकलापहरू हुन् । तलका प्रत्येक क्षेत्रलाई प्रतिविम्बित गर्न तपाईले यी विचारयोग्य कुराहरुको विकास गर्नुपर्ने हुन्छ, जसलाई पृष्ठ ५ मा विस्तृतरुपमा उल्लेख गरिएको छ :

- विश्व नागरिकता
- शिक्षाको विकास वा समृद्ध शिक्षा
- अन्तर्राष्ट्रिय विद्यालय विशेषता वा गुणहरु

यी विचारणीय कुरा वा उपायहरू सीमित तयारी चाहिने सामान्य प्रयास तथा विश्वास (अर्थात् प्रयास गर्नुस्, विश्वास गर्नुस् भन्नेसँग सम्बन्धित) क्रियाकलापदेखि विद्यार्थीको संलग्नता र रुचिलाई अधिकतम गर्न डिजाइन गरिएका वास्तविक सहयकायमूलक क्रियाकलापसम्म रहेका छन् । यो स्मरण गर्न जरुरी हुन्छ कि केही उत्कृष्ट परियोजनाहरूमा क्रियाकलापहरूमाथि निर्णय गर्ने र नेतृत्व गर्ने विद्यार्थीहरू आफै हुन्छन् ।

**बोर्डमा सूचना राख्ने (Notice the board)**
विद्यालयको हलको बीचमा राखिएको सूचनापाटीले परियोजनाको प्रगति तथा विकासबारे कर्मचारी, विद्यार्थी र आगन्तुकहरूलाई जानकारी दिन्छ वा विज्ञापन गर्छ । यसले प्रमुख खेलाडीहरू र क्रियाकलापहरूको फोटो देखाउँछ ।

**अनुसन्धान (Research)**
हाम्रो साझेदारीमा अन्य देशहरूबारे हामी के जान्न वा थाहा पाउन चाहन्छौं ? विद्यार्थीहरूले प्रश्नहरू सोध्छन्, जवाफको अध्ययन गर्छन् र प्रश्नहरूको जवाफ दिन्छन् ।

**एक आरामकुर्सी यात्रा अनुभव (An armchair travel experience)**
सहभागी विद्यालयहरूको सहर वा गाउँतिरको एकदिने काल्पनिक आरामकुर्सी यात्राको आयोजना गर्नुहोस् ।

**मेरो फुर्सदको समय (Spare time)**
तपाई आफ्नो फूर्सदको समयमा के गर्नुहुन्छ ? मेरो कक्षामा, मेरो विद्यालयमा कसले के गर्छ ? (तथ्यांक, तुलना) ।

**कक्षा संगीत शीर्ष दश (Class music top ten)**
कक्षाहरूले उनीहरूको मनपर्ने संगीतको प्रस्तुति दिन्छन् र साझेदार कक्षाहरूलाई अभिनय गरेर देखाउँछन् ।

**मेरो सहर (My town)**
विगतमा, वर्तमानमा र भविष्यमा । भवनहरू, इतिहास, चर्च, मन्दिरहरू, किल्लाहरू, प्रसिद्ध दृष्य क्षेत्रहरू ... वा समान्य घरहरू मात्र । सुधारको लागि कुनै उपाय ? यो बीस वर्ष अघि कस्तो देखिन्थ्यो होला ? अबको २० वर्षपछि कस्तो देखिन्छ होला ?

**उत्सव, जात्रा र चाडपर्व (Fiesta!)**
सहभागी देशहरूमा बिदा तथा चाडपर्वहरू, र प्रत्येकसँग जोडिएका विशेष खानाका परिकार तथा रितिरिवाज । विद्यार्थीहरूले वार्षिकरुपमा उत्सव मनाउन एउटा कुनै छनौट गर्छन् ।

**हाम्रो झ्यालबाट (From our window)**
मध्यदिनमा, चारवटा सिजन वा रितुको समयमा, प्रत्येक विद्यालयले चित्र बनाउँछन् वा फोटो खिच्छन् ...उनीहरूको झ्यालबाट जे देख्न सकिन्छ त्यसको । यसलाई अरुसँग आदानप्रदान गर्न सकिन्छ, र एउटा परियोजना फोटो एल्बम संग्रह गर्न सकिन्छ ।

**चित्र रहस्य (Jigsaw Puzzles)**
नक्साहरू र प्रसिद्ध भवनहरू जस्ता राष्ट्रिय आश्चर्यका विशेषताहरू देखाउने चित्र रहस्यको आदानप्रदान गर्ने र रहस्य हल गर्ने प्रयास गर्ने ।

**रमाइलो वा ठट्यौली उत्सव वा चाडपर्व (Humour Festival)**
मेरो देशमा ठट्यौली वा हाँसउठ्दो केलाई मानिन्छ र तिम्रो देशमा ? तपाईको टिभीमा मेरो देशको कुन हास्य कलाकारलाई देखाइन्छ ?कक्षाहरूले राष्ट्रिय हास्य भावना, हस्यव्यंग्य कार्यक्रमहरु, ठट्टा, चित्रहरू, कार्टुनहरूको उदाहरण प्रस्तुत गर्छन्, देखाउँछन् । अंग्रेजी, फ्रेन्च, जर्मन आदिमा अनुवादित... सम्भव भएसम्म !

**मेरो विद्यालयमा काम (Jobs at my school)**
विद्यालयका विभिन्न व्यक्तिसँग अन्तर्वार्ता लिने : शिक्षक, प्रधानाध्यापक, सचिव, रेखदेखकर्ता, नर्सहरू । उनीहरूको कामको फोटो, विवरण । विद्यार्थीहरूले आदानप्रदानको लागि रेखदेखकर्ता वा प्रधानाध्यापकको जीवनको कुनै एक दिनको फिल्म खिच्नेछन् । कसको काम धैरै कठिन छ र किन भन्ने कुरा विद्यार्थीहरूले निर्णय गर्नेछन् ।

**राष्ट्रिय खेल बनाउने (Make a national game)**
विद्यार्थीहरूले उनीहरूको देशसँग सम्बन्धित वा सहभागी देशसँग सम्बन्धित भौगोलिक, सांस्कृतिक र/वा ऐतिहासिक तथ्यहरू बारेको एउटा बोर्ड खेल बनाउनेछन् । एक अर्काको खेल खेल्नुहोस् र मूल्याङ्कन गर्नुहोस् ।

**मेरो दोभाषे (My interpreter)**
ठूला उमेरका विद्यार्थीहरूले साना विद्यार्थीहरूको लागि दोभाषेको रुपमा सहयोग प्रदान गर्नेछन् र शब्दहरू, परियोजना सामग्रीहरू, टेपहरू आदिको अनुवाद गर्नेछन् । उनीहरूले साना विद्यार्थीहरूको लागि लेख्ने काम गरी सचिवको रुपमा मद्दत गर्न सक्नेछन् ।

**सिद्धार्थको जीवनको एक दिन, १२ वर्ष तीन महिनाको उमेर (A day in the life of... Siddarth, aged 12 and ¾)**
विद्यार्थीहरूले कुनै एउटा विद्यार्थी वा अन्य विद्यार्थीहरूको जीवनको कुनै एक खास दिनलाई लिएर एउटा प्रस्तुति वा फिल्म बनाएर प्रस्तुत गर्नेछन् । यो धैरै नै रोचक हुनेछ जब विद्यार्थीहरूले उनीहरूले अनुभव गरेको विद्यालय बारेमा देखाउनेछन्, उनीहरूको शिक्षकले यो कस्तो हुनुपर्छ भन्ने चाहेको विद्यालय अनुभव हैन । साझेदारहरूलाई इमेल, सीडी रोम वा वेवसाइटबाट आदानप्रदान गर्नुहोस् ।

**हामीले जानेको शैतान (Monster we know)**
कक्षाहरूले शैतानहरूको रेखाचित्र तथा कथा वर्णनहरू आदानप्रदान गर्नेछन् । रेखाचित्र वा कथा प्राप्त गर्ने कक्षाहरूले

वर्णन अनुसार शैतानको चित्र कोर्नेछन् र मूल वा वास्तविक शैतानसँग तुलना गर्नेछन् । त्यसपछि कक्षाहरूबीच वा व्यक्तिहरूबीच कुराकानी वा छलफल हुनसक्नेछ ।

### कथाहरू पुरानो तथा नयाँ (Stories old and new)

विद्यार्थीहरू स्थानीय, परम्परागत कथा वा पौराणिक कथामा सहमत हुन्छन् र यसलाई चित्रण गर्न कथा पाटी ९कतयचथ दयबचमO बनाउनेछन् । त्यसपछि ती चित्रहरू सहभागी विद्यालयहरूका विद्यार्थीहरुलाई पठाइन्छ र उनीहरुले यस चित्रण पछाडि रहेको कथाको कल्पना गरी कथा लेख्नेछन् । सो नयाँ सिर्जित कथा त्यसपछि एकअर्कासँग आदानप्रदान गरिन्छ र तुलनाको लागि मूल वा वास्तविक कथा पनि पठाइन्छ । त्यसपछि दुवै संस्करणहरू एउटा परियोजना किताबमा संग्रह गरिन्छ जसको शीर्षक हुनेछ : पौराणिक, पुरानो तथा नयाँ कथा ।

### अन्तर्राष्ट्रिय खबर पत्रिका (International news magazine)

साझेदार विद्यालयहरूले समाचार योग्य विषयहरू, फोटोहरूमा निर्णय गर्छन्, र रहस्य सिर्जना वा निर्माण गर्छन् । ती कुराहरूलाई समन्वय गर्ने विद्यालयलाई इमेल गरी पठाइन्छ, जहाँ तालिम प्राप्त विद्यार्थीहरूको टीमले त्रैमासिक समाचार पत्र प्रकाशन गर्ने जिम्मेवारी लिन्छन् र यसलाई परियोजना/विद्यालयको वेवसाइटमा पोष्ट गर्न सकिन्छ । छापा संस्करणप्रति पनि बनाएर वृहत विद्यालय समुदायमा बिक्री गर्न सकिन्छ । वैकल्पिकरुपमा, यसलाई रेडियो वा टीभी प्रसारणको रुपमा पनि रेकर्ड गर्न सकिन्छ, वा पोडकाष्टमा रेकर्ड गर्न पनि सकिन्छ ।

### यात्राका अभिन्न साथीहरू (Travelling buddies)

कक्षाहरूले साझेदार कक्षा वा विद्यालयलाई यात्राका साथीहरु पठाउन खेलौना जनावार वा पुलतीहरू प्रयोग गर्न सक्छन् । विभिन्न क्रियाकलापमा भाग लिइरहेको त्यो नमुना साथीको फोटो खिच्न सकिन्छ (जस्तै विद्यार्थीहरूसँग विद्यालयमा खाजा खाएको) र त्यसपछि मूल विद्यालयलाई फिर्ता पठाइन्छ । यसमा विविध कुराहरु पनि थप्न सकिन्छ, जस्तै : सो साथीको पासपोर्ट बनाउने, साझेदार विद्यालयका विद्यार्थीहरूले छनौट गरेका सामग्रीहरू वा उपहारहरु भर्न तयार गरिएको सुटकेस पठाउने, किनकि साथीले उसको यात्रालाई निरन्तरता राख्दछ । यो साना बालबालिकालाई परियोजनामा संलग्न गराउने धैरै राम्रो तरिका हो ।

### पृष्ठपोषण (Feebback)

पुस्तकहरू, पत्रिकाहरू, इन्टरनेट प्रयोग गरी, साथीहरू, नातेदारहरू र विद्यालयको खाना पकाउने व्यक्तिसँग सोधेर परम्परागत, राष्ट्रिय खानाहरूको पकवान विधिहरु खोज्नुहोस् । विद्यार्थीहरूले सबभन्दा उपयुक्तमा सहमत जनाउनेछन्, सचित्र निर्देशन बनाउँछन् वा आफूले खाना बनाइरहेको फिल्म खिच्छन् र यसलाई साझेदार विद्यालयहरूसँग आदानप्रदान गर्छन् । विद्यार्थीहरूले पकवान विधिको प्रयोग गरी खाना पकाउँछन् र मूल देशका साझेदारलाई पृष्ठपोषण पठाउँछन् । यसलाई अन्तर र्ष्ट्रिय खाना साँझको बेलामा प्रयोग वा आयोजना गर्न सकिन्छ जहाँ वृहत समुदाय आमन्त्रित गरिन्छ ।

### हाम्रो धुन, तिम्रो शब्द (Our tunes, your words)

विद्यार्थीहरू उनीहरूको देशको कुनै गीतको खास उदाहरणमा सहमत हुन्छन् । उनीहरूले उपयुक्त उपकरण छनौट गर्छन् र संगीतमात्र भर्छन् वा रेकर्ड गर्छन् र साझेदार देशहरूलाई पठाउँछन् । विद्यार्थीहरूले त्यस धुनमा नयाँ शब्दहरू भर्छन्, यो उनीहरूकै आफ्नो भाषामा पनि हुनसक्छ, वा उनीहरूले सिक्दै गरेको विदेशी भाषामा पनि हुनसक्छ । त्यसपछि त्यसलाई रेकर्ड गरिन्छ र मूलसँगै यसलाई आदानप्रदान गरिन्छ ।

### सपनाको एक सहर (A dreamtown)

विद्यार्थीहरू सहभागी भएका परियोजना बैठकहरूसँग मिल्ने गरी कार्यशालाहरूको शृंखला आयोजना गर्नेछन् (मिडिया, चित्रकला, वास्तुकला वा प्रविधि कुनै पनि) । प्रत्येक साझेदार देशहरूको संगीत तथा इफेक्ट, महत्वपूर्ण भवनहरूको फोटोहरू जोडेर बनाइएको संग्रहलाई राखेर संयुक्त रुपमा डीभीडी बनाउनेछन् ।

### विश्व पुस्तक दिवस (World book day)

कक्षाहरूले साझेदार देशहरूबाट छनौट गरिएको किताबहरू, छोटो कथाहरू र परी कथाहरू उनीहरूको आफ्नो भाषामा (यदि चाहेमा) पढ्ने कुरामा सहमत हुन्छन् । समीक्षाको आदानप्रदान गर्छन् । त्यसपछि विद्यार्थीहरूले आफूलाई पनपर्ने पात्रजस्तै पोशाक लगाएर वा पुतली बनाएर र त्यसलाई प्रदर्शनीमा राखेर विश्व पुस्तक दिवस मनाउँछन् । त्यसपछि ती कुराहरूलाई फिल्म बनाएर आदानप्रदान गर्न सक्नेछन् ।

### महान डेने र अन्य उल्लेख्य व्यक्तिहरू (Great Dane and other notables)

हरेक विद्यालयले एउटा स्थानीय व्यक्ति छनौट गर्दछ जसले उनीहरूको देशमा/वृहत विश्वमा महत्वपूर्ण योगदान गरेको छ । विद्यार्थीहरूले यस व्यक्तिको जीवनबारे खोज अनुसन्धान गर्छन् र प्रोफाइल वा व्यक्तिगत विवरण बनाउँछन्, जसलाई उनीहरूले साझेदारसँग आदानप्रदान गर्छन् । विद्यार्थीहरूले प्रभावशाली मानिसहरूको बारेमा थाहा पाउनेछन् वा सिक्नेछन् र थप कुरा जान्न आवश्यक भए च्याट, भिडियो कन्फेरेन्स, टेक्स्ट मेसेज प्रयोग गर्न सकिनेछ । त्यसपछि सबै परियोजना देशहरूको विद्यार्थी प्रतिनिधिहरूले प्रसिद्धिको लागि सबभन्दा योग्य व्यक्तिको छनौट गर्न अनलाईन बेलुन डिबेट अर्थात तातो बहसमा भाग लिन सक्नेछन् ।

### भित्तामा चित्र पोत्ने (Paint a mural)

विद्यालयको भित्तेचित्रको लागि एक सामान्य डिजाइन बनाउन प्रत्येक विद्यालयमा विद्यार्थीहरूले मिलेर कार्य गर्नेछन्, जसलाई खेलमैदान वा विद्यालयको हलमा पछि बनाउन सकिनेछ । विद्यार्थीहरूले ती डिजाइनहरू आदानप्रदान र तुलना गर्नेछन्, र आफ्नो विद्यालयमा बनाउनको लागि मनपर्ने चित्र छनौट गर्नेछन् । जब कुनै समयमा परियोजनामा सहभागीहरू अकअर्काको विद्यालय भ्रमण गर्नेछन्, उनीहरूले यसको बाँकी भागको चित्र उतार्न मद्दत गर्नेछन् ।

### हामीले खेल्ने खेल (Games we play)

विद्यार्थीहरूले खेलमैदानमा आफूले खेल्दै गरेको फिल्म बनाउनेछन् । त्यसलाई आवश्यक निर्देशन तथा थप सामग्रीसहित इमेल वा हुलाकमार्फत् साझेदार विद्यालयमा पठाउनेछन् । विद्यार्थीहरूले एकअर्काको खेल खेल्नेछन् र फेरि ती कार्य गरेको फिल्म बनाउनेछन् । उनीहरूले प्रश्नहरू र अनलाइन कुराकानी गरी ती खेलहरूको मूल्याङ्कन पनि गर्नेछन् । मौका मिलेमा वा जब परियोजनामा संलग्न विद्यार्थीहरू एकअर्काकोमा भ्रमण गर्छन्, उनीहरूको आमाबुबा वा हजुरआमा वा हजुरबुबाहरूले पहिले खेल्ने गरेको केही खेलहरू खेल्न सक्छन् र त्यसको महत्व विश्लेषण गर्न सक्छन् । वा खेलमैदानमा खेलिने खेलको महत्व विश्लेषण गरी तीमध्ये केही फेरि प्रस्तुत गर्न सक्छन् । ठूला कक्षाका विद्यार्थीहरूले साना विद्यार्थीहरूलाई यी खेल कसरी खेलिन्छ भनेर देखाउन सक्नेछन् ।

### कार्ड र शुभकामना आदानप्रदान (Exchange of cards and greetings)

कक्षाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका दिनहरूको उत्सव मनाउन विद्युतीय वा कागजको शुभकामना कार्डहरू पठाउन सक्नेछन् ।

**वर्णमाला गीत** (Alphabet song)
कक्षाहरूले एकअर्कालाई राष्ट्रिय वर्णमाला गीत सिकाउँछन्। गीतहरू लेखिन्छन्, टेपमा रेकर्ड गरिन्छन् र आदानप्रदान गरिन्छन्, र जब सम्भव हुन्छ सिकिन्छन्।

**फिल्म समीक्षा** (Film review)
कक्षाहरूले उनीहरूले हेरेको फिल्महरूको समीक्षा गरी सोको आदानप्रदान गर्नेछन् र परियोजनाको मनपर्नेहरूको सूची संग्रह गर्नेछन्।

**मेरो विद्यालय झोला** (My school bag)
मेरो विद्यालय झोलामा के छ ? यसको तौल कति छ ? फोटो, वर्णन वा रेखाचित्र।

**मेरो परिवारमा को को हो** (My family who is who) ?
विद्यार्थीहरूले आफूलाई र आफ्नो परिवारको परिचय दिनेछन्। परिवार वृक्षबारे बताउनेछन्।

**मेरो घर** (My home)
विद्यार्थीहरूको घर, कोठा, फ्ल्याट, घरभित्र र बाहिरका कुराहरूको वर्णन गर्नेछन्।

**नजिकै आउँदै गरेको चाड** (Festival approaching near)
आफ्नो देशको चाडपर्वसँग सम्बन्धित गीतहरू, परम्पराहरू, टिकटहरू आदानप्रदान गर्नेछन्। उनीहरूले विभिन्न चाडपर्वसँग सम्बन्धित शुभकामना कार्डहरू आदानप्रदान गर्न सक्नेछन् र एकअर्कासँग यसलाई साझा गर्न सक्नेछन्।

**टिकट सङ्कलन** (Stamp collection)
कक्षाहरूले आफ्नो देशका प्रसिद्ध व्यक्तिहरू, जनावरहरू वा ठाउँहरू देखाउने प्रयोग गरिएका टिकटहरू आदानप्रदान गर्नेछन्। यसले के देखाउँछ, उनी को हुन् ? विद्यार्थीहरूले खोज अनुसन्धान गर्नेछन् र उनीहरूको खोज वा नतिजालाई अन्तर ाष्ट्रिय साझेदार समक्ष व्याख्या गर्नेछन्।

**हरेक चित्रले आफै बोल्छ** (Every picture tells a story)
फोटोहरू आदानप्रदान गर्नेछन्। साझेदार कक्षालाई त्यस फोटोसँग सम्बन्धित हुनसक्ने उनीहरूले कल्पना गरेको कथा लेख्न अनुरोध गर्नेछन्। पछि मूल वा वास्तविक कथा देखाउनेछन्।

**हाम्रो क्यालेन्डर वा पात्रो** (Our calendar)
कक्षाहरूले राष्ट्रिय बिदाका दिनहरू र चाडपर्वहरू, वा उनीहरूलाई महत्वपूर्ण लाग्ने अन्य कार्यक्रमहरूको चित्रहरू तयार गर्नेछन्। त्यसलाई आदानप्रदान गरिन्छ र सम्बन्धित भाषामा गते र महिनाहरूसहित परियोजना क्यालेन्डरमा संग्रह गरिन्छ।

**तपाईको दिमागमा के आउँछ** (What comes to your mind) ?
जब तपाईले जातिभेद, मित्रता, गर्मी जस्ता शब्दहरू सुन्नुहुन्छ, तपाईको दिमागमा के आउँछ ? विद्यार्थीहरूले यी शीर्षक वा विषयहरूमा रचनात्मक लेख, कविता, कथा, निबन्धहरू आदानप्रदान गर्नेछन्।

**मेरो अतिथि बन्नुहोस्** (Be my guest) !
विद्यार्थीहरूले आफ्नो स्थानीय क्षेत्र भ्रमण गरी उनीहरूको उमेरका अन्य विद्यार्थीहरूको लागि पर्यटक जानकारी सामग्री तयार गर्नेछन्। स्लाइडहरू, भिडियोहरू, नक्साहरू, ब्रोसरहरू, वर्णनहरू, मार्गदर्शित पदयात्रा वा भ्रमण।

**परी कथाहरू** (Fairy tales)
विभिन्न देशका विद्यार्थीहरू एउटै वा उही परीकथामा सहमत हुन्छन् र चित्रण गर्छन्, जुन सहभागी विद्यालयहरूको भाषामा अनुवादिन गरिएको हुन्छ।

**अन्तर्राष्ट्रिय संगीत उत्सव** (International songs festival)
कक्षाहरूले रेकर्ड गर्न कुनै गीत लेख्छन् वा छनौट गर्छन्, जसले उनीहरूको देशको प्रतिनिधित्व गर्छ। अडियो रेकर्डिङ वा डीभीडीहरू आदानप्रदान गरिन्छ र सामान्य अंक प्रणाली प्रयोग गरी सबभन्दा लोकप्रिय गीत पत्ता लगाउन कक्षाहरूले भोट वा मतदान गर्नसक्छन्। कक्षाहरूले आफूले तयार गरेको गीतको लागि भोट गर्न पाउँदैनन्!

**यो हप्ताको मौसम** (This week's weather)
साझेदार देशहरूमा एक हप्ताको मौसमको अवलोकनको तुलना गर्ने। तापक्रम, वर्षा, आद्रता, वायु, वायुमण्डलको स्पष्टता वा उज्यालोपन। मौसमको अवस्था अनुसार विद्यार्थीहरू संलग्न रहेका विभिन्न क्रियाकलापहरूको फोटो, फिल्मसहितको प्रतिवेदन साझेदार कक्षालाई इमेल गर्ने।

**के कुराले एक असल बाल्यपन बनाउँछ** (What makes a good childhood) ?
विभिन्न देशका विद्यार्थीहरूले बालबालिकाको जीवनमा हुने १० वटा अति महत्वपूर्ण कुराहरू पहिचान गर्नेछन्। यसलाई आवश्यकता र चाहना शीर्षकमा वर्गीकरण गरी साझेदार विद्यालयहरूसँग आदानप्रदान गर्नेछन्। तुलना गर्नेछन् र एक असल बाल्यपनको लागि वास्तवमा चहिने कुराहरूको सूची बनाउनेछन् र एउटा सचित्र पुस्तक तयार गर्नेछन् जसमा हरेक देशले विभिन्न पेजहरूमा योगदान गर्नेछन्।

**हवाइदूरी र दूरीहरू** (Air miles and miles)
साझेदार देशहरूको मालसामानहरूको लेबल तथा फोटोहरूको उदाहरणहरू सङ्कलन र आदान प्रदान गर्नेछन्। यसलाई एउटा ठूलो नक्सामा ठाउँ देखिने गरी टाँस्नेछन्। हामी तिम्रो देशबाट र मेरो देशमा के के कुरा किन्न वा खरिद गर्न सक्छौं ? यी मालसामानहरू कति माइल दूरी यात्रा गरेका छन् र ती कसरी ढुवानी गरिएका थिए ? यसले वातावरणमा कस्तो प्रभाव पार्ला ? के ती मेरो देशमा उत्पादन गर्न सकिन्थ्यो ? विद्यार्थीहरूले परियोजनाको यात्रा वा ढुवानी चित्रण गर्न कार्टुन रेखाचित्र तयार गर्नेछन्।

**भाषा चुनौती** (Language challenge)
कक्षाहरूले उनीहरूको विद्यालयमा बोलिने भाषाहरूको लागि छोटो भाषा पाठ्यक्रममा काम गर्नेछन्। उनीहरूले खेल, अभ्यास, शब्दकोष र रेकर्डिङहरू तयार गर्नेछन् र यसलाई आफ्नो साझेदार विद्यालयहरूमा आदानप्रदान गर्नेछन्। सहभागी देशहरूका विद्यार्थी र शिक्षकहरूले कुन भाषा सिक्ने भन्ने कुरा छनौट गर्नेछन् र दिइएको समयसीमाभित्र ती भाषाका मूल कुराहरू सिक्ने प्रयास गर्नेछन्। प्रगतिको मापन गर्न भिडियो कन्फेरेन्स गर्नेछन्। कुन भाषा सिक्न सजिलो छ र किन भन्ने कुरामा छलफल गर्नेछन्। के केही भाषहरू अन्य भाषाभन्दा सिक्न धैरै महत्वपूर्ण छ भन्ने विद्यार्थीहरूलाई लाग्छ ? किन ?

**खजानाको सन्दुक** (Treasure chests)
तपाईको साझेदार देशमा पठाउन पर्याप्त बलियो बाकस वा सन्दुकहरू किन्नुहोस्। सन्दुकमा हाल्नको लागि आफ्नो देशको प्रतिनिधित्व गर्ने ६ वटा विभिन्न मालसामानको छनौटमा विद्यार्थीहरू सहमत हुनेछन् र यसलाई साझेदार विद्यालयमा पठाउनेछन्। जब सन्दुक आइपुग्छ, यसलाई कक्षामा खोलिनुपर्नेछ र त्यसमा भएका मालसामानमा छलफल गर्नुपर्नेछ। ती के

कुराका लागि हुन् भन्ने विद्यार्थीहरूलाई लाग्छ ? छलफल गर्नुहोस् र यसलाई मूल विद्यालयमा पठाउनुहोस्, जसले फेरि ती मालसामानको वास्तविक व्याख्या वा वर्णन लेखेर पठाउनेछन् ।

**फ्याक्स चुनौती (Fax challenge)**
एक वर्षसम्म, हरेक अर्धसत्रमा, सहमत मिति र समयमा, प्रत्येक विद्यालयले पालैसँग सबै साझेदारहरूलाई फ्याक्स चुनौती तयार गरेर पठाउनेछन् । यो गणित समस्या हुनसक्छ, रहस्यको पहेली वा परियोजनासँग सान्दर्भिक अन्य कुनै पनि कुरा हुनसक्छ । विजेता विद्यालय त्यो हुनेछ जसले छिटो समस्याको हल गरेर मूल विद्यालयलाई फ्याक्स गरी फिर्ता पठाउनेछ । यसको एक लेखा राख्न सकिनेछ र वर्षको अन्तमा पुरस्कार दिइनेछ ।

**मानव अधिकार (Human rights)**
प्रत्येक साझेदार विद्यालयका विद्यार्थीहरूले एक अन्तर्राष्ट्रिय मानव अधिकार घोषणापत्रका कुराहरू लेख्नेछन् र त्यसलाई परिपत्र गर्नेछन् । समूहले टीप्पणी र जवाफ दिनेछन्, त्यसपछि संयुक्त घोषणापत्रमा राख्नको लागि १० वटा बुँदामा सहमत हुनेछन् । विद्यालयको प्रयोगको लागि सामान्य संस्करण तयार गर्न सकिन्छ ।

**तपाई के खानुहुन्छ त्यही बन्नु हुन्छ (Are you what you eat) ?**
विद्यार्थीहरूले आफ्नो साझेदारहरूसँग तुलना गर्नको लागि एक हप्ताको समयमा विद्यालयमा र विद्यालय बाहिर के खान्छन् र पिउँछन् भन्ने कुराको रेकर्ड गर्नेछन् । उपभोग गरिएको फ्याट (चिल्लो पदार्थ), प्रोटिन आदिको विश्लेषण र तुलना गर्नुहोस् । कसले स्वस्थकर खाना खाएको छ ? विद्यार्थीको खानामा कसरी सुधार गर्न सकिन्छ ? एउटा पोस्टर तयार गर्नुहोस् ।

**एउटा झण्डा तयार गर्ने (Create a flag)**
विद्यार्थीहरूको अनुसन्धान पछि प्रत्येक विद्यालयले एउटा प्रतीक छनौट गर्नेछ जसले उनीहरूको विद्यालयलाई राम्रोसँग प्रतिनिधित्व गर्छ । त्यससपछि ती कुराहरूलाई इमेल वा फ्याक्सबाट अन्य देशमा आदानप्रदान गरिन्छ । विद्यार्थीहरूले त्यसपछि साझेदारी झण्डा वा टीसर्ट डिजाइन गर्नेछन् जसमा सबै प्रतीकहरू रहनेछन् र यसलाई उनीहरूको साझेदारले तयार गरेको कुरासँग तुलना गर्नेछन् । विद्यालयहरूले त्यसपछि आफ्नौ झण्डा वा टीसर्ट तयार गर्न सक्नेछन् वा आफूलाई मनपर्ने चिजमा भोट वा मतदान गर्न सक्छन्, जसलाई त्यसपछि परियोजनाको लागि एउटा प्रतीकको रुपमा तयार गर्न ग्रहण वा अंगीकरण गर्न सकिनेछ ।

**अन्तर्राष्ट्रिय दिवस (International day)**
विद्यार्थीहरूले उनीहरूको साझेदार देशको राष्ट्रिय पोशाक लगाउनेछन्, यसरी लगाउँदा प्रत्येक कक्षाको फरक-फरक प्रतिनिधित्व हुनेगरी हुनुपर्नेछ । उनीहरूले आफ्नै पासपोर्ट बनाउनेछन् र आफ्नो विद्यालयको वरिपरि अन्तर्राष्ट्रिय यात्रामा जानेछन्, उपयुक्त क्रियाकलापमा सहभागी हुनेछन् र उचित खानाहरूको स्वाद लिनेछन् । त्यस दिनको गतिविधिमा सामेल हुन अभिभावक र नियामक अधिकारीहरूलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

**साना जीवको खोजी (Mini beast Safari!)**
सबै साझेदार विद्यालयहरूले आफ्नो विद्यालयको मैदानमा मानवीय पासो वा जाल निर्माण गरी साना जीवहरूको जीवहरूको संयुक्त खोज अनुसन्धानमा भाग लिनेछन् । विद्यार्थीहरूले पासोमा परेका साना जीवहरू गिन्ती गर्नेछन् र पहिचान गर्नेछन् । जीव समात्ने सफलता हासिल गर्न वा पासोमा पार्न के कस्तो अवस्थाले योगदान गऱ्यो विश्लेषण गर्नेछन् (जस्तै जलवायुको अवस्था) । विद्यार्थीहरूले आफ्नो खोजको नतिजा साझा गर्न पावरप्वाइन्ट प्रस्तुति तयार गर्नेछन् । उनीहरूको तत्कालको वातावरणमा साना जीवको महत्वबारे छलफल गरिन्छ र उपयुक्त भएसम्म उनीहरूलाई प्रोत्साहित गर्न कदमहरू चालिनेछ ।



# मार्गदर्शन, टेम्प्लेट र उदाहरणहरू

# इन्टरनेशनल स्कूल अवार्ड परियोजना सारांश
## (ISA Project Summary)

इन्टरनेशनल स्कूल अवार्डको लागि सुरु गरिएको सात अनिवार्य परियोजनाहरू निम्न छन् :

### १) ३ वटा अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्यमूलक परियोजनाहरू (3 collaborative projects with international partners)

विश्व साझेदार विद्यालयसँगको सहकार्यमा उनीहरूको पाठ्यक्रमसँग सम्बन्धित परियोजनामा एक सहकार्यमूलक परियोजना गरिन्छ। यस परियोजनाको मुख्य उद्देश्य भनेको मैत्रीपूर्ण ढंगबाट एकअर्काको दृष्टिकोण बुझ्दै सिर्जनशीलता, विद्यार्थी उत्प्रेरणा र समूहगत कार्य अघि बढाउनु हो।

सहकार्यमूलक परियोजना विश्वका जुनसुकै ठाउँका साझेदार विद्यालयसँग गरिनेछ। आवद्ध दुई विद्यालयका विद्यार्थीहरूले उनीहरूको पाठ्यक्रमसँग सम्बन्धित कुनै एउटा परियोजनामा निर्णय गर्छन्, कुन क्षेत्र समेट्ने भन्ने कुरामा एउटा सहमतिमा आउँछन्, र अन्ततः उनीहरूको खास अनुसन्धान कार्य थाल्छन् र एकअर्कामा उनीहरूको कार्यको नतिजाको आदानप्रदान गर्छन्।

### २) २० प्रतिशत स्थानीय पाठ्यक्रम परियोजना (20% local curriculum project)

इन्टरनेशनल स्कूल अवार्डको एक भागको रुपमा विद्यालयहरू र यसको समुदायहरू रहेको स्थानीय संस्कृति र परिवेशलाई राम्रोसँग बुझ्न कुनै एक स्थानीय शीर्षक समेटेर कम्तीमा ४० सत्र वा सेसनहरू गर्नु अनिवार्य हुन्छ। स्थानीय पाठ्यक्रम विकास प्रक्रियाले विद्यालयहरूलाई आफ्नो विद्यार्थी र समुदायको शैक्षिक आवश्यकता तथा रुचिहरूप्रति जवाफदेही रहन सक्षम बनाउँछ।

विश्वव्यापीरुपमा सोचौं, स्थानीयरुपमा काम गरौं ! अरुलाई चिन्नको लागि आफूलाई चिन्नु सँधै महत्वपूर्ण हुन्छ। कम्तीमा ४० कक्षाहरू गर्ने, हाम्रो स्थानीय पहिचानसँग सम्बन्धित शीर्षक समेट्ने र यसलाई अन्य विभिन्न ठाउँहरूसँग तुलना गर्ने यस परियोजनाको प्रमुख उद्देश्य हो। हाम्रो स्थानीय पहिचान, संस्कृति र चाडपर्वसँग सम्बन्धित एउटा शीर्षक छनोट गर्नुपर्ने हुन्छ र एक्लै वा साझेदार विद्यालयसँग मिलेर विभिन्न क्रियाकलापहरू गर्नुपर्ने हुन्छ ताकि सहभागी विद्यालयहरूको २० प्रतिशत मूल्याङ्कन आधारहरूमा यसलाई पनि लिन सकियोस्।


### ३) विद्यालय-आन्तरिक परियोजना (In-school project)

विद्यालयको आन्तरिक परियोजना सहभागी विद्यालयहरूले सुरु गरेको त्यो परियोजना हो जहाँ उनीहरूले आफ्नो स्थानीय पाठ्यक्रममा अन्तर्राष्ट्रिय आयामहरूलाई सामेल गर्नुपर्नेछ। विद्यालय आन्तरिक परियोजना सहभागी विद्यालयबाट एक्लै छनौट गरिने परियोजना हो जहाँ उनीहरूको विद्यालयले अवलम्बन गर्दै आएको पाठ्यक्रममा अन्तर्राष्ट्रिय आयाम ल्याउँछन्। यो मूलतः विद्यार्थीहरूबीच कुनै खास छलफलको विषय शीर्षक, क्रियाकलाप र अन्तिम उत्पादनमा हुने एक संरचित वा व्यवस्थित अन्तर्क्रिया हो जसले सिकाइहरू आदानप्रदान वा साझा गर्छ र विद्यालयभित्र र बाहिर राम्रो वातावरण निर्माणमा मद्दत गर्छ।

### ४) सार्वजनिक निजी साझेदारी परियोजना (Public private partnership project)

सार्वजनिक निजी साझेदारी परियोजनाले अर्को कुनै निजी वा सार्वजनिक विद्यालयसँग सहकार्य गरी वृहत समुदायको संलग्नता गराउँछ। परियोजनाले विद्यार्थीहरूलाई आफ्नो उपाय, विचारहरू साझा गर्न र आफूलाई व्यक्त गर्न सक्षम बनाउँछ। यसले उनीहरूमा समानुभूति, सम्मान, अपनत्व र एकताको भावना बढाउँछ।

देशभित्रको कुनै सार्वजनिक विद्यालय र निजी विद्यालय आपसमा मिलेर सहकार्य थालेको परियोजनालाई सार्वजनिक निजी साझेदारी भनिन्छ। यो ती दुई विद्यालयका विद्यार्थीहरूले उपायहरूको खोजी तथा विकास र नतिजाको आदानप्रदान गर्न मिलेर गर्ने कार्य हो। सवालहरूमा नयाँ दृष्टिकोण प्रदान गर्दै एक अर्कालाई स्रोतको रुपमा प्रयोग गर्ने कार्य हो।



अनिवार्य परियोजनाहरू
परियोजना ७ : विद्यालयको आन्तरिक कुनै पनि परियोजना
परियोजना ४ : विश्वको जुनसुकै ठाउँको कुनै साझेदार विद्यालयसँग सहकार्यमूलक परियोजना
परियोजना ३ : देशभित्रको कुनै साझेदारसँगको सहकार्यमूलक परियोजना (सार्वजनिक निजी साझेदारी)
परियोजना ६ : विद्यालयको आन्तरिक कुनै पनि परियोजना
परियोजना २ : विश्वको जुनसुकै ठाउँको कुनै साझेदार विद्यालयसँग सहकार्यमूलक परियोजना
परियोजना ५ : अन्तर्राष्ट्रिय आयाम भएको स्थानीय विषयहरूको विकास (२०%)
परियोजना १ : विश्वको जुनसुकै ठाउँको कुनै साझेदार विद्यालयसँग सहकार्यमूलक परियोजना

# स्थानीय खण्ड (पाठ्यक्रमको स्थानीय भाग)

यस पाठ्यक्रमको एउटा सबभन्दा महत्वपूर्ण विशेषता भनेको यसले विद्यालयमा स्थानीय विषयवस्तुलाई केन्द्रित गर्छ। स्रोत व्यक्तिको समन्वयमा रहेको एउटा विद्यालयले त्यस्ता विषयवस्तु क्षेत्रहरूको विकास र प्रदान गर्नुपर्ने हुन्छ, जुन छिमेक, समुदाय र क्षेत्रसँग सम्बन्धित हुन्छ जसले उनीहरूको दैनिक जीवनलाई प्रभावित बनाइरहेको हुन्छ र वास्तविक जीवन अनुभवको ज्ञान दिन्छ। पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय स्तरको पाठ्यक्रममा स्थानीय विषयवस्तुहरू समावेश गर्ने प्रयास गरेको भएतापनि स्थानीय परिवेशको लागि ती पर्याप्त र सान्दर्भिक नहुनसक्छ। त्यसैले यसलाई अझ सान्दर्भिक बनाउन विद्यालयले पाठ्यक्रम विकास केन्द्रले तयार गरेको पाठ्यक्रमको विषयवस्तु र क्षेत्र बढाउन सक्छ र उनीहरूले आफ्नो पाठ्यक्रममा अन्य नयाँ कुराहरू पनि समावेश गर्न सक्छन्। विद्यालयहरूले २० प्रतिशत पाठ्यभार भएको पाठ्यक्रम डिजाइन गर्नुपर्छ वा सामाजिक शिक्षालाई दिइएको समग्र पाठ्यभारमध्येबाट ५ वा ६ हप्ताजतिको अवधि छुयाउनुपर्छ। विषयवस्तुको छनौट गर्दा तलका विषय क्षेत्रहरूका साथै अन्य विषयक्षेत्रहरू पाठ्यक्रममा राख्न सकिन्छ। केही सम्भावित विषयवस्तु क्षेत्रहरू निम्नबमोजिम छन्:

१. सांस्कृतिक क्षेत्र : चाडपर्व, लुगा पहिरन, रितिरिवाज, कला तथा सीप, गीत तथा संगीत, मेला, उत्सवहरू आदि।

२. ऐतिहासिक क्षेत्र : स्थानीयस्तरको ऐतिहासिक महत्वका वस्तुहरू, व्यक्तिहरू, प्राचीन स्मारकहरू, पुरातात्विक महत्वका वस्तुहरू आदि।

३. भौगोलिक क्षेत्र : भौगोलिक विशेषता, जलवायु, मौसम आदि।

४. प्राकृतिक क्षेत्रहरू : वनजंगल, नदी, खोलानाला, ताल तलैया, पहाड पर्वत, हिमालय, वनस्पति तथा जडीबुटीहरू, जनावरहरू आदि।

५. धार्मिक क्षेत्र : मठमन्दिर, धार्मिक स्थलहरू, धार्मिक गतिविधिहरू आदि।

६. आर्थिक क्षेत्र : कृषि, व्यापार, उद्योग, पशुपालन, साना तथा वृहतस्तरका उद्योगहरू, रोजगारी क्षेत्रहरू, आर्थिक गतिविधिहरू आदि।

७. जातियता/भाषिक क्षेत्र : विभिन्न जातजाति, आदिवासी, जातीय समूहहरूले बोल्ने भाषा तथा भाषिकाहरू।

८. पर्यटन क्षेत्र : पर्यटकीय स्थलहरू, पर्यटन कार्यक्रम तथा गतिविधिहरू आदि।

९. पेशागत वा व्यवसायिक क्षेत्र : विशेष स्थानीय पेशाहरू (जस्तै खुकुरी उद्योग, ढाका कपडा उद्योग आदि)।

१०. स्वास्थ्य क्षेत्र : फोहर व्यवस्थापन, खानेपानी, सामुदायिक स्वास्थ्य, प्राथमिक उपचार आदि।

११. वातावरणीय क्षेत्र : वृक्षारोपण, प्राकृतिक विपद, वन संरक्षण आदि।

१२. शैक्षिक क्षेत्र : साहित्य, साक्षरता, सचेतना आदि।

माथि उल्लेख गरिएका क्षेत्रहरू बाहेक, त्यहाँ अन्य नयाँ विषयवस्तुहरू पनि हुनसक्छ। यस सम्बन्धमा स्थानीय स्तरमा विषवस्तुहरूको सङ्कलन, छनौट र निर्धारण गर्ने कार्य विद्यालयहरूको आफ्नै हुनेछ। त्यस्ता विषयवस्तुहरू पाठ्यक्रमको क्षेत्रलाई विचार गर्दै कक्षा एकदेखि पाँचसम्मको लागि छनौट गर्न सकिन्छ। अझ खास हुनलाई उनीहरूले विषय शीर्षकको आधारमा विषयवस्तुको निर्धारण गर्न सक्छन्, र त्यस्तो शीर्षकमा एउटा कक्षाको लागि एउटा शीर्षक राख्न सकिन्छ। तथापि, ती कुराहरूलाई मूल्याङ्कनको प्रक्रियामा राख्नु आवश्यक हुन्छ। यी विषयवस्तुको क्षेत्रमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न निष्कर्षात्मक र निर्माणात्मक (Summative and formative) दुवै मूल्याङ्कनहरू प्रयोग गरिनुपर्छ।

# इन्टरनेशनल स्कूल अवार्ड कार्ययोजना - पूर्ण अवार्ड २०१९-२० को लागि ढाँचा

BRITISH COUNCIL
INTERNATIONAL
SCHOOL AWARD

| इन्टरनेशनल स्कूल अवार्ड कार्ययोजना | |
|---|---|
| परियोजना १<br>(अन्तर्राष्ट्रिय आयाम उल्लेख गरेको शीर्षक र परियोजनाको छोटो विवरण) | |
| **प्रकार :** अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्यमूलक परियोजना/सार्वजनिक निजी/२० प्रतिशत स्थानीय पाठ्यक्रम/विद्यालयको आन्तरिक परियोजना (उपयुक्त छनौट गर्ने) | |
| दिगोविकास लक्ष्य केन्द्रित : | |
| क्रियाकलापको अन्त्यमा कम्तीमा तीनवटा सिकाइ प्रतिफल, विद्यार्थीहरू देहायका कुरा गर्न सक्षम हुनेछन् (ज्ञान र सीपअनुसार लेख्नुहोस्) : | |
| क्रियाकलापको संक्षिप्त तथा स्पष्ट विवरण जसले परियोजनाको अपेक्षित सिकाइ प्रतिफलहरू प्राप्त प्राप्त गर्न मद्दत गर्नेछ (प्रत्येक सिकाइ प्रतिफलको लागि कम्तीमा एउटा क्रियाकलाप हुनुपर्छ) | |
| क्रियाकलापको महिना तथा अवधि | |
| कक्षाहरू/संलग्न विद्यार्थीहरूको संख्या | |
| समेटिएका देशहरू | |
| पाठ्यक्रमसँग लिंक भएको समेटिएका विषयहरू | |
| जिम्मेवार शिक्षकहरू | |
| विद्यार्थीहरूमाझ सिकाइ प्रतिफलको मापन गर्न मूल्याङ्कन विधिहरू | |
| विवरण फाइलमा उपलब्ध गराउनुपर्ने प्रमाणहरू | |

# इन्टरनेशनल स्कूल अवार्ड (ISA)
# प्रभाव मूल्याङ्कन

फाराम हाम्रो यस वेवसाइटमा उपलब्ध छ :
**https://www.britishcouncil.org.np/programmes/education/connecting-classrooms/international-school-award**

# इन्टरनेशनल स्कूल अवार्ड विवरण फाइल व्यवस्थापन (ISA Portfolio organization)

## इन्टरनेशनल स्कूल अवार्ड विवरण फाइल व्यवस्थापन गर्ने (Organizing ISA Portfolio)

इन्टरनेशनल स्कूल अवार्डको विजेता बन्नको लागि इन्टरनेशनल स्कूल अवार्डसम्बन्धी विवरण फाइल उचित तरिकाले व्यवस्थित गर्नु महत्वपूर्ण हुन्छ। इन्टरनेशनल स्कूल अवार्ड विवरण फाइलमा केही प्रमुख कागजातहरू र प्रमाणहरू हुनेछन् जसले इन्टरनेशनल स्कूल अवार्ड निर्देशिकाअनुसारका सबै क्रियाकलापहरू विद्यालयले सफलतापूर्वक पूरा गरेको देखाउँछ। एउटा संगठित वा व्यवस्थित विवरण फाइलले मूल्याङ्कनकर्ताको कामलाई सजिलो बनाउँछ। सो विवरण फाइललाई तोकिएको ढाँचामा ब्रिटिश काउन्सिलमा पेश गर्नुपर्नेछ।

### विषयसूची (Table of Contents)
विद्यालयको विवरण फाइलको जानकारीहरु विषयसूचीबाट सुरु हुनुपर्छ, यसले विवरणहरुलाई कसरी संगठित वा व्यवस्थित गरिएको छ भन्ने कुरा मूल्याङ्कनकर्तालाई थाहा दिन सहज बनाउँछ।

### परिचय/विद्यालयको पृष्ठभूमि (Introduction/Background of School)
तपाईको विद्यालयको विवरण फाइलमा तपाईको विद्यालयको परिचय वा पृष्ठभूमि उल्लेख गर्नु धेरै लाभदायक हुन्छ। यसमा समेटिने विवरणहरूमा : विद्यालयको प्रोफाइल, विद्यालयको परिदृष्य, परिलक्ष्य, विद्यार्थीहरूको संख्या, शिक्षकहरूको संख्या आदि रहन्छन्। कृपया आफ्नो विद्यालय भवन र यसको वरिपरिको वातावरणको केही फोटोहरू पनि राख्नुहोस्, यसले मूल्याङ्कनकर्ताको दिमागमा तपाईको विद्यालयको तस्वीर बसाउन मद्दत गर्नेछ।

### अन्तर्राष्ट्रिय संयोजकको कार्यविवरण (International Coordinator Job Description)
विद्यालयको विवरण फाइलमा अन्तर्राष्ट्रिय संयोजनको कार्यविवरण अर्को दस्तावेद हुनुपर्नेछ। अन्तर्राष्ट्रिय संयोजकको शैक्षिक अभिलेख तथा कार्यअनुभव सहितको योग्यता विवरण (Curriculm Vitae) पनि संलग्न गर्नुहोस्। तपाईसँग संयोजक कार्यको लागि एकभन्दा बढी व्यक्ति पनि हुनसक्छन्।

### अन्तर्राष्ट्रिय नीति (International Policy)
विद्यालयको अन्तर्राष्ट्रिय नीति प्रधानाध्यापक, अन्तर्राष्ट्रिय संयोजक र विद्यालय सञ्चालन समितिको कुनै एक सदस्यले अनिवार्य हस्ताक्षर गरेको हुनुपर्छ।

### स्थानीय निकायको पत्र (Letter from Local Authority)
विद्यालयले स्थानीय शिक्षा निकायबाट उनीहरूको पत्रशीर्षमा (Letterhead) स्वीकृति दिएको पत्र संलग्न गर्नुपर्नेछ (यो पहिले जिल्ला शिक्षा कार्यालयबाट हुने गर्दथ्यो, अहिले यो स्थानीय गाउँपालिका वा नगरपालिका कार्यालयबाट प्राप्त गर्न सकिन्छ)।

### सम्बन्धित विषयवस्तु अध्ययन पूरा गरेको प्रमाण (Evidence of Course Copletion)
विद्यालयले मूलभूत सीपहरू/विद्यालय नेतृत्व तालिम वा विद्यालयसम्बन्धी अन्य कुनै अनलाइन विषवस्तु अध्ययन वा तालिम पूरा गरेर प्राप्त प्रमाणपत्रहरूको प्रतिलिपि संलग्न गर्नुपर्छ।

### कार्ययोजना (Action Plan)
पोर्टफोलियोमा पछिल्लो समयको अद्यावधिक कार्ययोजना पेश गर्नुपर्नेछ।

### प्रभाव मूल्याङ्कन (Impact Evaluation)
तपाईको विद्यालयको विवरण फाइलमा प्रभाव मूल्याङ्कन दस्तावेज सम्भवत सबभन्दा महत्वपूर्ण दस्तावेज हुनेछ। प्रभाव मूल्याङ्कन फारमको मूल्याङ्कन खण्ड सामान्य कथनहरूमात्र भएको हुनुहुँदैन। विद्यार्थी, शिक्षक र सम्पूर्ण विद्यालयमा इन्टरनेशनल स्कूल अवार्डको सिकाइ तथा प्रभावलाई विद्यालयले स्पष्टरुपमा देखाउन सक्नुपर्छ। कृपया प्रभाव मूल्याङ्कन फारामको सबै खण्डहरू पूरा गर्नुहोस्।

### क्रियाकलाप प्रमाण (Activity Evidence)
हरेक क्रियाकलाप तलका तरिकाले संगठित वा व्यवस्थित गर्नुपर्नेछ :

- क्रियाकलाप विवरण पुस्तिका
- क्रियाकलापको प्रमाणहरू

  क. तपाईको विद्यालयबाट प्रमाणहरू (फोटो, चित्र, प्रस्तुति, कला कार्य, विद्यार्थीहरूको पत्र, भिडियो, सीडी, निमन्त्रणा कार्ड, परिपत्रहरू, समाचारपत्रहरू, समाचारपत्रको काटिएका टुक्राहरू)।
  ख. साझेदार विद्यालयबाट प्रमाणहरू (फोटो, चित्र, प्रस्तुति, कलाकार्य, विद्यार्थीहरूको पत्र, भिडियो, सीडी, निमन्त्रण कार्ड, परिपत्रहरू, समाचारपत्रहरू, समाचारपत्रको काटिएका टुक्राहरू)।
  ग. साझेदार विद्यालयहरुको क्रियाकलापहरू तपाईको विद्यार्थीहरूसँग साझा गरेको प्रमाणहरू।
  घ. तपाईको क्रियाकलापहरू साझेदार विद्यालयका विद्यार्थीहरूलाई देखाइएको प्रमाणहरू।
  ङ. सहकार्यको प्रमाणहरू (सहकार्यमूलक क्रियाकलापहरूको मूल्याङ्कन, विद्यार्थीहरूको सिकाइ पुनरावलोकन वा पुनर्दृष्टि, प्रश्नावली, हाजिरीजवाफ, खाली ठाउँ भर, लहर मिलान, लेबल मिलानजस्ता कार्यमार्फत पाँचजना विद्यार्थीको मूल्याङ्कन नमूना उदाहरण)।
  च. तपाईको क्रियाकलापमा साझेदार विद्यालयले दिएको पृष्ठपोषण।
  छ. तपाईको विद्यालयभित्र वृहत आदानप्रदान भएका विषयवस्तुहरु (विहानको भेला, प्रदर्शनी, पुस्तकालय आदिबाट प्रमाणहरू)।
  झ. इमेल पत्राचार (इमेल, परियोजना स्थान वा क्षेत्र (project space), व्हाटएप्स च्याट, फेसबुक च्याट, फेसबुक कमेन्ट, स्काइप भिडियो, साझेदार विद्यालयमा प्रत्यक्ष भ्रमण)।

- मूल्याङ्कन फारामहरू (अभिभावक, शिक्षक, विद्यार्थी र आगन्तुक)।

इन्टरनेशनल स्कूल अवार्डमा तपाईले प्रतिवेदन गर्ने

हरेक क्रियाकलापको लागि कृपया माथि उल्लेखित प्रक्रियाहरू दोहोरयाउनुहोस् । प्रत्येक क्रियाकलाप प्रमाणको लागि छुट्टाछुट्टै पेजहरू प्रस्तुत गर्नुको साटो तपाईले दस्तावेजलाई एक पेजमा हुनेगरी छोट्याउन सक्नुहुनेछ ।

## पूरक क्रियाकलापहरू (Supplementary Activities)

तपाईको मूल योजनामा नभएका क्रियाकलापहरू पनि तपाईले संलग्न गर्न सक्नुहुनेछ - सम्बन्धित वर्षको विषयवस्तु अध्ययनको अवधिमा अपेक्षा नगरिएको अवसर पनि आउनसक्छ । यदि तपाईको फाइलमा ठाउँ छ भने र तपाईले मूल्याङ्कन प्यानलबाट यस कुरालाई पनि दृष्टिगत होस् भन्ने चाहनुहुन्छ भने मूल कार्ययोजनापछि पूरक गतिविधि शीर्षकमा छुट्टै दस्तावेज राख्नुहोस् । तपाईको स्वीकृत कार्ययोजनालाई संशोधन नगर्नुहोस् ।

## भावी योजनाहरू (Future Plans)

तपाईको भावी योजनाहरूको संक्षिप्त रुपरेखा समावेश गर्नुहोस् । यो पनि मूल्याङ्कनमा विचार गरिनेछ किनकि निर्णायक मण्डल वा प्यानलले तपाईको विद्यालयमा अन्तर्राष्ट्रिय आयामहरूलाई थप विकास र कार्यान्वयन गर्न के कस्ता योजनाहरू रहेका छन् भन्ने कुरामा रुचि राख्छन् । उदाहरणहरूमा यी कुराहरू पर्न सक्छन् : पाठयक्रममा परिवर्तन गर्ने (जस्तै, अन्तर्राष्ट्रिय प्राथमिक पाठ्यक्रम सुरु गर्ने, प्राथमिक शिक्षको एउटा क्षेत्र फ्रेन्च भाषामा पढाइ गर्ने) वा कार्यको योजना वा स्कीमहरू (जस्तै, सूचना प्रविधिका पाठहरूमा विदेशी विद्यार्थीहरूसँग कुराकानी गर्न मञ्चको प्रयोग गर्ने) ।

- विद्यालयको शिक्षण अभ्यास वा वृहत अभ्यासमा परिवर्तन ल्याउने,
- नयाँ विद्यालय वा परियोजनासँग सम्बन्ध र सम्पर्क स्थापित गर्ने,
- वर्तमान परियोजना क्रियाकलापहरूलाई विस्तार गर्ने,
- शिक्षक तथा विद्यार्थीहरूले सिकाइलाई वृहत समुदायमा कसरी प्रवाह गरिरहेका छन्,
- प्राप्त गरेको अतिरिक्त लाभहरू, जस्तै : विकसित वा सुधारित व्यवहार, संलग्नता, स्थानीय समुदायसँगको सम्बन्ध ।
- शुरु गरिएका क्रियाकलापहरूबाट भाषा सीपहरू वा भाषा सिकाइको रुचिलाई कसरी प्रभावित पारेको छ ।
- विश्व सवालहरूको बुझाइ र नयाँ विश्व अर्थतन्त्रमा विद्यार्थीहरूको लागि यसको सान्दर्भिकता ।

## सीडी, डीभीडी, युएसबीको प्रमाणहरू (Evidences of CD/DVD/USB)

तपाईले सीडी, डीभीडी, युएसबीमा पनि प्रमाणहरू उपलब्ध गराउन चाहन सक्नुहुन्छ, त्यसैले यस्ता विद्युतीय उपकरणमा प्रयोग हुने सामग्रीहरूमा विषयवस्तुहरूलाई फोल्डरमा व्यवस्थित राख्नुहोस् । प्रत्येक क्रियाकलापको लागि एउटा फोल्डर बनाउनुहोस् र हुनुपर्ने सबै प्रमाणहरू यसभित्र राख्नुहोस् । व्यक्तिगत वा छुट्टाछुट्टै परियोजनाको लागि छुट्टाछुट्टै सीडी, डीभीडी वा युएसबी पेश नगर्नुहोस् ।

कृपया सीडी, डीभीडी, युएसबी बिग्रेको वा नखुल्ने नभएको सुनिश्चित गर्नुहोस् ।

**विवरणहरु संग्रह गर्ने सामान्य सुझावहरू** (General tips for compiling portfolios)

- प्रारम्भदेखि नै प्रमाणहरू सङ्कलन गर्न थाल्नुहोस् ।
- क्रियाकलाप वा परियोजनाको नेतृत्व वा अगुवाइ गर्ने सबै शिक्षकहरू प्रमाण प्रस्तुत गर्ने आवश्यकता र उनीहरूको जिम्मेवारीप्रति सचेत रहेको निश्चित गर्नुहोस् ।
- विवरण फाइलमा राखिएका हरेक प्रमाणका इकाइहरूको उद्देश्य रहेको निश्चित गर्नुहोस् । एउटा वा दुईवटा थप पुस्तिका राख्दा यसले तपाईको मामिलालाई सहयोग गर्दैन तर त्यसलाई घटाउन सक्छ ।
- फेरि पेश गर्नुपर्ने झन्झटबाट बच्न वा अन्तिम मूल्याङ्कन ढिलाइ हुने कुराबाट बच्न सबै अनिवार्य कागजातहरू विवरण फाइलमा राखिएको कुरा सुनिश्चित्त गर्न छड्के जाँच गर्नुहोस् ।
- सबै कार्यहरू पूरा भइसकेपछि अर्को कसैलाई फेरि हेर्न लगाउनुहोस् ।
- गलत प्रमाणहरू कहिल्यै पनि नराख्नुहोस्, यसले तपाईको विद्यालयलाई अवार्डबाट रोक्न सक्छ ।
- विवरण फाइलमा पेश गरिएका सबै फोटो वा चित्रहरूको लागि स्पष्ट अनुशीर्षक (Caption) राख्नुहोस् ।
- **सम्पूर्ण कार्यको लागि एउटामात्र विवरण फाइल हुने, धेरै फाइलहरू (dossiers) नहुने कुराको सुनिश्चित गर्नुहोस् ।**

**याद गर्नुहोस् :** विद्यालयमा क्रियाकलाप जतिसुकै राम्रो तरिकाले गरिएको भएतापनि मूल्याङ्कन प्यानलले यसबारे थाहा पाउने एकमात्र तरिका भनेको विवरण फाइलमार्फत् हो । त्यसैले यो सफा र स्पष्ट रहेको र कार्य क्षेत्रहरूलाई इमान्दार, विश्वसनीय र पूर्णतरिकाले प्रतिनिधित्व गर्दछ भन्ने कुराको सुनिश्चित गर्न ध्यान दिनुहोस् ।

# प्रभाव मूल्याङ्कन फाराम (Impact Evaluation Form)

इन्टरनेशनल स्कूल अवार्डमा भाग लिने सबै विद्यालयहरूले प्रभाव मूल्याङ्कन फाराम पेश गर्नुपर्नेछ । प्रभाव मूल्याङ्कन फारामको उद्देश्य विद्यालयहरूलाई उनीहरूको आफ्नो प्रदर्शन वा कार्यसम्पादन मूल्याङ्कन गर्ने मौका दिनु हो । विद्यालयले उनीहरूको विद्यालय र वृहत समुदायमा इन्टरनेशनल स्कूल अवार्डको समग्र प्रभावबारेमा कुरा गर्नुपर्छ, विशेषगरी विद्यार्थीहरू, उनीहरूको व्यवहार, दृष्टिकोण वा धारणा (गहन सिकाइ) र इन्टरनेशनल स्कूल अवार्डले सिकाइ प्रतिफलमा कसरी सहयोग गरेको छ भन्ने बारेमा ।

विद्यालयहरूलाई उनीहरूको प्रमुख सफलताका तत्व वा कारकहरू, सबल पक्ष र सामना गरेका चुनौतीहरू र त्यसलाई उनीहरूले कसरी समाधान गरे भन्ने सम्बन्धमा कुरा गर्न प्रोत्साहित गरिन्छ ।

| विद्यालयको जानकारी | |
|---|---|
| विद्यालयको नाम | |
| विद्यालयको ठेगाना | |
| प्रधानाध्यापकको नाम | |
| अन्तर्राष्ट्रिय संयोजकको नाम | |

| १. अन्तर्राष्ट्रिय रणनीति तथा सञ्चार (International Stragegy and Communication) | |
|---|---|
| पछिल्लोपटक विद्यालयको अन्तर्राष्ट्रिय नीति पुनरावलोकन गरेको मिति उल्लेख गर्नुहोस् ।<br><br>*(अन्तर्राष्ट्रिय नीति कतिपटक पुनरावलोकन गरियो उल्लेख गर्नुहोस् र त्यसको प्रमाण पेश गर्नुहोस्)* | |
| विद्यालयले इन्टरनेशनल स्कूल अवार्डमा गरेको प्रगतिको प्रतिवेदन उच्च व्यवस्थापनमा (विद्यालय नेतृत्व टीम, विद्यालय व्यवस्थापन समिति) पेश गरेको मिति उल्लेख गर्नुहोस् ।<br><br>*(इन्टरनेशनल स्कूल अवार्डमा गरेको प्रगतिबारे हरेक दुई महिनामा उच्च व्यवस्थापनमा प्रतिवेदन पेश गरिने कुराको सुनिश्चित गर्नुहोस्) ।* | |
| इन्टरनेशनल स्कूल अवार्ड र विद्यालयको परिदृष्य<br><br>*(तपाईको विद्यालयको परिदृष्य/परिलक्ष्यलाई (Vision/Mission) इन्टरनेशनल स्कूल अवार्डले कसरी सहयोग गरेको छ उल्लेख गर्नुहोस्)* | |
| के नयाँ कर्मचारी सदस्यहरूलाई योजना गरिएका अन्तर्राष्ट्रिय सिकाइ क्रियाकलापहरूमा जानकारी गराइएको वा थाहा दिइएको छ ? छ, छैन ।<br><br>*(नयाँ कर्मचारीसँगको बैठकको मिति उल्लेख गर्नुहोस् जहाँ विद्यालयको अन्तर्राष्ट्रिय सिकाइ क्रियाकलापहरू बारेमा बताइएको थियो) ।* | |
| के सबै कर्मचारी सदस्यहरूलाई भइरहेको र योजना गरिएका अन्तर्राष्ट्रिय सिकाइ क्रियाकलापहरूबारे जानकारी दिइएको छ ? छ, छैन ।<br><br>*(पूर्ण कर्मचारी बैठकको मिति उल्लेख गर्नुहोस् जहाँ विद्यालयको अन्तर्राष्ट्रिय क्रियाकलापहरूबारे बताइएको थियो र विद्यालयभित्र क्रियाकलापहरू कसरी साझा गरिएको थियो) ।* | |
| के अभिभावकहरूलाई भइरहेको र योजना गरिएका अन्तर ाष्ट्रिय सिकाइ क्रियाकलापहरूबारे जानकारी दिइएको छ ? छ, छैन ।<br><br>*(समाचार पत्र, सोहीप्रकारका अन्य प्रकाशनको मिति वा विद्यालयको अन्तर्राष्ट्रिय सिकाइ क्रियाकलापको प्रतिवेदन सझा गरिएको बैठकको मिति उल्लेख गर्नुहोस् ) ।* | |
| के स्थानीय समुदायलाई विद्यालयमा भएका अन्तर्राष्ट्रिय सिकाइ गतिविधिबारे जानकारी दिइएको वा यसमा उनीहरूलाई संलग्न गराइएको छ ? छ, छैन ।<br><br>*(समाचार पत्र, समाचार पत्र लेख, सोही प्रकारका अन्य प्रकाशनको मिति वा विद्यालयको अन्तर्राष्ट्रिय सिकाइ क्रियाकलापको प्रतिवेदन सझा गरिएको बैठकको मिति उल्लेख गर्नुहोस् ) ।* | |

| २. अन्तर्राष्ट्रिय साझेदार विद्यालयहरू (International partner schools) | |
|---|---|
| अन्तर्राष्ट्रिय साझेदार विद्यालयको नाम (१) | |
| सम्पर्क नाम | |
| भूमिका | |
| विद्यालयको ठेगाना | |
| इमेल ठेगाना | |
| फोन नं. | |
| यो साझेदारसँग तपाईले गरेको अन्तर्क्रियाको प्रकार सारांशमा उल्लेख गर्नुहोस्<br>*(जस्तै : इमेल, चिठी, भिडियो कन्फेरेन्स, कर्मचारी वा बालबालिकाबाट भएका पारस्परिक भ्रमण) ।* | |

| | |
|---|---|
| अन्तर्राष्ट्रिय साझेदार विद्यालयको नाम (२) | |
| सम्पर्क नाम | |
| भूमिका | |
| विद्यालयको ठेगाना | |
| इमेल ठेगाना | |
| फोन नं. | |
| यो साझेदारसँग तपाईले गरेको अन्तर्क्रियाको प्रकार सारांशमा उल्लेख गर्नुहोस्<br>*(जस्तै : इमेल, चिठी, भिडियो कन्फेरेन्स, कर्मचारी वा बालबालिकाबाट भएका पारस्परिक भ्रमण) ।* | |

| | |
|---|---|
| अन्तर्राष्ट्रिय साझेदार विद्यालयको नाम (३) | |
| सम्पर्क नाम | |
| भूमिका | |
| विद्यालयको ठेगाना | |
| इमेल ठेगाना | |
| फोन नं. | |
| यो साझेदारसँग तपाईले गरेको अन्तर्क्रियाको प्रकार सारांशमा उल्लेख गर्नुहोस्<br><br>*(जस्तै : इमेल, चिठी, भिडियो कन्फेरेन्स, कर्मचारी वा बालबालिकाबाट भएका पारस्परिक भ्रमण) ।* | |

| ३. राष्ट्रिय साझेदार विद्यालयहरू (National partner schools) | |
|---|---|
| राष्ट्रिय साझेदार विद्यालयको नाम (१) | |
| सम्पर्क नाम | |
| भूमिका | |
| विद्यालयको ठेगाना | |
| इमेल ठेगाना | |
| फोन नं. | |
| यो साझेदारसँग तपाईले गरेको अन्तर्क्रियाको प्रकार सारांशमा उल्लेख गर्नुहोस्<br>*(जस्तै : इमेल, चिठी, भिडियो कन्फेरेन्स, कर्मचारी वा बालबालिकाबाट भएका पारस्परिक भ्रमण) ।* | |

| | |
|---|---|
| राष्ट्रिय साझेदार विद्यालयको नाम (२) | |
| सम्पर्क नाम | |
| भूमिका | |
| विद्यालयको ठेगाना | |
| इमेल ठेगाना | |
| फोन नं. | |
| यो साझेदारसँग तपाईले गरेको अन्तर्क्रियाको प्रकार सारांशमा उल्लेख गर्नुहोस्<br>*(जस्तै : इमेल, चिठी, भिडियो कन्फेरेन्स, कर्मचारी वा बालबालिकाबाट भएका पारस्परिक भ्रमण) ।* | |

| **४. मूल्याङ्कन (Evaluation)** |
| --- |
| विद्यार्थीहरूमा परेको सकारात्मक प्रभाव<br>*(विद्यार्थीहरूलाई विश्व नागरिक बनाउने उनीहरूको सिकाइ/संलग्नतामा अन्तर्राष्ट्रिय सिकाइ गतिविधिहरूको प्रभावलाई संक्षिप्त उल्लेख गर्नुहोस् ।)* |
| |
| शिक्षकहरूमा परेको सकारात्मक प्रभाव<br>*(विश्व आयामहरू र अन्तर्राष्ट्रिय वातावरण, प्रकृतिको विकासको खास सन्दर्भमा शिक्षकहरू र विद्यालय/समग्र विद्यालय प्रणालीमा अन्तर्राष्ट्रिय सिकाइ गतिविधिहरूको प्रभावलाई संक्षिप्त उल्लेख गर्नुहोस् ।)* |
| |
| वृहत समुदायमा परेको सकारात्मक प्रभाव<br>*(अन्तर्राष्ट्रिय सिकाइ गतिविधिहरूको तपाईको गृहदेश वा विदेशमा रहेका वृहत समुदायमा परेको प्रभावलाई संक्षिप्त उल्लेख गर्नुहोस् ।)* |
| |

| ५. भावी योजनाहरू (Future plans) |
| --- |
| तपाईले इन्टरनेशनल स्कूल अवार्ड मान्यताको पूरै तीन वर्षसम्म वा त्यसभन्दा पछाडि अन्तर्राष्ट्रिय वातावरण वा प्रकृति तपाईको विद्यालयमा कसरी कायम गर्नुहुन्छ त्यसको रुपरेखा बनाउनुहोस् । |
| |

| ६. अन्य कार्यक्रमहरू (Other programmes) |
| --- |
| कृपया तपाईको विद्यालय संलग्न भएको अन्य कार्यक्रमहरू (कोष लगानी भएको नभएको), परियोजनाहरू, मान्यता योजनाहरूको विस्तृत विवरण उल्लेख गर्नुहोस् । ती कुराहरू तपाईको इन्टरनेशनल स्कूल अवार्डसँग सम्बन्धित छन् वा कसरी सम्बन्धित छन् उल्लेख गर्नुहोस् । |
| |

| ७. सदभावना दूत भूमिका (Ambassador role) |
| --- |
| अन्तर्राष्ट्रिय आयाम वा इन्टरनेशनल स्कूल अवार्डमा अन्य विद्यालयहरूलाई संलग्न हुने कुरामा प्रोत्साहित गर्न यस विद्यालयले कुन मात्रा वा हदसम्म सहयोग वा परामर्श दिँदै आएको छ ? |
| |

## ८. घोषणा (Declaration)

यस फारामको एक प्रति प्रधानाध्यापकमा जानुपर्नेछ । वहाँले यसलाई स्वीकृत गरेको पुष्टि गर्नुपर्नेछ ।

म, .......................................................................................... (प्रधानाध्यापकको नाम) यो पुष्टि गर्दछु कि यस विद्यालयको पाठ्यक्रम र समग्र गतिविधिमा अन्तर्राष्ट्रिय आयामलाई सामेल गरिएको छ । मैले प्रमाणहरूको पुनरावलोकन गरेको छु जसले संकेत गर्छ कि यस विद्यालयले ब्रिटिश काउन्सिलबाट उल्लेख गरिएअनुसारको पूर्ण इन्टरनेशनल स्कूल अवार्डसँग सम्बन्धित मापदण्ड पुरा गर्छ र यदि अनुरोध गरिएको खण्डमा यसलाई इन्टरनेशनल स्कूल अवार्डबाट भ्रमण गनुहुने प्रतिनिधहरूसमक्ष तुरुन्तै उपलब्ध गराउने जिम्मेवारी पनि लिनेछु ।

माथिका सबै जानकारीहरू सही दुरुस्त रहेको र इन्टरनेशनल स्कूल अवार्ड भ्रमण प्रतिनिधिलाई आपसीरुपमा उपयुक्त सहज समयमा स्वागत गर्न विद्यालय तयार रहेको म पुष्टि गर्दछु ।

हस्ताक्षर .................................. मिति ..................................

**डाटा संरक्षणसम्बन्धी सूचना**

यस इन्टरनेशनल स्कूल अवार्ड योजना ब्रिटिश काउन्सिलद्वारा सञ्चालित छ । ब्रिटिश काउन्सिलले इन्टरनेशनल स्कूल अवार्डको लागि तपाईको विद्यालयको मूल्याङ्कन गर्न तपाईले दिएको जानकारी प्रयोग गर्नेछ ।

हामी यस जानकारी इन्टरनेशनल स्कूल अवार्ड प्यानल र हाम्रो सञ्जालमा रहेका स्थानीय शैक्षिक निकाय/बोर्डको ठेगानामा खुलाशा गर्नेछौं । तपाईको बारेमा हामीले राखेको जानकारीको एकप्रति माग्ने तपाईको अधिकार छ । यसको लागि dataprotection@britishcouncil.org मा इमेल गर्नुहोस् वा तपाईको अनुरोध लिखितरुपमा डाटा संरक्षण अधिकृतलाई, British Council, 10 Spring Gardens, London SW1A 2BN ठेगानामा पठाउनुहोस् ।

शिक्षण तथा सिकाइको अन्तर्राष्ट्रिय आयामलाई समृद्ध र नवीनता प्रदान गर्नको लागि तपाईले गर्नुभएको सहयोगको लागि धेरै धन्यवाद । इन्टरनेशनल स्कूल अवार्डसँग सम्बधित मान्यता प्रक्रियाका सम्बन्धमा तपाईको पृष्ठपोषण प्राप्त गर्ने, अन्य विद्यालयहरूलाई उनीहरूको अन्तर्राष्ट्रिय यात्रामा सहयोग गर्ने र यस महत्वपूर्ण कार्यको प्रवर्द्धन गर्ने कुराको हामी अपेक्षा गर्दछौं । कृपया तपाईको टीप्पणी तथा सुझाव ब्रिटिश काउन्सिलको इन्टरनेशनल स्कूल अवार्ड टीमलाई इमेल ठेगाना connecting.classrooms@britishcouncil.org.np मा पठाउनुहोला ।

## मार्गदर्शन बुँदाहरु

### खण्ड ४ - मूल्याङ्कन

**विद्यार्थीहरूलाई विश्व नागरिक बनाउने उनीहरूको सिकाइ/संलग्नतामा अन्तर्राष्ट्रिय सिकाइ गतिविधिहरूको प्रभावलाई संक्षिप्त उल्लेख गर्नुहोस् ।**

यस खण्डमा तपाईले अन्तर्राष्ट्रिय क्रियाकलापको फाइदा तथा प्रभावहरूका साथै त्यसबाट विद्यार्थीहरूको सिकाइ, उपलब्धि र संलग्नतामा परेको असरबारे जानकारी उपलब्ध गराउनुपर्नेछ ।

विश्व नागरिकको रुपमा विद्यार्थीहरूले उनीहरूको अन्तर्राष्ट्रिय साझेदारहरूसँग अन्तर्क्रियामार्फत् जीवनउपयोगी सीपहरूको विकास गरेका हुनेछन् । तिनीहरूले आर्थिक, सांस्कृतिक र ऐतिहासिकरुपमा जीवन तथा जीविकाको विभिन्न तरिकाहरूको गहन बुझाइको प्रमाण पेश गर्न सक्षम हुनुपर्छ ।

विद्यार्थी, शिक्षक, अभिभावक र आगन्तुक वा भ्रमणकर्ताहरू लगायतका विभिन्न स्रोतहरूबाट जानकारीहरू सङ्कलन गर्न सकिन्छ । नमुना मूल्याङ्कन फारामहरू schoolsonline.britishcouncil.org/isa मा उपलब्ध छन् । खास अन्तर्राष्ट्रिय गतिविधिहरूसँग नजिकबाट संलग्न रहेको विद्यार्थीहरू र शिक्षकहरूसँग भएका छलफलहरूको रेकर्ड गर्न यसलाई किन प्रयोग नगर्ने ? अभिभावकहरू र विद्यालय भ्रमण गर्ने आगन्तुकहरू पनि क्रियाकलाप वा प्रतिफलमा संलग्न रहेका छन् भने उनीहरूको जवाफ पनि धेरै उपयोगी हुनसक्छ ।

**विश्व आयामहरू र अन्तर्राष्ट्रिय वातावरण, प्रकृतिको विकासको खास सन्दर्भमा शिक्षकहरू र विद्यालय/समग्र विद्यालय प्रणालीमा अन्तर्राष्ट्रिय सिकाइ गतिविधिहरूको प्रभावलाई संक्षिप्त उल्लेख गर्नुहोस् ।**

यस खण्डमा तपाईले विद्यालयको शिक्षणमा वा शिक्षकहरूको पेशागत विकास र वृहत अभ्यासमा अन्तर्राष्ट्रिय क्रियाकलापको फाइदा तथा प्रभावहरू बारेको जानकारी उपलब्ध गराउनुपर्नेछ ।

शिक्षकहरूले आफ्नो पेशागत विकास पहिचान गरी र सहकार्यमूलक परियोजनाबाट विद्यार्थीहरूले यसको अनुभवको रुपमा भाषा सीपहरूको प्रयोग गर्दै उनीहरूको बढ्दो संलग्नता र उपलब्धिको प्रमाण कसरी देखिन्छ भन्ने कुरा अवलोकन गरी शिक्षकहरू साझेदार विद्यालयहरूसँगको अभ्यासको बेन्चमार्क निर्धारण गर्न सक्षम हुनेछन् ।

विद्यार्थी, शिक्षक, अभिभावक र आगन्तुक वा भ्रमणकर्ताहरू लगायतका विभिन्न स्रोतहरूबाट जानकारीहरू सङ्कलन गर्न सकिन्छ । नमुना मूल्याङ्कन फारामहरू schoolsonline.britishcouncil.org/isa मा उपलब्ध छन् । खास अन्तर्राष्ट्रिय गतिविधिहरूसँग नजिकबाट संलग्न रहेको विद्यार्थीहरू र शिक्षकहरूसँग भएका छलफलहरूको रेकर्ड गर्न यसलाई किन प्रयोग नगर्ने ? अभिभावकहरू र विद्यालय भ्रमण गर्ने आगन्तुकहरू पनि क्रियाकलाप वा प्रतिफलमा संलग्न रहेका छन् भने उनीहरूको जवाफ पनि धेरै उपयोगी हुनसक्छ ।

**अन्तर्राष्ट्रिय सिकाइ गतिविधिहरूको तपाईको आफ्नो देश वा विदेशमा रहेका वृहत समुदायमा परेको प्रभावलाई संक्षिप्तरुपमा उल्लेख गर्नुहोस् ।**

यस खण्डमा तपाईले क्रियाकलापहरूको आफ्नो देश वा विदेशका स्थानीय समुदायमा (अभिभावक, तपाईको विद्यालयका आगन्तुक, अन्य विद्यालय तथा शिक्षकहरू, सामुदायिक समूह तथा संस्थाहरू आदिमा) प्रभावबारे बारेको जानकारी उपलब्ध गराउनुपर्नेछ ।

विद्यार्थी, शिक्षक, अभिभावक र आगन्तुक वा भ्रमणकर्ताहरू लगायतका विभिन्न स्रोतहरूबाट जानकारीहरू सङ्कलन गर्न सकिन्छ । नमुना मूल्याङ्कन फारामहरू schoolsonline.britishcouncil.org/isa मा उपलब्ध छन् । खास अन्तर्राष्ट्रिय गतिविधिहरूसँग नजिकबाट संलग्न रहेको विद्यार्थीहरू र शिक्षकहरूसँग भएका छलफलहरूको रेकर्ड गर्न यसलाई किन प्रयोग नगर्ने ? अभिभावकहरू र विद्यालय भ्रमण गर्ने आगन्तुकहरू पनि क्रियाकलाप वा प्रतिफलमा संलग्न रहेका छन् भने उनीहरूको जवाफ पनि धेरै उपयोगी हुनसक्छ ।

### खण्ड ५ - भावी योजनाहरू

पूर्ण इन्टरनेशनल स्कूल अवार्ड (Full ISA) मान्यता ३ वर्षसम्म रहन्छ, त्यसपछि तपाईले पुनःमान्यताको लागि आवेदन गर्न सक्नुहुन्छ । हामी परिकल्पना गर्छौं कि यी तीन वर्षमा तपाईले साझेदारहरूसँग तपाईको अन्तर्राष्ट्रिय कार्य निरन्तर कायम र विकास गर्नुहुनेछ र यी क्रियाकलापहरूको उपलब्धि र यसबाट समयअन्तरालमा विद्यार्थीहरू, पेशागत विकास, विद्यालय र वृहत समुदायमा परेको प्रभावहरूको मापन निरन्तर गर्नुहुनेछ ।

उदाहरणहरूमा निम्न रहनसक्छन् :

- पाठयक्रममा परिवर्तन गर्ने (जस्तै, अन्तर्राष्ट्रिय प्राथमिक पाठ्यक्रम सुरु गर्ने, प्राथमिक शिक्षाको एउटा क्षेत्र फ्रेन्च भाषामा पढाइ गर्ने) वा कार्यको योजना वा स्कीमहरू (जस्तै, सूचना प्रविधिका पाठहरूमा विदेशी विद्यार्थीहरूसँग कुराकानी गर्न मञ्चको प्रयोग गर्ने) ।
- विद्यालयको शिक्षण अभ्यास वा वृहत अभ्यासमा परिवर्तन ल्याउने,
- नयाँ विद्यालय वा परियोजनासँग सम्बन्ध र सम्पर्क स्थापित गर्ने,
- वर्तमान परियोजना क्रियाकलापहरूलाई विस्तार गर्ने,
- शिक्षक तथा विद्यार्थीहरूले सिकाइलाई वृहत समुदायमा कसरी प्रवाह गरिरहेका छन्,
- प्राप्त गरेको अतिरिक्त लाभहरू, जस्तै : विकसित वा सुधारित व्यवहार, संलग्नता, स्थानीय समुदायसँगको सम्बन्ध ।
- शुरु गरिएका क्रियाकलापहरूबाट भाषा सीपहरू वा भाषा सिकाइको रुचिलाई कसरी प्रभावित पारेको छ ।
- विश्व सवालहरूको बुझाइ र नयाँ विश्व अर्थतन्त्रमा विद्यार्थीहरूको लागि यसको सान्दर्भिकता ।

### खण्ड ७ - सदभावना दूतको भूमिका

अन्तर्राष्ट्रिय आयाम वा इन्टरनेशनल स्कूल अवार्डमा अन्य विद्यालयहरूलाई संलग्न हुने कुरामा प्रोत्साहित गर्न यस विद्यालयले कुन मात्रा वा हदसम्म सहयोग वा परामर्श दिँदै आएको छ ?

यसमा अन्य विद्यालयहरूसँग, सम्भवतः तपाईको स्थानीय क्षेत्रमा, तपाईले साझा गरेको तपाईको ज्ञान तथा अन्तर्राष्ट्रिय अनुभवका तरिकाहरू समावेश गर्नुपर्छ । यसमा नयाँ विद्यालयलाई इन्टरनेशनल स्कूल अवार्डको कुनै पनि स्तरमा प्रवेश गर्न मद्दत गर्नु, नयाँ विद्यालयलाई इन्टरनेशनल स्कूल अवार्डको आधारभूत वा मध्यमस्तर शुरु गर्न परामर्श सहयोग गर्नु वा प्रशिक्षित गर्नु, इन्टरनेशनल स्कूल अवार्ड च्याम्पियन बन्न सहयोग गर्नु, विद्यालय साझेदारी कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा सल्लाह दिनु, वा पाठ्यक्रमको सिकाइ, विद्यार्थीहरूको संलग्नता व वृहत विश्वलाई बुझ्न के कस्ता क्रियाकलापहरू गर्ने भन्ने सम्बन्धमा सुझाव दिनुजस्ता कुराहरु पर्नसक्छन् ।

# इन्टरनेशनल स्कूल अवार्ड (ISA)
# अन्तर्राष्ट्रिय नीति

# अन्तर्राष्ट्रिय नीति उदाहरणहरु

अन्तर्राष्ट्रिय नीति - उदाहरण १, गोल्डेन फ्यूचर एकेडेमी, मनाङ

## परिचय

**गोल्डेन फ्यूचर एकेडेमीमा** हाम्रो अन्तर्राष्ट्रिय झुकाव र सोचमार्फत् हामीले हाम्रा बालबालिकालाई विभिन्न प्रकारका धेरै अनुभवहरू प्रदान गर्न सक्षम भएका छौं जसले उनीहरूको सिकाइ अभिवृद्धि गर्नेछ र उनीहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचानप्रति सचेतना जगाउनेछ। यस अन्तर्राष्ट्रिय आयाम हाम्रो विद्यालय समुदायको दृष्टिकोण, धारणा र मूल्य मान्यतामा र विद्यालयको पाठ्यक्रममा देखापर्नेछ।

## अन्तर्राष्ट्रिय उद्देश्य

- बालबालिकाहरुलाई उनीहरूको आफ्नो जीवन र मानिसहरूबीचको सम्बन्ध, विश्वभरका ठाउँहरू तथा सवालहरू खोजी गर्ने सिकाइलाई सबल बनाउने।
- भविष्यको लागि उचित, निष्पक्ष र दिगो विश्व सिर्जनामा उनीहरूको भूमिका बुझ्न मद्दत गर्ने।
- आजको विश्वमा बालबालिकाहरूको जीवनको भूमिकाहरू पहिचान गर्ने।
- पाठ्यक्रम तथा सञ्चारलाई विकास गर्ने कुरामा केन्द्रित दिँदै हाम्रो साझेदार विद्यालयहरूसँगको सम्बन्धलाई थप विस्तार गर्ने।
- उनीहरूलाई विश्व नागरिकको लागि तयार गर्ने।

## अन्तर्राष्ट्रिय लक्ष्य प्राप्तिको लागि हाम्रो कार्य

- अन्तर्राष्ट्रिय आयाम भएको सहकार्यमूलक पाठ्क्रमको विकास गर्ने जसले सन्तुलित दृष्टिकोणसाहितको विश्व नागरिक सिर्जना गर्न मद्दत गर्नेछ।
- स्थानीय, क्षेत्रीय तथा विश्वस्तरमा महत्वपूर्ण तथा दिगो सवालहरूको बुझाइको प्रवर्द्धन तथा सुदृढीकरण गर्न नियमितरुपमा कार्यक्रम तथा पाठको योजना बनाउने र यससँग सम्बन्धित विभिन्न रितिरिवाज तथा संस्कृतिप्रतिको सचेतना बढाउने।
- पाठ्यक्रममा अन्तर्राष्ट्रियता सामेल गर्न योजना बनाउने र पाठ्यक्रमको विश्व आयामको मात्रा र दिगोपनाबारे पूर्णरुपमा बुझ्न शिक्षार्थीहरूलाई अवसर प्रदान गर्ने।
- अभिभावकहरूको अधिकतम संलग्नतासहित विश्व सवालहरूमा संलग्न हुने र सक्रिय विश्व नागरिक बन्ने अवसरहरू विद्यालयको वातावरणमा समावेश गर्ने।
- शिक्षार्थीहरूलाई उनीहरूको लागि र वातावरणको लागि जिम्मेवारी लिँदै व्यक्तितरुपमा र वृहत विश्वको सदस्यको रुपमा विकास हुन प्रेरित गर्ने।
- इन्टरनेशनल स्कूल अवार्ड २०१८/२०१९ प्राप्त गर्नको लागि कार्य गर्ने।

# अन्तर्राष्ट्रिय नीति उदाहरणहरु

अन्तर्राष्ट्रिय नीति - उदाहरण २, शारदा माध्यमिक विद्यालय, मनाङ

## परिचय

विद्यालय व्यवस्थापन समिति र कार्यचारीहरूले पहिचान गरेका छन् कि :

- अर्थतन्त्र बढ्दोरुपमा अन्तर्निभर हुँदै गइरहेको र विश्व सञ्चार एक दैनिक यथार्थता रहेको संसारमा बसोबास गर्ने हाम्रो विद्यार्थीहरूको जीवनमा विश्व सवालहरू एक महत्वपूर्ण भाग हुन् । हाम्रो विद्यार्थीहरूको इन्टरनेटमा पहुँच छ र यात्रा गर्ने अवसरहरू बढ्दो छन्, विश्वभरका समाचार कथाहरू हेर्ने अवसर छन्, र उदाहरणको लागि, अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकूद कार्यक्रमहरू अवलम्बन गर्ने अवसर छन् ।
- विश्व आयामका विषयवस्तुहरु हाम्रो विद्यार्थीहरूको दृष्टिकोण र मूल्यमान्यतामा, विद्यालयको वातावरण, अध्ययन कार्यक्रमहरू र प्रमुख सीपहरूमा प्रतिविम्बत हुनेछन् ।
- विद्यालयको रुपमा हामी लैङ्गिक तथा जातीय समानताको लागि प्रतिबद्ध छौं ।

## लक्ष्यहरु

विद्यार्थीहरूलाई विश्वव्यापी महत्वका सवालहरूमा धैरै ज्ञान हासिल गर्न सक्षम बनाउने, र :

- हाम्रो विद्यालय, र स्थानीय तथा राष्ट्रिय समुदायमा रहेका समृद्ध तथा विविध सम्पदाहरूको सम्मान गर्ने तथा उत्सव मनाउने,
- विश्व अर्थतन्त्रमा रहेको जटिल अन्तर्राष्ट्रिय अन्तरनिर्भरता बुझ्ने ।
- विभिन्न संस्कृति, मान्यता र आस्थाको सम्मान गर्ने र महत्व दिने ।
- विभिन्न देशहरूमा बासोबास गर्ने विद्यार्थी तथा वयस्क मानिसहरूसँगको नियमित सम्पर्कको उपयोग गर्ने ।

## उद्देश्यहरु

- इन्टरनेशनल स्कूल अवार्ड प्राप्त गर्न र कायम राख्न कार्य गर्ने ।
- हाम्रो औपचारिक तथा अनौपचारिक दुवै पाठ्यक्रमको वार्षिक संपरीक्षण गर्ने, जसले विश्व आयामको प्रत्येक सातवटा प्रमुख अवधारणाअनुरुप पाठ्यक्रमको सबै उचित क्षेत्रमा कार्ययोजनाको विकास गर्न आवश्यक जानकारी प्रदान गर्नेछ र यसबाट सबै विद्यार्थीहरूको लागि सिकाइ अनुभवहरूमा स्पष्ट मापन गरिएको विश्व आयाम हुनेछ । यी सातवटा प्रमुख अवधारणाहरू निम्न पहिचान गरिएको छ :
  १. विविधता
  २. द्वन्द्व समाधान
  ३. मानव अधिकार
  ४. अन्तरर्निभरता
  ५. सामाजिक न्याय
  ६. दिगो विकास
  ७. मूल्यमान्यता तथा दृष्टिकोण
- विभिन्न विश्व सिकाइ साझेदारीहरू विकास गर्ने र त्यसबाट भरपूर लाभ लिने । यसमा समावेश हुने क्रियाकलापहरूमा :
  → इमेल तथा इन्टरनेट परियोजना, भिडियो कन्फेरेन्स
  → अन्य देशहरूको आगन्तुक वा भ्रमणकर्तासँग अन्तर्क्रिया गर्ने (विद्यार्थी र वयस्कहरू) ।
  → विद्यार्थी/कर्मचारी बेलायत र विदेशमा रहेका सांस्कृति रुचिका ठाउँहरू भ्रमण गर्नेछन् ।
  → विद्यार्थी आदानप्रदान र विदेशी कार्य अनुभवका लागि अवसर वा नियुक्ति ।
- हाम्रो सबै विद्यार्थीहरूलाई विभिन्न उपयुक्त भाषा विकल्पहरू प्रस्तुत गरी उनीहरूलाई विदेशी भाषाहरू अध्ययन गर्न सक्रिय प्रोत्साहन गर्ने ।
- हाम्रो समृद्ध तथा विविध सम्पदाहरूको लागि नियमित उत्सवको आयोजना गर्ने ।

अन्तर्राष्ट्रिय नीति - उदाहरण ३, एके माध्यमिक विद्यालय, काठमाडौं

## औचित्य

ल्याण्डीवुड प्राथमिक विद्यालयमा अन्तर्राष्ट्रिय दृष्टिकोणको संलग्नताबाट हामी हाम्रो बालबालिकाहरूलाई विविध अनुभवहरू प्रदान गर्न सक्षम छौं जसले उनीहरूको सिकाइ अभिवृद्धि गर्नेछ र उनीहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचानप्रति सचेतना जगाउनेछ ।

## उद्देश्यहरु

- हाम्रो देशको लगायत अन्य देशहरू, संस्कृतिहरू र भाषाहरूको सुसूचित सचेतना प्रदान गर्ने ।
- वातावरणीय सवालहरूमा वृहत संलग्नता प्रोत्साहित गर्ने ।
- अन्य संस्कृतिहरूप्रतिको जिज्ञासा विकास गर्ने ।
- बालबालिका, कर्मचारी र विद्यालय नेतृत्वहरूलाई अन्य देशहरूको दैनिक जीवनप्रतिको अनुभव गराउने ।
- सञ्चार सीपको विकासका लागि अर्थपूर्ण सन्दर्भमा सूचना तथा संचार प्रविधिहरूको प्रयोगको प्रवर्द्धन गर्ने ।
- समान अवसर, जातीय समानता र नागरिकताको प्रवर्द्धनको लागि थप अवसरहरू प्रदान गर्ने ।

## मार्गदर्शन

हाम्रो विद्यालयको वातावरणको एक भागको रुपमा अन्तर्राष्ट्रिय आयाम समावेश गरी हामीले बालबालिका तथा कर्मचारीहरूलाई आन्तरिक तथा बाह्य दुवै रुपमा वृहत विविध अनुभवहरू प्रदान गर्न सक्छौं, यसका अतिरिक्त राष्ट्रिय पाठ्यक्रममा योगदान गर्न सक्छौं :

- अन्य देशका विद्यालयहरूसँग सम्पर्क विकास गर्ने ।
- अन्य देशहरूबाट हाम्रो विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई स्वागत गराउने ।
- संयुक्त परियोजनामार्फत हाम्रो स्थानीय क्षेत्र र अन्य क्षेत्रका वातावरणीय सवालहरूमा सचेतना जगाउने ।
- अर्को देशका जीवनको प्रत्यक्ष अनुभव प्रदान गरी रुचि तथा प्रेरणा बढाउने ।

- विदेशमा रहेका साथीहरूलाई पत्र र इमेल लेखी सञ्चार प्रवर्द्धन गर्ने ।
- कर्मचारीहरूलाई विभिन्न शिक्षण तथा सिकाइ शैलीहरूको तुलना गर्ने अवसर प्रदान गर्ने ।
- अरुको वातावरण र विश्वमा भैरहेका कुराप्रति सचेतना र सम्मानको भावना जगाउने ।
- सबै बालबालिकाहरूको लागि अन्तर्राष्ट्रिय विषय वा शीर्षक भएको अन्तरपाठ्क्रम क्रियाकलापहरूको विकास गर्ने ।

## मूल्याङ्कन

यस नीतिलाई हाम्रो कोमेनिअस प्रोजेक्टको (Comenios Project) वार्षिक समीक्षा प्रक्रियाको एक भागको रुपमा नियमित मूल्याङ्कन गरिनेछ । यसलाई हाम्रो सञ्चालक समितिको नीति समीक्षा चक्र अन्तर्गत रहेर पनि समीक्षा गरिनेछ ।

हाम्रो वार्षिक विद्यालय विकास योजनामा पनि मूल्याङ्कनको कुरा राखिनेछ ।

### अन्तर्राष्ट्रिय नीति – उदाहरण ३, राष्ट्रिय माध्यमिक विद्यालयबाट

## परिचय

सञ्चालकहरू र कर्मचारीहरूले पहिचान गर्छन् कि :

- अर्थतन्त्र बढ्दोरुपमा अन्तरनिर्भर हुँदै गइरहेको र विश्व सञ्चार एक दैनिक यथार्थता रहेको संसारमा बसोबास गर्ने हाम्रो विद्यार्थीहरूको जीवनमा विश्व सवालहरू एक महत्वपूर्ण पक्ष हुन् । हाम्रो विद्यार्थीहरूको इन्टरनेटमा पहुँच छ र यात्रा गर्ने अवसरहरू बढ्दो छन्, विश्वभरका समाचार कथाहरू हेर्ने अवसर छन्, र उदाहरणको लागि, अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकूद कार्यक्रमहरू अवलम्बन गर्ने अवसर छन् ।
- विश्व आयामका विषयवस्तुहरु हाम्रो विद्यार्थीहरूको दृष्टिकोण र मूल्यमान्यतामा, विद्यालयको वातावरण, अध्ययन कार्यक्रमहरू र प्रमुख सीपहरूमा प्रतिविम्बत हुनेछन् ।
- विद्यालयको रुपमा हामी लैङ्गिक तथा जातीय समानताको लागि प्रतिबद्ध छौं ।

## विश्व आयाम नीति

राष्ट्रिय माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति र कर्मचारीहरूले हाम्रो विद्यार्थीहरू बस्ने विश्व बढ्दो रुपमा अन्तर्निभर र अन्तरसम्बन्धित रहेको पहिचान गर्छन् र यसले हाम्रो साझा भविष्यमा सिर्जना गर्ने चुनौतीहरूको पनि पहिचान गर्छन् ।

## लक्ष्यहरु

- विद्यालयको आन्तरिक तथा बाह्य पाठ्यक्रममा विश्व आयामका विषयवस्तु सामेल गर्ने । विद्यार्थीहरूलाई उनीहरूको आफ्नो सांस्कृति पहिचानको उत्सव मनाउने तथा सम्मान गर्ने, र अन्य संस्कृति, भाषा र धर्मप्रतिको सम्मान भावना विकास गर्ने कार्यमा संलग्न गर्ने ।
- विविध विश्व समाजमा जीवनको लागि र प्रतिस्पर्धात्मक विश्व अर्थतन्त्रमा कार्य गर्नको लागि विद्यार्थीहरूलाई तयार गर्ने ।
- विश्व साझेदारहरूसँग मिलेर कार्य गरी उनीहरूको र हाम्रो शैक्षिक उद्देश्यहरू प्राप्त गर्न कार्य गर्ने ।

## उद्देश्यहरु

- उचित मान्यता प्राप्त पाठ्यक्रम सम्बन्धप्रति कर्मचारीमा सचेतना जगाउँदै सम्पूर्ण पाठ्यक्रममा विश्व आयामलाई निरन्तर समावेश गर्ने ।
- अन्य विभिन्न देशहरूको जीवनशैली र संस्कृतिमा समानता तथा फरकपनप्रति बलियो सचेतना विकास गर्ने ।
- कर्मचारी (विस्तारित विद्यालयका समेत), विद्यार्थी र वृहत समुदायलाई हाम्रो विश्व साझेदारसाग सम्पर्क विकास गर्न संलग्न गर्ने ।
- सम्पूर्ण विद्यालयको पाठ्क्रमको समृद्धिमा केन्द्रित रहँदै र सूचना तथा सञ्चार प्रविधिमार्फ सञ्चार कायम गर्दै साझेदार विद्यालयहरूसँग थप सम्बन्धको विकास गर्ने ।
- युरोपियन युनियन तथा अन्य अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा संलग्नताको सम्भावनाबारे खोजी गर्ने, जसले नीतिगत लक्ष्यहरूलार्य थप विकास वा पूरा गर्न सहयोग गर्छ ।
- यस नीतिको लक्ष्यभित्र रहेर अन्तर्राष्ट्रिय व्यवसायिक सम्पर्कहरूको प्रवर्द्धन गर्ने ।
- विश्व आयामको लाभहरू शाखा प्राथमिक विद्यालयहरूको हाम्रो सञ्जालमा विस्तार गर्ने ।

## तीन वर्षको लागि प्रमुख प्राथमिकताहरु

- कर्मचारी, विद्यार्थी र सम्पूर्ण विद्यालयको वृहत समुदायमा विश्व आयामबारे सचेतना जगाउने ।
- पाठ्यक्रमको नयाँ क्षेत्रमा विश्व आयाम पहिचान र सामेल गर्ने ।
- वर्तमान तथा नयाँ विश्व सम्बन्धहरूको विकास गर्ने ।

# अन्तर्राष्ट्रिय संयोजक– कार्य विवरणको नमुना

**यसगोल इम्मानुएल रायल**
**अन्तर्राष्ट्रिय संयोजक : कार्यविवरण**

१. इन्टरनेशनल स्कूल अवार्डको लागि आवेदन गर्ने समग्र जिम्मेवारी रहने ।
२. अन्तर्राष्ट्रिय आयामको विकासको लागि विद्यालयको कार्ययोजनाको रुपरेखा प्रस्तुत गर्ने र वार्षिक संपरीक्षण गर्ने जिम्मेवार रहने ।
३. अन्तर्राष्ट्रिय आयाममा विद्यालयको नीतिगत कथनको लागि योगदान गर्ने ।
४. सहकर्मीहरूलाई प्रत्येक उमेर समूहका लागि अन्तरपाठ्यक्रम परियोजना विकासमा मद्दत गरी विद्यालयभर अन्तर्राष्ट्रिय आयामको विकास गर्ने ।
५. विद्यालयभित्र सभाभेला, अन्तर्राष्ट्रिय दिवस वा सप्ताहको अवसर परी समृद्ध र विविध सांस्कृतिक सम्पदा तथा जातीय विविधताको उत्सव मनाउन विद्यालयलाई मद्दत गर्ने ।
६. सबै कर्मचारीहरूसँग सम्पर्क स्थापना गरी अन्तर्राष्ट्रिय आयामको लागि योजना बनाउने ।
७. अन्तर्राष्ट्रिय क्रियाकलापको प्रभाव नियमित मूल्याङ्कन गर्ने ।
८. अन्तर्राष्ट्रिय आयाम प्रवर्द्धन गर्न स्रोतहरूको विकास र सम्भार गर्ने ।
९. विश्वमा रहेका विद्यालयसँग सम्पर्क र आदानप्रदानको विकास गर्ने, अनुगमन गर्ने र सहयोग गर्ने ।
१०. अन्य देशका भ्रमणकर्ता वा आगन्तुकसँग सम्पर्क गर्ने र उनीहरूलाई सहयोग गर्ने ।

**श्री अद्वैत माध्यमिक विद्यालय**
**अन्तर्राष्ट्रिय संयोजक : कार्यविवरण**

प्रमुख कार्यहरू :
- विश्व सवालहरू र अन्तर्राष्ट्रिय सम्पर्कको महत्व प्रवर्द्धन गर्ने ।
- खास अन्तर्राष्ट्रिय परियोजनाहरूको विकासको सुपरीवेक्षण गर्ने ।
- विद्यालय भेला ९बककक्फदथि०, प्रदर्शनी र विशेष कार्यक्रममार्फत विश्व सवालहरूको प्रोफाइल उठान गर्ने ।
- पाठ्यक्रमभित्र विश्व आयाम र विभिन्न संस्कृतिप्रतिको सचेतनालाई उचितरुपमा जोड दिइएको सुनिश्चित गर्न विषय प्रमुखहरूसँग सम्पर्क स्थापित गर्ने ।
- विद्यालयको विश्व सम्पर्क र यससँग सम्बन्धित विकासहरूबारे सञ्चालक समितिलाई सुसूचित गर्नको लागि सम्पर्क प्रमुखसँग नियमित भेट वा बैठक गर्ने ।
- विद्यालयको कार्ययोजनामा अन्तर्राष्ट्रिय क्रियाकलापसँग सम्बन्धित योजाबद्ध क्रियाकलापहरू तथा परियोजनाहरू समावेश गरिएको र उचित तरिकाले मूल्याङ्कन गरिएको कुराको सुनश्चित गर्ने ।
- वर्तमान पाठ्क्रमको संपरीक्षण गर्ने र विश्व आयाम विकास गर्न थप अवसरहरूको पहिचान गर्ने ।
- लिंक, सम्पर्कहरू उपलब्ध गराउने । विद्यमान सम्पर्क र आदानप्रदानका कार्यहरूमा सहयोग गर्ने ।

**राष्ट्रिय माध्यमिक विद्यालय, काठमाडौं**
**अन्तर्राष्ट्रिय संयोजक : कार्यविवरण**

अन्तर्राष्ट्रिय संयोजकको पदले गर्नुपर्ने अनिवार्य कार्यका अतिरिक्त तलका थप जिम्मेवारी रहनेछ :
१. इन्टरनेशनल स्कूल अवार्डमा सफलतापूर्वक आवेदनको लागि समग्र जिम्मवारी लिने ।

२. विद्यालयको अनिवार्य र ऐच्छिक पाठ्यक्रमको वार्षिक संपरीक्षण गर्ने गराउने । संपरीक्षणमा आधारित रहँदै विद्यालय विकास योजनाको एक अंगको रुपमा अन्तर्राष्ट्रिय कार्ययोजनाको लेखन तथा अनुगमन गर्ने ।

३. पाठ्यक्रमका क्षेत्रहरूको बढ्दो संख्यामा अध्ययन कार्यक्रमहरूमा विश्व आयामको विकास गरी सम्पूर्ण पाठ्क्रममा अन्तर्राष्ट्रिय वा विश्व शिक्षण तथा सिकाइको विकासका लागि विद्यालय व्यवस्थापनप्रति जवाफदेही रहने ।

४. विद्यालयको वेवसाइट, सूचना पाटी, नियमित समचारपत्र र स्थानीय मिडियामा प्रेस विज्ञप्तिको प्रयोग र विकास गरी सबै अन्तर्राष्ट्रिय क्रियाकलापहरूबारे असल आन्तरिक तथा बाह्य सञ्चारको लागि सहजीकरण गर्ने ।

५. वार्षिक लिखित प्रतिवेदन विकास गरी विद्यालयभरी शिक्षण तथा सिकाइमा अन्तर्राष्ट्रिय क्रियाकलाप वा विश्व आयामको प्रभाव नियमित मूल्याङ्कन गर्ने ।

६. अन्य देशहरूको विद्यालय र समूहसँगको सम्पर्क विकास तथा कायम गर्ने । यी सम्पर्कहरूमा इन्टरनेट, पत्र लेखन, भिडियो कन्फेरेन्स, विद्यार्थी तथा कर्मचारी आदानप्रदान आदि रहन्छन् । ब्रिटिश काउन्सिलले उपलब्ध गराएको व्यक्तिगत सम्पर्कमार्फत उपलब्ध योजनाहरूको प्रयोग गर्ने ।

७. विद्यालयभित्र सभाभेला, अन्तर्राष्ट्रिय दिवस वा सप्ताह, बहुसांस्कृति साँझजस्ता कार्यक्रमको अवसर पारी समृद्ध र विविध सांस्कृतिक सम्पदा तथा जातीय विविधताको उत्सव मनाउन विद्यालयलाई मद्दत गर्ने ।

८. चरणगत रुपान्तरण तथा अन्तरपाठ्यक्रम परियोजनाहरूको लागि अन्तर्राष्ट्रिय विषयहरूको प्रयोगको विकासमा सहकर्मीहरूलाई मद्दत गर्ने ।

९. विश्व आयामको अभिवृद्धि गर्ने अन्तर्राष्ट्रिय विषयहरूको प्रयोग र यसको मूल्याङ्कनमा विद्यालय तथा साझेदार विद्यालयका कर्मचारीहरूको लागि तालिम सत्रहरूको योजना तथा आयोजना गर्ने ।

यस पदले हाम्रो विद्यार्थीहरूलाई विश्व समुदायको नागरिकको रुपमा उनीहरूको आफ्नो मूल्यमान्यता र दृष्टिकोणको समलोचनात्मक ढंगले मूल्याङ्कन गर्दै, जहाँकहीं रहेका मानिसहरूबीचको समानताको प्रशंसा गर्दै र विविधतालाई महत्व दिँदै उनीहरूको योगदान र जिम्मेवारी पहिचान गर्न मद्दत गर्नेछ भन्ने कुरा पनि विद्यालय व्यवस्थापनले अपेक्षा गर्दछ ।

**एभरेष्ट नेपाल हाइस्कूल, काठमाडौं**
**अन्तर्राष्ट्रिय संयोजक : कार्यविवरण**

इन्टरनेशनल स्कूल अवार्ड २०१९/२० को लागि इन्टरनेशनल स्कूल अवार्ड संयोजकको कार्यविवरण देहायबमोजिम रहनेछ :

१. विद्यालयमा इन्टरनेशनल स्कूल अवार्डको सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना तथा सञ्चालन गर्ने ।

२. विद्यालयमा इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रम लागू गर्नको लागि आवश्यक पर्ने कार्ययोजना तयार गर्नको लागि विभिन्न तहका विषय शिक्षकहरूसँग बैठकको आयोजना गर्ने ।

३. तोकिएको ढाँचामा कार्ययोजना तयार गरी ब्रिटिश काउन्सिलमा पेश गर्ने ।

४. अन्तर्राष्ट्रिय आयामसहितको समग्र पाठ्यक्रममा विश्व शिक्षण तथा सिकाइको विकासका लागि विद्यालय व्यवस्थापन समितिप्रति जवाफदेही रहने ।

५. कक्षाकोठामा सहकार्यमूलक शिक्षण सिकाइ क्रियाकलापको सहजीकरण गर्ने ।

६. देशभित्रका र अन्तर्राष्ट्रिय साझेदार विद्यालयहरूबीच इन्टरनेशनल स्कूल अवार्ड क्रियाकलापहरूको सम्बन्धमा विद्यालयको वेवसाइट, सूचनापाटी, समाचारपत्र, प्रेस विज्ञप्तिमार्फत् प्रभावकारी सञ्चारको लागि सहजीकरण गर्ने ।

७. वार्षिक लिखित प्रतिवेदन तयार नभएसम्म शिक्षण तथा सिकाइमा इन्टरनेशनल स्कूल अवार्ड क्रियाकलापको प्रभाव नियमित रुपमा मूल्याङ्कन गर्ने ।

८. विद्यार्थीहरूको गहन सिकाइका लागि अन्तर्राष्ट्रिय सिकाइका अवसरहरूमा विद्यालयलाई संलग्न गराउन विषय शिक्षकहरूसँग समन्वय गर्ने ।

९. नेपाल तथा विदेशका साझेदार विद्यालयहरूसँग सम्पर्क स्थापित गरी अनलाइन, प्रत्यक्ष तालिम, सेमिनार गर्न र प्रभावको मूल्याङ्कन गर्न राष्ट्रिय तथा विश्व वेवसाइटहरूको प्रयोगका लागि विद्यालयका कर्मचारी सदस्यहरूलाई सहजीकरण गर्ने ।

१०. विद्यार्थी तथा शिक्षकहरूको प्रतिनिधि मण्डल, सम्मेलन वा कन्फेरेन्स, सेमिनार आदिबाट विद्यालयको भ्रमणका लागि सहजीकरण गर्ने ।

११. इन्टरनेट, भिडियो कन्फेरेन्स, पत्र लेखन, विद्यार्थी तथा शिक्षक आदानप्रदान वा सम्पर्क आदिमार्फत विदेशका विद्यालय तथा समूहसँगको सम्पर्क वा लिंकको विकास तथा कायम गर्ने ।

१२. विभिन्न अवसरमा विभिन्न कार्यक्रममार्फत विद्यालयभित्र विविध सांस्कृतिक सम्पदा र जातीय विधिताको उत्सव मनाउनको लागि विद्यालयलाई सहयोग गर्ने । यी कार्यक्रमहरू अनुशिक्षक कार्यक्रम, मेला, सम्मेलन, सेमिनार, अन्तर्राष्ट्रिय दिवस वा सप्ताहको उत्सव मनाउने आदि हुनसक्छन् ।

१३. अन्तरकक्षा तथा अन्तरपाठ्यक्रम इन्टरनेशनल स्कूल अवार्ड परियोजनाहरूको लागि अन्तर्राष्ट्रिय विषयवस्तुको प्रयोग गर्ने संस्कृति विकास गर्न विषय शिक्षकहरूलाई मद्दत गर्ने ।

१४. अन्तर्राष्ट्रिय आयाम भएका विश्वव्यापी विषयहरूको प्रयोगका लागि इन्टरनेशनल स्कूल अवार्ड यात्रा अवधिमा आवश्यकताअनुसार विद्यालय कर्मचारी तथा साझेदार विद्यालयहरूका लागि तालिम सत्रहरूको योजना तथा आयोजना गर्ने ।

# इन्टरनेशनल स्कूल अवार्ड
# मूल्याङ्कन फाराम

फाराम हाम्रो यस वेवसाइटमा उपलब्ध छ :
**https://www.britishcouncil.org.np/programmes/education/connecting-classrooms/international-school-award**

# इन्टरनेशनल स्कूल अवार्ड अभिभावक क्रियाकलाप मूल्याङ्कन फाराम

| | | | |
|---|---|---|---|
| क्रियाकलाप संख्या | | क्रियाकलाप शीर्षक | |
| तपाईको नाम | | | |
| तपाईको बच्चाको नाम | | | |
| कक्षा | | | |

| यस गतिविधिको तपाईको बच्चा र तपाईको स्थानीय समुदायमा परेको प्रभावबारे कृपया टीप्पणी गर्नुहोस् । |
|---|
| |
| यदि तपाई यस क्रियाकलापमा प्रत्यक्ष संलग्न रहनु भएको छ भने तपाईमा यसको प्रभाव के परेको छ ? |
| |
| कुनै अन्य टीप्पणीहरू ? यस क्रियाकलापलाई भविष्यमा कसरी सुधार गर्न सकिन्छ भन्ने कुरा पनि तपाईले उल्लेख गर्न सक्नुहुनेछ । |
| |

# इन्टरनेशनल स्कूल अवार्ड विद्यार्थी मूल्याङ्कन फाराम

| | | | |
|---|---|---|---|
| क्रियाकलाप संख्या | | क्रियाकलाप शीर्षक | |
| तपाईको नाम | | | |
| तपाईको उमेर | | | |
| कक्षा | | | |

| यस क्रियाकलापमा तपाईले सबभन्दा बढी के कुरामा रमाइलो गर्नुभयो ? तपाईलाई सबभन्दा धेरै के मन पऱ्यो ? |
|---|
| |
| **यस क्रियाकलापबाट तपाईले के नयाँ उपाय वा जानकारी सिक्नुभएको छ ?** |
| |
| **तपाईलाई कम रमाइलो लागेको वा कठिन लागेको विषय वा कुरा के हो ?** |
| |
| **तपाईले फेरि यो क्रियाकलाप गर्नुभयो भने तपाई के कुरा परिवर्तन गर्न चाहनुहुन्छ ?** |
| |

# इन्टरनेशनल स्कूल अवार्ड शिक्षक मूल्याङ्कन फाराम

| | | | |
|---|---|---|---|
| क्रियाकलाप संख्या | | क्रियाकलाप शीर्षक | |
| तपाईको नाम | | | |

| |
|---|
| संलग्न भएका विद्यार्थीहरूमा यस क्रियाकलापको के प्रभाव परेको छ (तपाईको विद्यालयमा वा तपाईको स्थानीय समुदायमा)? |
| |
| तपाईमा वा संलग्न भएको कुनै अर्को कर्मचारीमा यस क्रियाकलापबाट परेको प्रभावबारे टीप्पणी गर्नुहोस् (तपाईको विद्यालयमा वा अन्य विद्यालयहरूमा) |
| |
| विद्यालयमा आमरुपमा वा समान्यतया यस क्रियाकलापबाट परेको प्रभावबारे टीप्पणी गर्नुहोस् । |
| |
| सुधारका लागि कुनै सुझावहरू दिनुहोस् (जस्तै : तपाईको लागि यस गतविधिको सबभन्दा प्रभावकारी पक्ष कुन थियो र किन ? सबभन्दा कम प्रभावकारी पक्ष कुन थियो र किन ?) |
| |

# इन्टरनेशनल स्कूल अवार्ड आगन्तुक वा भ्रमणकर्ता मूल्याङ्कन फाराम

| क्रियाकलाप संख्या | | क्रियाकलाप शीर्षक | |
|---|---|---|---|
| तपाईको नाम | | | |

| संलग्न विद्यार्थीहरूमा यस क्रियाकलापबाट परेको प्रभावबारे टीप्पणी लेख्नुहोस् । |
|---|
| |

| तपाईमा यस क्रियाकलापबाट परेको प्रभावबारे टीप्पणी लेख्नुहोस् । |
|---|
| |

| विद्यालयमा आमरुपमा वा समान्यतया यस क्रियाकलापबाट परेको प्रभावकारे टीप्पणी लेख्नुहोस् । |
|---|
| |

| यस क्रियाकलापलाई कसरी सुधार गर्ने भन्ने सम्बन्धमा यदि तपाइको कुनै सुझाव भए यहाँ टीप्पणी लेख्नुहोस् । |
|---|
| |

## मद्दत तथा सल्लाह (Help and Advice)

इन्टरनेशनल स्कूल अवार्डमा तपाईलाई कुनै मद्दत वा सल्लाह चाहिएका कृपया हाम्रो स्कूल टीमलाई यस इमेल ठेगानामा सम्पर्क गर्नुहोस् : connecting.classrooms@britishcouncil.org.np

## उपयोगी लिंकहरु

**कनेक्टिङ क्लासरुमको बारेमा थप जानकारीहरू खोज्नुहोस् :**
https://connecting-classrooms.britishcouncil.org/

**तपाईको सीपहरूको विकास गर्ने निशुल्क अध्ययन विषयवस्तु खोज्नुहोस् :**
https://connecting-classrooms.britishcouncil.org/develop-skills

**साझेदार विद्यालय खोज्नुहोस् :**
https://connecting-classrooms.britishcouncil.org/partner-with-schools

## तपाईको आवेदन पेश गर्दा

कृपया तपाईको आवेदन तपाईको स्थानीय ब्रिटिश काउन्सिलको अफिसमा पठाउनुहोस् । इन्टरनेशनल स्कूल अवार्डको लागि आवेदन समान्यतया प्रत्येक वर्षको मार्च महिनाको अन्त्यमा बन्द हुनेगर्छ, तर निर्धारित समयसीमाको लागि तपाईको ब्रिटिश काउन्सिल अफिसमा सम्पर्क गर्नुहोस् ।

## तपाईको कार्ययोजना पेश गर्दा

इन्टरनेशनल स्कूल अवार्डको लागि कार्ययोजना यस इमेल ठेगानामा पठाउनुहोस् : connecting.classrooms@britishcouncil.org.np

निम्न कागजातहरू पेश गर्नुपर्ने हुन्छ :

- तोकिएको ढाँचामा कम्तीमा सातवटा अनिवार्य परियोजनाहरू समेटिएको कार्ययोजना ।
- प्रधानाध्यापकबाट सहीछाप गरेको इन्टरनेशनल स्कूल अवार्ड संयोजकको कार्यविवरण ।
- विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा प्रधानाध्यापकको सहीछाप भएको अन्तर्राष्ट्रिय नीति ।
- तोकिएको ढाँचामा २० प्रतिशत स्थानीय पाठयक्रम ।

# मामिला अध्ययन

असल अन्तर्राष्ट्रिय क्रियाकलापको उदाहरण जसले सहकार्यमूलक साझेदारी कार्यको परिणामस्वरूप शिक्षाकर्मीहरूको अभ्यासमा आएको परिवर्तनको चित्रण गर्छ वा उनीहरूको आफ्नो शिक्षण विधि वा कक्षाकोठा व्यवस्थापनमा उनीहरूले गरेको परिमार्जनको चित्रण गर्छ ।



एक वर्षअघिसम्म सुर्खेतको श्री राष्ट्रिय चन्द्र गंगा माध्यमिक विद्यालयमा सीमित पाठ्यपुस्तक र सैद्धान्तिक शिक्षण विधि मात्र थियो । अहिले एक वर्षपछि, विद्यालयका सहायक प्रधानाध्यापक धनीराम शर्मा भनाइअनुसार, विद्यार्थी र शिक्षकहरू लगायत पूरै विद्यालय परिवारमा रुपान्तरण देखिएको छ । विद्यालयको पर्खाल बाहिरको शैक्षिक तथा सांस्कृतिक विश्वबारे कुनै कुरा थाहा नभएका यस विद्यालयका विद्यार्थीहरू अहिले धेरै हदसम्म विश्व नागरिक भएका शर्मा बताउँछन् । उनी थप्छन्, "हाम्रो विद्यालयमा इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रम लागू गरेदेखि हामी सबै असल कार्यको लागि विकसित भएका छौं ।"

शर्मा भन्छन्, "हाम्रो शिक्षण विधि पाठ्यपुस्तकमा मात्र आधारित थियो र हाम्रो ज्ञान हाम्रो आफ्नै क्षेत्रभित्र मात्र सीमित थियो । उदाहरणको लागि, हामीले इन्टरनेशनल स्कूल अवार्ड शुरु गर्नुभन्दा पहिले हामीले विद्यार्थीहरूलार्य नेपाली चाडपर्वको महत्वबारे मात्र पढाउँदै आएका थियौं । इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रम लागू भएसँगै हामीले हाम्रो विद्यार्थीहरूलाई भारत र श्रीलंकामा रहेका हाम्रो साझेदार विद्यालयका विद्यार्थीहरूसँग कुराकानी गरायौं र एकअर्काको संस्कृति तथा चाडपर्वबारेको जानकारी साझा गर्न लगायौं । यसले देशको सीमाभन्दा बाहिर मनाउने चाडपर्व, अन्य संस्कृति, मान्यता र आस्थाका मानिसहरूको जीवनशैली बारेमा हाम्रो विद्यार्थीहरूको ज्ञानलाई चौडा बनाएको छ । हाम्रो विद्यार्थीहरू विभिन्न देशहरूसँग सांस्कृतिक मूल्य मान्यताको आदानप्रदान गर्न पाउँदा धेरै खुशी थिए । जब विद्यार्थीहरू पहिलेका भन्दा बढी जानकार हुन्छन्, यसले शिक्षकहरूलाई पनि उनीहरूको ज्ञान र सीपहरू ताजा र आधुनिक बनाउन जरुरी हुन्छ । त्यसैले इन्टरनेशनल स्कूल अवार्डले हाम्रो विद्यार्थी र शिक्षकहरू दुवैलाई सिकाइ प्रक्रियामा लाभ प्रदान गरेको छ ।"

सन् २०१८ को लागि ब्रिटिश काउन्सिलले आयोजना गरेको इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रम प्राप्त गरेको श्री राष्ट्रिय चन्द्र गंगा विद्यालयले आफू स्वीकृत हुँदा धेरै खुशी भएको र आगामी वर्षहरूमा शिक्षा विधिहरूमा सुधार र विकास गर्दै लैजान प्रतिबद्ध छ ।

विद्यार्थीहरू अहिले पाठ्यपुस्तकको ज्ञानबाहेक बाहिरका ज्ञानहरू सिक्न धेरै नै उत्सुक रहेको पनि सहायक प्रधानाध्यापक शर्मा बताउनुहुन्छ । उनीहरू डिजिटल शिक्षामा आफ्नो ज्ञान बढाउन धेरै उत्सुक छन् र आफ्नो सीप तथा ज्ञानहरू प्रस्तुत गर्न अग्रसर देखिन्छन् ।

उनी भन्छन्, "हाम्रो एक विश्व गाउँमा बसेको छौं र हाम्रो वरपरका विभिन्न व्यक्तिहरूसँग ज्ञान बाँड्नाले ज्ञान झनै बढ्छ भन्ने कुरा हाम्रो विद्यार्थीहरू र शिक्षकहरू दुवैले बुझेका छन् ।"

इन्टरनेशनल स्कूल अवार्डले विद्यार्थीहरूलाई विद्यार्थी संगठन, परिषद, क्लबहरू गठन गर्न प्रोत्साहित गरेको छ, जहाँ उनीहरूले आफ्नो समस्याहरूको सम्बोधन गर्न सक्नेछन् र उनीहरू आफैले पहिले त्यसको समाधानको खोजी गर्ने प्रयास गर्नसक्छन् । यसले सार्वजनिक र मानिसहरूको भेलामा बोल्ने, सामाजिक सवालहरूको सम्बोधन गर्ने, विचारहरू साझा गर्ने, सामुदायिक विकास कार्यक्रमहरूमा सहभागी हुने र व्यवहारिक तर्क खोज्न अझ धेरै प्रश्नहरू गर्ने उनीहरूको आत्मविश्वासको स्तरलाई थप बढाएको छ ।

शर्मा अन्त्यमा भन्छन्, "म अन्य विद्यालयहरूलाई पनि इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रमको हिस्सा बन्न अनुरोध गर्छु किनकि यस कार्यक्रमले विद्यार्थीहरूलाई सशक्तीकरण गर्छ । यसले उनीहरूलाई उत्साहित र व्यवहारिक तरिकाले सिक्न प्रेरित गर्छ । जब सिकाइ रमाइलो हुन्छ, विद्यार्थीहरू झन छिटो विकसित हुन र निकट भविष्यमा राम्रो समाज निर्माण गर्न सक्षम हुन्छन् ।"

**इन्टरनेशनल स्कूल अवार्डको अर्को उदाहरण**

# इन्टरनेशनल स्कूल अवार्ड – शिक्षण तथा सिकाइको राम्रो तरिका

इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रम कार्यान्वयन भएदेखि कास्की जिल्लाको पोखरामा अवस्थित श्री अम्बिका माध्यमिक विद्यालयका विद्यार्थीहरू परियोजनामा आधारित अन्तर्क्रियात्मक शिक्षण सिकाइ प्रक्रियामा धेरै जानकार र सक्षम भएका छन् ।



श्री अम्बिका माध्यमिक विद्यालयका विज्ञान शिक्षकको रुपमा पनि रहेका इन्टरनेशनल स्कूल अवार्ड संयोजक रामचन्द्र पराजुलीका अनुसार इन्टरनेशनल स्कूल अवार्डले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानमा मात्र निर्भर नरही व्यवहारिक ज्ञानमा अझ धेरै संलग्न हुन प्रोत्साहित गरेको छ । कक्षाकोठामा कार्यान्वयन गर्न इन्टरनेशनल स्कूल अवार्डको ६ वटा मूलभूत सीपहरू छन् - शिक्षण विधि, डिजिटल साक्षरता तथा नागरिकता, सूचना तथा प्रविधि, सिर्जनशीलता तथा कल्पनाशीलता, सञ्चार तथा सहकार्य, समलोचनात्मक चिन्तन तथा समस्या समाधान । यी विधिहरूमार्फत विद्यार्थीहरू उनीहरूको प्रयोगात्मक कार्यहरूमा अझ सक्रिय भएका र यसले शिक्षकहरूलाई कक्षाकोठामा शिक्षण गर्ने शैलीहरूबारे अझ सिक्न सक्षम पनि बनाएको अनुभव पराजुलीको छ ।

इन्टरनेशनल स्कूल अवार्डको प्रभावमाथि प्रकाश पार्दै पराजुली बताउँछन्, “इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रमको कार्यान्वयनसँगै हामीले शिक्षण सिकाइ प्रक्रियामा अझ राम्रो गरेका छौं, जसले अभिभावक र विद्यार्थीहरूमा प्रत्यक्ष प्रभाव पारेको छ । परिणामस्वरुप, हाम्रो विद्यालयमा विद्यार्थी संख्या बढेर गएको छ । गतवर्ष हामीसँग २५० विद्यार्थी थिए भने यो वर्ष हामीसँग ३७५ विद्यार्थी छन् ।”

उनी थप्छन्, “शिक्षणका लागि धेरै सूचना तथा प्रविधि विधिबारे हाम्रो शिक्षकहरूलाई थाहा थिएन । राम्रो शिक्षण सिकाइ प्रक्रियामा इन्टरनेट र आधुनिक प्रविधि कसरी प्रयोग गर्ने भन्ने हामीलाई थाहा थिएन । हालै, हाम्रो विद्यार्थीहरूले सिल्क खेतीमा एउटा अनुसन्धानमूलक अध्ययन गर्नुपऱ्यो । पाठबाट बुझाउन भन्दा स्थलगत अवलोकनबाट नै सम्पूर्ण प्रक्रिया राम्रोसँग बुझाउन प्रभावकारी हुने ठानेर हामीले हाम्रो विद्यार्थीहरूलाई खेती गरिएको स्थानमा नै लिएर गयौं । उनीहरूले खेती गरिएको स्थानमा सङ्कलन गर्न छुटाएका जानकारीलाई शिक्षक र विद्यार्थीहरू मिलेर अनलाइनमा खोजी गरे । इन्टरनेशनल स्कूल अवार्डले हामीलाई यस्ता प्रकारका केही महत्वपूर्ण कार्य गर्न प्रोत्साहित गरेको छ ।”

पराजुलीका अनुसार सम्पूर्ण संकाय र विद्यार्थीहरूले इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रमबाट सहकार्य, साझेदारी र समूहगत कार्यबारे धेरै सिकेका छन् । अहिले विद्यार्थी र विषयगत संकायले भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र बेलायतका विभिनन १५ इन्टरनेशनल स्कूल अवार्ड विद्यालयहरूसँग नियमित सञ्चार गरी उपाय र विचारहरू साझा गर्दै आएका छन् । केही शिक्षकहरूले बेलायतबाट व्यवहारिक शिक्षण विधि र मूलभूत सीपहरूमा तालिम पनि प्राप्त गरेको छन् ।

# कार्ययोजना र २० प्रतिशत स्थानीय पाठयक्रमको एक नमुना उदाहरण

BRITISH COUNCIL

INTERNATIONAL SCHOOL AWARD

## इन्टरनेशनल स्कूल अवार्ड कार्ययोजना

| | |
|---|---|
| **परियोजना १ (अन्तर्राष्ट्रिय आयाम उल्लेख गरेको शीर्षक र परियोजनाको संक्षिप्त विवरण)** | **शून्य फोहोर**<br>बढ्दो जनसंख्या र सहरीकरणको कारण वर्तमान परिदृष्यमा फोहर व्यवस्थापन एक विश्वव्यापी सवाल भएको छ। ठोस फोहर व्यवस्थापनको वर्तमान सन्दर्भमा फोहर फ्यालेर मात्र उम्कनसक्ने अवस्था छैन किनकि फोहरहरू विभिन्न स्वरुपमा रहिरहनेछन् जसले वायु र जलप्रदूषण गरिरहेको हुन्छ। त्यसैले स्मार्ट फोहर व्यवस्थापनको कुरालाई भावी पुस्ताले वृहत रुपमा खोजी गर्नु र बुझ्नु जरुरी छ। शून्य फोहरको अवधारणा सन् १९७४ मा पाउल पार्मरले ल्याएका हुन् र २१ औं शताब्दीमा यो एक प्रमुख प्रवृत्ति बनेको छ, दिगो विकास लक्ष्यमा केन्द्रित गरिएको यो एउटा प्रमुख सवाल रहेको छ। यस परियोजनाले विद्यार्थीहरूमाझ फोहर व्यवस्थापनको दृष्टिकोणलार्य चौडा बनाएको छ। |
| **प्रकार** | **अन्तर्राष्ट्रिय साझेदारसँगको सहकार्यमूलक परियोजना** |
| **दिगो विकास लक्ष्य केन्द्रित** | दिगो विकास लक्ष्य १२ : जिम्मेवारीपूर्ण उपभोग तथा उत्पादन |
| **न्यूनतम तीनवटा सिकाइ प्रतिफल – क्रियाकलापका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् (ज्ञान र सीपको आधारमा लेख्नुहोस्)** | यस परियोजनाको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :<br>१. फोहर व्यवस्थापनका सम्बन्धमा विश्व अभियानमाथि पुनर्दृष्टि गर्दै चिन्तन मनन गर्नेछन्।<br>२. घर, समुदाय र विद्यालयमा उत्पादन भएका फोहर व्यवस्थापनका तरिकाहरू बताउनेछन् (कक्षा ९, स्वास्थ्य तथा जनसंख्या शिक्षा)।<br>३. फोहर संपरीक्षणमार्फत् विभिन्न प्रकारका फोहरहरू पहिचान र वर्गीकरण गर्नेछन्।<br>४. फोहर पदार्थहरूबाट नयाँ वस्तुहरू तयार गर्नेछन् वा कागज, प्लास्टिक, शीसाजस्ता फोहरहरूलाई हस्तकलाका सामान बनाउन पुनःप्रयोग गर्नेछन् (पेशा, व्यवसाय तथा प्रविधि शिक्षा, कक्षा ८)। |

| | |
|---|---|
| **अपेक्षित सिकाइ प्रतिफल प्राप्तिमा मद्दत गर्ने क्रियाकलापको संक्षिप्त तथा स्पष्ट व्याख्या (प्रत्येक सिकाइ प्रतिफलको लागि कम्तीमा एउटा क्रियाकलाप )।** | • सहकार्यको लागि साझेदार विद्यालय छनौट गरी परियोजनाबारे दुवै विद्यालयका विद्यार्थीहरूमाझ जानकारी ।<br>• दुवै विद्यालयका विद्यार्थीहरूबीच सहकार्य समूह गठन ।<br>• विश्वव्यापी फोहर व्यवस्थापन अभ्यासलाई दृष्टिगत गर्दै दुवै देशहरूमा फोहर व्यवस्थापनबारे भर्चुअल (विद्युतीय सञ्जाल माध्यमबाट) छलफल ।<br>• दुवै देशहरूबीचको तुलना र विश्वव्यापी स्वीकृत प्रक्रियाहरू देखाउने रोटी चित्र ९खमलल म्बनचक० बनाउने ।<br>• दुवै विद्यालयबाट संलग्न रहेका विद्यार्थीहरूको विद्यालय र घरमा यान्त्रिक प्रविधिको प्रयोग गरी फोहर संपरीक्षण कार्य गर्ने ।<br>• विभिन्न प्रकारका फोहरको वर्गीकरण र श्रेणीवद्ध गर्ने - जस्तै जैविकरुपमा नष्ट हुने, जैविक रुपमा नष्ट नहुने, खतरापूर्ण र पुन:प्रयोग गर्न सकिने (फरक प्रकारको फोहोरको लागि फरक क्षेत्र छुट्याउने वा निर्धारित गर्ने)<br>• दुवै विद्यालयले एकअर्काबाट सिक्ने र एकअर्काको अन्तरसंस्कृति पहिचान झल्कने विभिन्न कलात्मक वस्तुहरू बनाउने ।<br>• जैविकरुपमा नष्ट हुने फोहोर प्रयोग गर्ने र कम्पोष्ट मल बनाउने, बगैंचामा अर्गानिक तरकारी र जडीबुटी खेतीमा प्रयोग गर्ने ।<br>• दुवै देशमा ठोस फोहोर व्यवस्थापनमा कार्यरत समुदायमा आधारित संस्थाहरूसँग छलफल सत्र गर्ने र त्यसबाट आएका कुराहरू एकअर्कामा साझा गर्ने ।<br>• दुवै विद्यालयहरूमा संलग्न विद्यार्थीहरूले सिर्जना गरेका नाराहरू लेखिएको झण्डा वा ब्यानर बनाउने र यसलाई भित्तामा झुण्ड्याउने ।<br>• दुवै विद्यालयका अभिभावक र समुदायका सदस्यहरूलाई विद्यार्थीहरूको कार्यको प्रदर्शनी गर्ने वा देखाउने ।<br>• दुवै देशबाट पुनरावलोकन वा समीक्षा प्रतिवेदन तयार गर्ने र यसलाई एकअर्कासँग साझा गर्ने ।<br>• प्रतिवेदनका आधारमा दुवै देशका विद्यार्थीहरूबीच स्काइपबाट छलफल । |
| **क्रियाकलापको महिना र समयावधि** | नोभेम्बर पहिलो हप्तादेखि डिसेम्बरको दोस्रो हप्तासम्म |
| **कक्षाहरू/संलग्न विद्यार्थी संख्या** | कक्षा ८ र ९, ६० विद्यार्थी |
| **समेटिएको देशहरू** | नेपाल............. |
| **पाठ्यक्रमसँग सम्बन्धित समेटिएका विषयहरू** | विज्ञान, कक्षा ९ (इकाइ ६), स्वास्थ्य तथा जनसंख्या, कक्षा ९ (इकाइ ७), पेशा, व्यवसाय तथा प्रविधि, कक्षा ८ (इकाइ १२) |
| **जिम्मेवार शिक्षकहरू** | विज्ञान शिक्षक, पेशा, व्यवसाय तथा प्रविधि शिक्षक, परियोजना संयोजक |
| **विद्यार्थीहरूबीचको सिकाइ प्रतिफल मापन गर्ने मूल्याङ्कन विधिहरू** | • प्रक्रियाको निरन्तर मूल्याङ्कन प्रणाली ।<br>• शिक्षक प्रतिवेदन<br>• ब्रिटिश काउन्सिल मूल्याङ्कन फाराम<br>• आगन्तुक वा भ्रमणकर्ताको पृष्ठपोषण<br>• दुवै विद्यालयका विद्यार्थीहरूको पृष्ठपोषण |
| **विवरण फाइलमा राखिनुपर्ने प्रमाणहरू** | • कला तथा हस्तकलाका फोटोहरू<br>• प्रक्रियाको भिडियो<br>• विद्यार्थीले पूरा गरेका कार्यको प्रति<br>• शिक्षक, विद्यार्थी तथा अभिभावकको पृष्ठपोषण |

BRITISH COUNCIL

INTERNATIONAL SCHOOL AWARD

## इन्टरनेशनल स्कूल अवार्ड कार्ययोजना

| | |
|---|---|
| **परियोजना २** **(अन्तर्राष्ट्रिय आयाम उल्लेख गरेको शीर्षक र परियोजनाको संक्षिप्त विवरण)** | **हामी किन चुप छौं...? (चेलीबेटी बेचबिखन...!)** सामाजिक समस्या र कुरीति सामाजिक विकासको वास्तविक अवरोध हुन् । यसले प्रत्यक्ष वा अप्रत्यक्ष परिवार, समाज र देशको सामाजिक आर्थिक स्थितिमा असर गर्छ । त्यसैले हामीले सकेसम्म यस्ता समस्याहरूको न्यूनीकरण गर्ने प्रयास गर्नुपर्छ । यस परियोजना कक्षा ९ र १० को पाठ्य क्षेत्र नम्बर ४ बाट सामाजिक शिक्षा विषयको सामाजिक कुरीति र समाधान शीर्षकको पाठ्यक्रमबाट डिजाइन गरिन्छ । यसले विद्यार्थीहरूलाई विभिन्न सामाजिक कुरीतिबारे सचेत गराउने र उनीहरूको समाधान खोज्न विद्यार्थीहरूलाई सक्रिय सहभागी गराउने लक्ष्य राख्छ । |
| **प्रकार** | **अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्यमूलक परियोजना** |
| **दिगो विकास लक्ष्य केन्द्रित** | दिगो विकास लक्ष्य ५ : लैङ्गिक समानाता<br>दिगो विकास लक्ष्य १६ : शान्ति र न्यायको लागि बलियो संयन्त्र |
| **न्यूनतम तीनवटा सिकाइ प्रतिफल - क्रियाकलापका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् (ज्ञान र सीपको आधारमा लेख्नुहोस्)** | • सामान्यरुपमा नेपाली समाजका सामाजिक समस्या र कुरीति पहिचान गर्ने र चिन्तन गर्ने, विशेषरुपमा दुवै विद्यालय समाजमा हुने चेलीबेटी बेचबिखनका समस्यामा विचार विमर्श गर्नेछन् । (कक्षा ९, सामाजिक शिक्षा, पाठ्यक्रम इकाइ ४ र कक्षा १०, सामाजिक शिक्षा, पाठ्यक्रम इकाइ ४)<br>• चेलीबेटी बेचबिखन लगायतका सामाजिक समस्या र कुरीतिको कारण, परिणाम र उपचारको खोजी गर्नेछन् (कक्षा १०, समाजिक शिक्षा, पाठ इकाइ ४)<br>• यस सवालमा सचेतना जगाउन विभिन्न भनाइ तथा उखान प्रयोग गरी विभिन्न नारा र प्लेकार्ड तयार गर्नेछन् (कक्षा ९, अंग्रेजी ३.४.१) ।<br>• यस सवालमा निबन्ध लेख्ने र सामाजिक कार्यक्रम वा प्रतियोगितामा प्रस्तुत गर्नेछन् (कक्षा ९, अंग्रेजी ३.४.२) । |
| **अपेक्षित सिकाइ प्रतिफल प्राप्तिमा मद्दत गर्ने क्रियाकलापको संक्षिप्त तथा स्पष्ट व्याख्या (प्रत्येक सिकाइ प्रतिफलको लागि कम्तीमा एउटा क्रियाकलाप) ।** | १. परियोजना सञ्चालन गर्न साझेदार पहिचान गर्ने र परियोजना कार्यान्वयनको महत्वबारे छलफल गर्ने ।<br>२. अतिथि विज्ञबाट विद्यार्थीहरूलाई अभिमुखीकरण र साझेदार विद्यालयको अवस्थाबारे शिक्षण तथा सिकाइ गर्ने ।<br>३. स्थानीय संस्थाले गरिररहेको कार्य क्षेत्रमा फिल्ड भ्रमण (जस्तै माइती नेपाल, नेपाल प्रहरीको कार्य क्षेत्र) र समाधानको खोजी गर्ने ।<br>४. प्रश्नावली लिएर सर्वसाधारण भएठाउँ भ्रमण । चार्टपेपरमा जिग्शा समूह (कारण, परिणाम र उपचार) प्रस्तुति र जिग्शा समूहको पूर्ण प्रतिवेदनसहितको उपचारहरू ।<br>६. चेलीबेटी बेचबिखन, यसको कारण, परिणाममा वक्तृत्व प्रतियोगिता<br>७. साझेदार विद्यालयमा प्रश्नावली, कार्यपुस्तिका, प्रस्तुति प्रतिवेदन पठाउने र उनीहरूको कार्य सङ्कलन गर्ने ।<br>८. एकअर्काको कार्यहरू तुलना, फरक र विश्लेषण गर्ने र कुनै नयाँ कुरा भए खोजी गरी सूचीकृत गर्ने (अन्तर्राष्ट्रिय आयाम) ।<br>९. साझेदार विद्यालयमा पृष्ठपोषण पठाउने र सङ्कलन गर्ने, र एकअर्काको अनुभव लिखित रुपमा आदानप्रदान गरी अध्ययन गर्ने ।<br>१०. प्लेकार्डसहितको सडक यात्रा र नाटक प्रस्तुत गरी सचेतना फैलाउने ।<br>११. स्काइपबाट प्रश्नोत्तर, छलफल र रेखाचित्र वा चार्टको प्रस्तुति । |
| **क्रियाकलापको महिना र समयावधि** | नोभेम्बर २०१९ देखि फेब्रुअरी २०२० |

| | |
|---|---|
| **कक्षाहरू/संलग्न विद्यार्थी संख्या** | कक्षा ९ र १०, विद्यार्थी संख्या १२० |
| **समेटिएको देशहरू** | अफगानिस्तान र भारत |
| **पाठ्यक्रमसँग सम्बन्धित समेटिएका विषयहरू** | सामाजिक शिक्षा (इकाइ ४), अंग्रेजी (३.४.१ र २) |
| **जिम्मेवार शिक्षकहरू** | सामाजिक शिक्षा, अंग्रेजी |
| **विद्यार्थीहरूबीचको सिकाइ प्रतिफल मापन गर्ने मूल्याङ्कन विधिहरू** | • अभिमुखीकरणसम्बन्धी स्लाइडहरू<br>• साझेदार विद्यालय र अनुसन्धान स्थानहरूका लागि प्रश्नावली ।<br>• तथ्यांक सङ्कलन तथा अभिलेख पुस्तिका<br>• कारण तथा परिणामको सूचीसहित जिग्शा प्रतिवेदन<br>• दुवै विद्यालयका शीर्ष ३ मा छनौट भएका विद्यार्थीहरूको वक्तृत्वलाई एकअर्कालाई पठाउने र नयाँ सिकाइ खोजी गर्न अन्तिम सिकाइ (एउटा प्रतिवेदन) दुवै विद्यालयमा गरिने (अन्तर्राष्ट्रिय आयामहरू भएको) ।<br>• ब्रिटिश काउन्सिलको पृष्ठपोषण/मूल्याङ्कन फाराम<br>• स्काइप हाजिरीजवाफ वा छलफलका लागि प्रश्नहरू<br>• नाटकको स्क्रिप्ट वा पटकथा |
| **विवरण फाइलमा राखिनुपर्ने प्रमाणहरू** | अनुशीर्षकसहितको फोटोहरू, भिडियो, विद्यालयको अनलाइन ब्लगको स्क्रीन सट, आदानप्रदान गरिएको इमेल |

BRITISH COUNCIL

INTERNATIONAL SCHOOL AWARD

## इन्टरनेशनल स्कूल अवार्ड कार्ययोजना

| | |
|---|---|
| परियोजना ३<br>(अन्तर्राष्ट्रिय आयाम उल्लेख गरेको शीर्षक र परियोजनाको संक्षिप्त विवरण) | **के हामी हाम्रो स्थानीयरुपमा उपलब्ध स्रोत र सीपहरूमा सचेत छौं ?**<br>यस परियोजना कक्षा ६, ७ र ८ को सामाजिक शिक्षाअन्तर्गतको हाम्रो आर्थिक गतिविधि र पेशा, व्यवसाय तथा प्रविधि शिक्षा अन्तर्गत व्यवसायिक अभिमुखीकरण : हस्तकला शीर्षकको इकाइ ७ सँग सम्बन्धित छ। यी इकाइहरूको लक्ष्य हाम्रो विद्यार्थीहरूलाई जीविकाको लागि आयआर्जन गर्न स्थानीय रुपमा उपलब्ध स्रोत र सीपको प्रयोग गर्ने तरिका सिकाउनु हो। |
| प्रकार | **अन्तर्राष्ट्रिय आयाम भएको सार्वजनिक निजी साझेदारी** |
| दिगो विकास लक्ष्य केन्द्रित | लक्ष्य ८ : प्रतिष्ठित काम र आर्थिक वृद्धि<br>लक्ष्य ९ : उद्योग, नवीनता र पूर्वाधार |
| न्यूनतम तीनवटा सिकाइ प्रतिफल - क्रियाकलापका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् (ज्ञान र सीपको आधारमा लेख्नुहोस्) | १. कृषि तथा गैरकृषि क्षेत्रमा आधारित परम्परागत पेशा, स्थानीय पेशा र स्वरोजगारको सम्भावनाहरू खोजी गर्नेछन् (कक्षा ६ : पेशा, व्यवसाय तथा प्रविधि पाठ्यक्रम, सिकाइ प्रतिफल नं. २, ३, ४; पेज नं. : १३७)<br>२. स्थानीयरुपमा उपलब्ध प्राकृतिक स्रोत र दैनिक उपयोगी सामग्री बनाउन ती स्रोतहरूको उपयोग गर्ने सीपहरूबारे व्याख्या गर्ने र सूचीकृत गर्नेछन्। (कक्षा ७ : सामाजिक शिक्षा, सिकाइ प्रतिफल नं. २४; पेज नं. : ६४)<br>३. प्रत्येक विद्यार्थीले स्थानीयरुपमा उपलब्ध स्रोत र सीपबाट कम्तीमा एउटा उपयोगी सामग्री उत्पादन गर्नेछन्, र ती सामग्री बिक्री गर्न मेलाको आयोजना गर्ने, र हिसाबको लेखा राख्नेछन्। (कक्षा ७ : लेखाविधि....)<br>४. केही छिमेकी देशहरूमा घरमा बनाएको स्थानीय सामग्रीहरूबारे खोजी गर्नेछन्। |
| अपेक्षित सिकाइ प्रतिफल प्राप्तिमा मद्दत गर्ने क्रियाकलापको संक्षिप्त तथा स्पष्ट व्याख्या (प्रत्येक सिकाइ प्रतिफलको लागि कम्तीमा एउटा क्रियाकलाप )। | १. स्थानीय पेशा, परम्परागत पेशा र स्वरोजगारको सम्भावनाबारे विद्यार्थीहरूलाई अभिमुखीकरण गर्ने।<br>२. प्रश्नावलीको प्रयोग गरी बजारको सर्भेक्षण गर्ने, स्थानीयरुपमा उपलब्ध प्राकृतिक स्रोतहरू, सीपहरू र स्थानीय पेशा तथा रोजगारबारे प्रश्नहरू सोध्ने (प्रश्नावली तथा तथ्यांक सङ्कलन)।<br>३. हाम्रो खोजमूलक नतिजा साझेदार विद्यालयलाई सिकाउने र उनीहरूको बारेमा सिक्ने।<br>४. स्थानीयरुपमा उपलब्ध दक्ष व्यक्तिबाट व्यवसायिक तालिम वा कार्यशाला, प्रत्येक विद्यार्थीद्वारा कम्तीमा एउटा घरमा प्रयोग हुने वस्तु उत्पादन, अभिभावक तथा आगन्तुकहरूलाई बिक्रीको लागि विद्यालय शान्तिक्षेत्र हाताभित्र प्रदर्शनी गर्ने।<br>५. स्थानीयरुपमा उपलब्ध स्रोत तथा सीपहरूको प्रयोग गरी कम्तीमा एउटा घरमा उपयोगी वस्तुको उत्पादन गर्ने (जस्तै सालको पातबाट दुना र टपरी, परालबाट गुन्द्री सुकुल र पीरा आदि ।)<br>६. कक्षाकोठामा इन्टरनेट सर्भेक्षणसम्बन्धी कार्यशाला, अन्य देशमा स्थानीयरुपमा उपलब्ध स्रोतहरूको बारेमा जानकारी प्राप्त गर्ने (चीन, भारत, श्रीलंका आदि)। (अवस्था लेखन - समूहगत अनुसन्धान)।<br>७. हाम्रो उत्पादन साझेदार विद्यालयलाई पठाउने र स्पष्ट निर्देशनसहित उनीहरूलाई दैनिक प्रयोग हुने कम्तीमा एउटा हातबाट बनाउने सामग्री बनाउन अनुरोध गर्ने, र उनीहरूको उत्पादन प्राप्त गर्ने र उनीहरूको उत्पादन गर्न सिक्ने, पारस्परिक सिकाइको लागि उपयुक्त (अन्तर्राष्ट्रिय आयाम)<br>८. दुवै विद्यालयहरूको तथ्यांकको तुलना र जर्नल प्रविष्टि तयार गर्ने, प्रदर्शनीमा उनीहरूको उत्पादनको बिक्री हिसाब गर्ने, नाफा नोक्सानको विश्लेषण गर्ने। |

| | |
|---|---|
| **क्रियाकलापको महिना र समयावधि** | अक्टोबर दोस्रो हप्तादेखि नोभेम्बरको पहिलो हप्तासम्म । |
| **कक्षाहरू/संलग्न विद्यार्थी संख्या** | कक्षा ९ र १०, विद्यार्थी १२० |
| **समेटिएको देशहरू** | नेपाल, भारत |
| **पाठ्यक्रमसँग सम्बन्धित समेटिएका विषयहरू** | सामाजिक, पेशा, व्यवसाय तथा प्रविधि शिक्षा, गणित, लेखा, वातावरण, स्वास्थ्य तथा जनसंख्या |
| **जिम्मेवार शिक्षकहरू** | सुदर्शन सुवेदी, गौरव शर्मा |
| **विद्यार्थीहरूबीचको सिकाइ प्रतिफल मापन गर्ने मूल्याङ्कन विधिहरू** | • अभिमुखीकरणसम्बन्धी स्लाइड<br>• दुवै विद्यालयमा सर्भेक्षणको प्रश्नावली<br>• तथ्यांक सङ्कलन तथा अभिलेख<br>• साझेदार विद्यालयको उदाहरणहरू<br>• ब्रिटिश काउन्सिल आगन्तुक पृष्ठपोषण फाराम<br>• प्रशिक्षकको प्रतिवेदन तथा पृष्ठपोषण<br>• दुवै विद्यालयका विद्यार्थीको बिक्री प्रतिवेदन<br>• निबन्ध लेखन तथा हाजिरीजवाफ प्रतियोगिता<br>• तुलना चार्ट<br>• दुवै विद्यालयका विद्यार्थीको प्रतिवेदन<br>• जर्नल प्रविष्टि र नाफानोक्सानको वित्तीय प्रतिवेदन । |
| **विवरण फाइलमा राखिनुपर्ने प्रमाणहरू** | फोटोहरू, कार्यपुस्तिका, विद्यार्थीको मूल्याङ्कन, ब्रिटिश काउन्सिलको मूल्याङ्कन फाराम, विद्यार्थीको समीक्षा प्रतिवेदन, शिक्षकको प्रतिवेदन |

BRITISH COUNCIL

**INTERNATIONAL**
SCHOOL AWARD

## इन्टरनेशनल स्कूल अवार्ड कार्ययोजना

| | |
|---|---|
| **परियोजना ५**<br>**(अन्तर्राष्ट्रिय आयाम उल्लेख गरेको शीर्षक र परियोजनाको संक्षिप्त विवरण)** | **हामी चारकोशे झाडीसँगै स्वास फेर्छौं ?**<br>यस परियोजना कक्षा ३ देखि ५ सम्मको लागि सामाजिक विषयसँग सम्बन्धित २० प्रतिशत स्थानीय पाठ्यक्रममा आधारित छ । यस परियोजनाले विद्यार्थी, स्थानीय जनता र सरकारलाई वनजंगलको संरक्षणको लागि सचेत गराउने लक्ष्य राख्छ । वास्तवमा चारकोशे झाडी यस क्षेत्रका बासिन्दाको जीवन आधार हो र नेपालको सम्पत्ति हो । तर कसैले पनि यसको विनाश, जनावर र पक्षीहरूको लोप, नजिकका सीमसारको सुख्खापनबारे चिन्ता गरेको देखिँदैन । यो वास्तवमा एक गम्भीर समस्या हो र हामी स्थानीय सरकार तथा मानिसहरूसँग समन्वय गरी कम्तीमा एक प्रकारको सचेतना कार्यक्रम चलाउन चाहन्छौं । |
| **प्रकार** | **अन्तर्राष्ट्रिय आयाम भएको २० प्रतिशत स्थानीय पाठ्यक्रम परियोजना** |
| **दिगो विकास लक्ष्य केन्द्रित** | लक्ष्य १३ : जलवायुसम्बन्धी कार्य<br>लक्ष्य १५ : जीवन तथा जमिन |
| **न्यूनतम तीनवटा सिकाइ प्रतिफल - क्रियाकलापका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् (ज्ञान र सीपको आधारमा लेख्नुहोस्)** | १. चारकोशे झाडीमा पाइने स्थानीय वनस्पति, जनावर र चराहरू पहिचान गर्ने र सूचीकृत गर्नेछन् ।<br>२. चारकोशे झाडीको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिले अवलम्बन गरेको रणनीतिबारे बताउनेछन् ।<br>३. अन्य देशको उदाहरणलाई सन्दर्भ लिँदै चारकोशे झाडीको संरक्षण गर्न रणनीतिक योजना बनाउनेछन् (कम्तीमा दुई मुलुक, अन्तर्राष्ट्रिय आयाम) |
| **अपेक्षित सिकाइ प्रतिफल प्राप्तिमा मद्दत गर्ने क्रियाकलापको संक्षिप्त तथा स्पष्ट व्याख्या (प्रत्येक सिकाइ प्रतिफलको लागि कम्तीमा एउटा क्रियाकलाप ) ।** | १. स्थानीय बुढापाका मानिस, प्रमुख जिल्ला वन अभिकृत र स्थानीय सरकारका प्रतिनिधिसँग भेटेर पाठ्यक्रमको विकास गर्ने ।<br>२. यसको इतिहास, सौन्दर्यता र महत्वबारे विद्यार्थीहरूलाई अभिमुखीकरण गर्ने ।<br>३. स्थलगत भ्रमण तथा स्थानीय बुढापाका मानिससँग अन्तरर्वार्ता ।<br>४. प्रश्नावली तथा जिल्ला वन अधिकृत, मेयर, वडाध्यक्ष, स्थानीय सामुदायिक वन उपभोक्ता समितिका प्रमुखसँग अन्तर्वार्ता ।<br>५. स्थानीय सरकारका प्रतिनिधि, जिल्ला वन अधिकृत र बुढापाका, विज्ञहरू आदिलाई सम्मिलत गराएर विद्यालयमा सार्वजनिक छलफल कार्यक्रम ।<br>६. चारकोशे झाडीको संरक्षणका लागि रणनीतिक योजना बनाउने (कम्तीमा दुइवटा देशको उदाहरण सन्दर्भको रुपमा लिने, अन्तर्राष्ट्रिय आयाम) र प्रतिवेदन स्थानीय सरकार, जिल्ला वन कार्यालयमा पेश गर्न लगाउने ।<br>७. चारकोशे झाडीको महत्वबारे अनुच्छेद वा निबन्ध लेख्ने । स्थानीय समाचारपत्रमा लेख छपाउने ।<br>८. उनीहरूको सिकाइप्रतिको चिन्तन गर्दै वा समीक्षा गर्दै प्रतिवेदन लेख्ने । |

| | |
|---|---|
| **क्रियाकलापको महिना र समयावधि** | नोभेम्बर २०१९ देखि मार्च २०२० सम्म |
| **कक्षाहरू/संलग्न विद्यार्थी संख्या** | कक्षा ४ र ५, विद्यार्थी ८२ |
| **समेटिएको देशहरू** | नेपाल तथा छिमेकी देशहरू |
| **पाठ्यक्रमसँग सम्बन्धित समेटिएका विषयहरू** | सामाजिक, सिर्जनशील कला |
| **जिम्मेवार शिक्षकहरू** | सुदर्शन सुवेदी, अमित सिजापति |
| **विद्यार्थीहरूबीचको सिकाइ प्रतिफल मापन गर्ने मूल्याङ्कन विधिहरू** | • अन्तरवार्ता पृष्ठपोषण<br>• मेयरको पृष्ठपोषण<br>• छलफल प्रतिवेदन<br>• आगन्तुक पृष्ठपोषण<br>• कक्षाकोठा मूल्याङ्कन<br>• परियोजनाको मूल्याङ्कन<br>• प्रस्तुतिमा पृष्ठपोषण |
| **विवरण फाइलमा राखिनुपर्ने प्रमाणहरू** | फोटो, भिडियो, विद्यार्थीको मूल्याङ्कन, ब्रिटिश काउन्सिलको मूल्याङ्कन फाराम, विद्यार्थीको समीक्षा प्रतिवेदन, समाचारपत्र लेख, सरोकारवालामा प्रस्तुत गरिएको प्रतिवेदन |

BRITISH COUNCIL

INTERNATIONAL SCHOOL AWARD

## इन्टरनेशनल स्कूल अवार्ड कार्ययोजना

| | |
|---|---|
| परियोजना ६<br>(अन्तर्राष्ट्रिय आयाम उल्लेख गरेको शीर्षक र परियोजनाको संक्षिप्त विवरण) | **आकार वा चित्रहरूसँग खेल्ने र सिक्ने**<br>यस परियोजना पूर्वप्राथमिकदेखि कक्षा २ सम्मको ज्यामिति शीर्षकको एकाइ १ सँग सम्बन्धित छ । यसले विद्यार्थीहरूलाई विभिन्न आकार र चित्रहरू बारेमा रमाइलोसँग सिकाउनेछ, जस्तै, वृत्त, आयात, वर्ग, त्रिकोण आदि । |
| प्रकार | **अन्तर्राष्ट्रिय आयाम भएको विद्यालयभित्रको परियोजना** |
| दिगो विकास लक्ष्य केन्द्रित | लक्ष्य ४ : गुणस्तरीय शिक्षा<br>लक्ष्य १७ : लक्ष्यप्राप्तिको लागि साझेदारी |
| न्यूनतम तीनवटा सिकाइ प्रतिफल - क्रियाकलापका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् (ज्ञान र सीपको आधारमा लेख्नुहोस्) | • मूलभूतरुपमा चारवटा आकारहरू पहिचान गर्नेछन् : वर्ग, आयात, त्रिकोण र वृत्त, वास्तविक वस्तुहरूसँग रमाइलो तरिकाले खेल्दै । (कक्षा १, २ र ३, गणित, क्षेत्र १, ज्यामिति, पेज नं. : ३५/३६)<br>• उनीहरूको गणित नोटबुक वा चार्टमा यी आकारहरू कोर्नेछन् र आकार स्पष्ट गर्न रंग भर्नेछन् । (कक्षा १, २ र ३, गणित, क्षेत्र १, ज्यामिति, पेज नं. : ३५/३६)<br>• नेपालको झण्डा कम्तीमा ५ वटा अन्य देशको झण्डासँग तुलना गर्नेछन् र ती झण्डाहरूको आकार लेख्ने, र आफ्नो सिकाइबारे समीक्षा लेख्नेछन् । (अन्तर्राष्ट्रिय आयाम)<br>• विभिन्न आकारका कम्तीमा १० वटा वस्तुहरू भन्नेछन्, त्यसको उच्चारण र हिज्जेसहित (अन्तर पाठ्यक्रम वा शैक्षिक क्रियाकलाप) । (कक्षा १, २ र ३, अंग्रेजी : बोलाइ १०, पढाइ : १२ देखि १५, पेज : १७१) |
| अपेक्षित सिकाइ प्रतिफल प्राप्तिमा मद्दत गर्ने क्रियाकलापको संक्षिप्त तथा स्पष्ट व्याख्या (प्रत्येक सिकाइ प्रतिफलको लागि कम्तीमा एउटा क्रियाकलाप ) । | १. बालबालिकालाई आकारको ज्ञान दिलाउन शिक्षकहरूले कम्तीमा २० वटा वस्तुहरू सङ्कलन गरी प्रदर्शन गर्ने (जस्तै : किताब, टेबल, खेल्ने रिङ, भलिबल, प्लेट, सेतोपाटी, खेल्ने इँटा वा ब्लक, चुरा आदि ।<br>२. उनीहरूलाई आकार समूहअनुरुपका कम्तीमा तीनवटा घरका सामग्रीहरू लिएर आउन भन्ने (जस्तै वर्गाकार, वृत्ताकार ), यसको लागि आमाबुबाको सहयोग लिन भन्ने र ती सामग्रीलाई कक्षाकोठामा देखाउने । अभिभावकलाई पत्र पठाएर उनीहरूको बच्चालाई उनीहरूको आकार समूहको वस्तु खोज्न मद्दत गर्न अनुरोध गरिनेछ ।<br>३. कम्तीमा ५ वटा देशको विभिन्न आकारको झण्डा सङ्कलन । (अन्तर्राष्ट्रिय आयाम)<br>४. विभिन्न आकारमा रहेको विभिन्न देशको झण्डामा रंग भर्ने ।<br>५. विद्यार्थीको समूहले कागज वा गिलो पिठोको सहायताले विभिन्न आकारहरू बनाउनेछन् र यसलाई प्रस्तुत गर्न साथीहरूको अगाडि राख्नेछन् ।<br>६. केही घरायसी सामानहरूको फोटो सङ्कलन गर्ने र यसलाई तुलना गर्दै विभिन्न आकारसमूहमा वर्गीकरण गर्ने (सबैले) ।<br>७. आकारबारे बताउने अनुशीर्षक राखी कम्तीमा १० वटा विभिन्न फोटोहरू टाँसेर एउटा सङ्कलन पुस्तक बनाउने । (साझेदार विद्यालयले थप्ने)<br>• रबर आकारको पिनबोर्ड<br>• चरा र जनावरहरूको आकार र रंग भर्ने । |
| क्रियाकलापको महिना र समयावधि | सेप्टेम्बरको पहिलो र दोस्रो हप्ता |
| कक्षाहरू/संलग्न विद्यार्थी संख्या | पूर्वप्राथमिक, विद्यार्थी संख्या १०० |

| | |
|---|---|
| **समेटिएको देशहरू** | बेलायत, ताइवान, भारत, चीन र नेपाल |
| **पाठ्यक्रमसँग सम्बन्धित समेटिएका विषयहरू** | गणित, चित्रकला तथा वास्तुकला |
| **जिम्मेवार शिक्षकहरू** | गौरव शर्मा |
| **विद्यार्थीहरूबीचको सिकाइ प्रतिफल मापन गर्ने मूल्याङ्कन विधिहरू** | • प्रत्येक विद्यार्थीको सङ्कलन सूची<br>• परीक्षा पुस्तिका तथा उत्तरको अंक<br>• जिग्शा सङ्कलन सूची तथा प्रतिवेदन<br>• अभिभावकको पृष्ठपोषण<br>• विद्यार्थीको नाम र उनीहरूले सङ्कलन गरेको झण्डाको नाम सूची ।<br>• विभिन्न वस्तुहरूको विभिनन आकारको लागि विद्यार्थीको कागज वा पिठोको कार्य ।<br>• अनुशीर्षक सहितको आकारहरूको चित्र टाँसेको सङ्कलन पुस्तक ।<br>• फोटो तथा भिडियो । |
| **विवरण फाइलमा राखिनुपर्ने प्रमाणहरू** | फोटो, ब्रिटिश काउन्सिलको मूल्याङ्कन फाराम, विद्यार्थीको कार्य पुस्तिकाहरू, विद्यार्थीको रिपोर्ट, शिक्षकको रिपोर्ट । |

BRITISH COUNCIL

INTERNATIONAL SCHOOL AWARD

## इन्टरनेशनल स्कूल कार्ययोजना

| | |
|---|---|
| परियोजना ७<br>(अन्तर्राष्ट्रिय आयाम उल्लेख गरेको शीर्षक र परियोजनाको संक्षिप्त विवरण) | **मेरी आमाले कथा भन्नुहुन्छ**<br>यो परियोजना एउटा कथा जोडिएका घटना वा बिम्बहरूको प्रतिवेदन हो । यो मनोरन्जनको लागि बुनेको कथा हो । यस परियोजनाको पाठ्यक्रम कक्षा १ देखि ३ सम्मको नेपाली विषयसँग सम्बन्धित छ । यसले भाषाको चारवटा सीपहरूको विकास गर्छ - सुनाइ, बोलाइ, पढाइ र लेखाइ । |
| प्रकार | **अन्तर्राष्ट्रिय आयाम भएको विद्यालयभित्रको परियोजना** |
| दिगो विकास लक्ष्य केन्द्रित | लक्ष्य ४ : गुणस्तरीय शिक्षा<br>लक्ष्य १७ : लक्ष्य प्राप्तिको लागि साझेदारी |
| न्यूनतम तीनवटा सिकाइ प्रतिफल - क्रियाकलापका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् (ज्ञान र सीपको आधारमा लेख्नुहोस्) | • बालबालिकाहरुले आफ्नो परिवारबाट आमाले हातले लेखेको आमाको कथा सङ्कलन गर्नेछन् ।<br>• आमाले भनिसकेपछि कक्षाकोठामा आमाको कथा वाचन गर्नेछन् (कक्षा १, बोलाइ सं. १०, पेज : ११, पढाइ नं. १५, पेज १२, कक्षा २, बोलाइ नं. १०, पेज १८, पढाइ नं. १४, पेज १९)<br>• अथिति कथा वाचकले वाचन गरेको कथा सुन्ने र बुझ्ने, उनको कथा विद्यार्थीको हातले लेख्नेछन् ।<br>• विद्यार्थीहरूले आमाको कथाको सारांश भन्न र लेख्न सिक्नेछन् । (कक्षा १, लेखाइ नं. २२, पेज १३, कक्षा २, लेखाइ नं. २०, पेज २१)<br>• कथा वाचन प्रतियोगितामा ठूलो जनसमूहको अगाडि कथा भन्ने र उनीहरूले सिकेका सबै कथाहरूको नैतिक मूल्य वा शिक्षालाई प्लेकार्डमा प्रदर्शन गर्नेछन् । |
| अपेक्षित सिकाइ प्रतिफल प्राप्तिमा मद्दत गर्ने क्रियाकलापको संक्षिप्त तथा स्पष्ट व्याख्या (प्रत्येक सिकाइ प्रतिफलको लागि कम्तीमा एउटा क्रियाकलाप ) । | १. आमा वा परिवारको कथा सङ्कलनको लागि अभिमुखीकरण र सङ्कलन । (विशेषगरी आमाको हातले लेखेको जसलाई विद्यार्थीले वाचन गर्नुपर्नेछ) ।<br>२. आमालाई वा अभिभावकलाई कथा भन्न विद्यालयमा आमन्त्रण गर्ने (नमुना विद्यार्थीलाई आमाको अगाडि कथा भन्न अनुरोध गर्न सकिनेछ, उसले जानेको छ कि छैन भनेर हेर्न) ।<br>३. विद्यार्थीले आफै कथा कक्षामा वाचन गर्ने ।<br>४. अतिथि कथाको सुनाइ बोध, अतिथिसँग अन्तर्क्रिया र उनको कथा बुँदागतरुपमा लेखी मस्यौदा तयार गर्ने ।<br>५. शिक्षकले कथाहरू बढाउने र विद्यार्थीहरूले स्वर, सही उच्चारण र शब्दहरू (कठिन शब्द अर्थ) सिक्ने ।<br>६. शिक्षकले कथा भन्ने शैली पनि सिकाउने (हाउभाउ तथा मुखाकृति)<br>७. आमाको कथाको सारांश कसरी लेख्ने भन्ने कुरा सिकाउने र मद्दत गर्ने ।<br>८. कथा वाचन प्रतियोगिता (फोटो, प्लेकार्ड र भिडियोसहित कथा वाचन कार्यक्रम)<br>९. उनीहरूले सिकेका कथाको नैतिक शिक्षाबारे एकअर्कालाई भन्ने । सबै कथाहरूको नैतिक पाठ लेख्नको लागि कक्षाकोठा क्रियाकलाप ।<br>१०. शिक्षक तथा विद्यार्थीहरू मिलेर अन्य देशहरूको लोककथा खोजी गर्नेछन् र त्यसलाई कक्षाकोठामा साझा गर्नेछन् । |
| क्रियाकलापको महिना र समयावधि | सेप्टेम्बर २०१९ देखि नोभेम्बर २०१९ सम्म |

| | |
|---|---|
| **कक्षाहरू/संलग्न विद्यार्थी संख्या** | कक्षा १ र २ |
| **समेटिएको देशहरू** | नेपाल, भारत, अमेरिका, क्यानडा, अष्ट्रेलिया |
| **पाठ्यक्रमसँग सम्बन्धित समेटिएका विषयहरू** | अंग्रेजी |
| **जिम्मेवार शिक्षकहरू** | असिम खरेल, शारदा जोशी |
| **विद्यार्थीहरूबीचको सिकाइ प्रतिफल मापन गर्ने मूल्याङ्कन विधिहरू** | • विद्यार्थीको पुनरावलोकन वा समीक्षा<br>• वाचनमा पृष्ठपोषण |
| **विवरण फाइलमा राखिनुपर्ने प्रमाणहरू** | फोटो, आगन्तुक पृष्ठपोषण, पृष्ठपोषण प्रश्नावली, ब्रिटिश काउन्सिलको मूल्याङ्कन फाराम, शिक्षकको पृष्ठपोषण, विद्यार्थीको मूल्याङ्कन |

# स्थानीय शेर्पा समुदायको खानाको परिकारसम्बन्धी २० प्रतिशत स्थानीय पाठयक्रम परियोजना

पेश गर्ने

**गोल्डेन पीक हाइस्कूल**

सरस्वतीनगर, काठमाडौं

पेश गरिएको ठाउँ

**ब्रिटिश काउन्सिल**

लैनचौर, काठमाडौं

## परिचय

यस पाठयक्रम काठमाडौं जिल्लाअन्तर्गत कपनमा बसोबास गर्ने शेर्पा समुदायका खानाको परिकारको पहिचान, तयारी र उपयोग बारेमा छ। यस स्थानीय पाठ्क्रमको महत्व शेर्पा समुदायको खानाको परिकारलाई प्रबर्द्धन गर्नु र पर्यटन उद्योगमा योगदान गर्नु हो, किनकि यस क्षेत्रमा विश्व सांस्कृतिक सम्पदामा सूचीकृत बौद्धनाथ पनि पर्दछ। शेर्पा समुदायको आफ्नै भाषा, जीवनशैली, पोशाक, खाना र मूल्य मान्यता रहेको छ। यस क्षेत्रमा रहेका बहुसंख्यक व्यक्ति शेर्पा समुदायबाट छन्। शेर्पा समुदायको पर्यटन उद्योगमा धेरै ठूलो योगदान रहेको छ। यस समुदायको खानाको परिकारहरू छुट्टै किसिमको छ र यसले पर्यटन उद्योग प्रवर्द्धनको लागि महत्वपूर्ण भूमिका खेल्छ। त्यसैगरी, यस स्थानीय पाठ्यक्रम हाम्रो विद्यालयमा लागू गर्नुको उद्देश्य राष्ट्रिय तथा अन्तर्राष्टि स्तरमा शेर्पा समुदायको स्वस्थकर खानाको परिकारहरूको परिचय दिनु हो। यस वर्तमान पाठ्यक्रम २० प्रतिशत स्थानीय पाठ्यक्रम हो जुन कक्षा ४ र ५ को सामाजिक शिक्षा विषयसँग नजिकबाट जोडिएको छ।

## उद्देश्य/सक्षमता

यस पाठ्यक्रम पूरा गरिसकेपछि, कक्षा ४ र ५ का विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :
- स्थानीयस्तरको धेरैजसो उपयोग गरिने साझा खानाको परिकार पहिचान गर्नेछन्।
- शेर्पा समुदायको धेरैजसो उपभोग गरिने साझा खानाको परिकार पहिचान गरी नाम भन्न सक्नेछन्।
- शेर्पा समुदायको खानाको परिकार तयार गर्नको लागि आवश्यक पर्ने सामग्रीहरू पहिचान गर्नेछन्।
- त्यस्ता खानाको परिकार तयार गर्ने विधिसँग परिचित हुनेछन्।
- त्यस्ता खानाको परिकार बनाउने सीप हासिल गर्नेछन्।
- यी खानाका परिकारहरूलाई बजार र पर्यटन उद्योगमा प्रवर्द्धन गर्नेछन्।

## विषयवस्तु

१. स्थानीय शेर्पा समुदायको खानाको परिकारहरूको पहिचान।
२. शेर्पा समुदायको खानाको परिकारहरूको तयारी तथा प्रवर्द्धन।

## क्षेत्र र क्रम (क्षितिजीय र शीर्षस्थ ढाँचा/रूपरेखा)

यस विषयवस्तु विद्यार्थीहरूको उमेर, स्तर र ज्ञानका आधारमा छनौट गरी क्षितिजीय तथा शीर्षस्थ ढाँचामा राखिएको छ।

### विषयवस्तुको विस्तृतीकरण : क्षेत्र तथा क्रम तालिका

| क्षेत्र/क्रम | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. स्थानीय शेर्पा समुदायको खानाको परिकारहरूको पहिचान<br>२. ती खानाका परिकार हरूको तयारी तथा प्रवर्द्धन | • खानाका परिकारहरूको परिचय<br>• स्थानीय खानाको परिकारहरूको पहिचान<br>• शेर्पा समुदाय र यसको साझा खानाका परिकारहरूको परिचय<br>• शेर्पा समुदायको साझा खानाका परिकारहरूको पहिचान<br>• शेर्पा समुदायको खानाका परिकारहरू बनाउने विधि<br>• खानाका परिकारहरू बनाउने (कुनै दुईवटा) | • खानाका परिकारहरूको परिचय<br>• स्थानीय खानाका परिकारहरूको पहिचान<br>• शेर्पा समुदाय र यसको साझा खानाका परिकार हरूको परिचय<br>• शेर्पा समुदायको साझा खानाको परिकारहरूको पहिचान<br>• शेर्पा समुदायको खानाका परिकारहरू बनाउने विधि<br>• खानाका परिकारहरू बनाउने (कुनै चारवटा) |

### शिक्षण विधि तथा प्रक्रिया (Method of delivery/Process of teaching)

| शिक्षण घण्टी | क्रियाकलापहरू | | संलग्न शिक्षक |
|---|---|---|---|
| | कक्षा ४ | कक्षा ५ | |
| ३ | स्थानीय खानाका परिकारहरूको परिचय, तिनीहरूको आवश्यकता र महत्वबारेको छलफल | स्थानीय खानाका परिकारहरूको लाभहरूको पहिचान र व्याख्या | सामाजिक शिक्षा विषय शिक्षक |
| ४ | शेर्पा समुदायको सामान्य परिचय र उनीहरूको विशेषताको व्याख्या | शेर्पा समुदायको जीवनशैलीको परिचय र यसको विशेष खानाका परिकारहरू | सामाजिक शिक्षा र पेशा, व्यवसाय तथा प्रविधि विषय शिक्षकहरू |
| ५ | शेर्पा समुदायको खानाका परिकार हरूको परिचय र बनाउने विधि | स्थानीय शेर्पा समुदायको खानाको परिकार बनाउने तरिकाको अवलोकन तथा अभ्यास | स्थानीय खाना बनाउन सिकाउने व्यक्ति, सामाजिक शिक्षा विषय शिक्षक र समुदायका सदस्यहरू |
| ७ | स्थानीय शेर्पा समुदायको खानाको परिकार बनाउने अभ्यास | स्थानीय शेर्पा समुदायको खानाको परिकार बनाउने अभ्यास | स्थानीय खाना बनाउन सिकाउने व्यक्ति, सामाजिक शिक्षा विषय शिक्षक र समुदायका सदस्यहरू, पेशा, व्यवसाय तथा प्रविधि विषय शिक्षक |
| ८ | फिल्ड भ्रमण, अवलोकन र प्रतिवेदन लेखन | फिल्ड भ्रमण, अवलोकन र प्रतिवेदन लेखन | स्थानीय खाना बनाउन सिकाउने व्यक्ति, सामाजिक शिक्षा विषय शिक्षक र समुदायका सदस्यहरू, पेशा, व्यवसाय तथा प्रविधि विषय शिक्षक र अन्य शिक्षकहरू |
| ३ | शेर्पा समुदायका साझा खानाका परिकारहरूको बजारीकरणको अभ्यास | शेर्पा समुदायका साझा खानाका परिकारहरूको बजारीकरणको अभ्यास | स्थानीय खाना बनाउन सिकाउने व्यक्ति, सामाजिक शिक्षा विषय शिक्षक र समुदायका सदस्यहरू, पेशा, व्यवसाय तथा प्रविधि विषय शिक्षक |
| **जम्मा घण्टी** | ३० | ३० | |

## शिक्षण स्रोत सामग्री

- पकाउने भाँडावर्तन
- विभिन्न परिकार वस्तुको पाकविधिअनुसारको सामग्रीहरू
- स्रोत व्यक्ति : शेर्पा समुदायको खानाको परिकारसँग सम्बन्धित पकाउन सिकाउने व्यक्ति

## अन्तर्राष्ट्रिय आयाम

- पकाउने भाँडावर्तन ।
- स्थानीय खानाका परिकारहरूको पहिचान ।
- शेर्पा समुदायको साझा खानका परिकारहरूको परिचय, ती खानाको राष्ट्रिय तथा अर्न्राष्टिय स्तरमा आवश्यकता र महत्व ।
- शेर्पा समुदायको खानाका परिकारहरूको प्रवर्द्धन ।
- शेर्पा समुदायको खानाका परिकारहरूको प्रवर्द्धनमार्फन् आन्तरिक तथा बाह्य पर्यटनमा योगदान ।
- शेर्पा समुदायको खानाको परिकारहरूको गहन अध्ययन र अभ्यासपछि भविष्यमा खानाका परिकारसँग सम्बन्धित व्यवसायको स्थापनामा योगदान ।
- अन्य देशका स्थानीय समुदायका खानाको परिकारसँग तुलना गरी समानता तथा फरकपन छुट्याउने ।

## मूल्याङ्कन विधि, साधन र तरिकाहरु

१. अवलोकन
२. प्रदर्शन अभ्यास क्रियाकलापहरू
३. सैद्धान्तिक ज्ञानको लागि वस्तुगत परीक्षा
४. प्रयोगात्मक/परियोजनामा आधारित मूल्याङ्कन

# बौद्धको स्थानीय चाडपर्व माम्ला जात्रासम्बन्धी २० प्रतिशत स्थानीय पाठयक्रम परियोजना

पेश गर्ने
**अद्वैत हाइस्कूल**
काठमाडौं, नेपाल

पेश गरिएको ठाउँ
**ब्रिटिश काउन्सिल**
लैनचौर, काठमाडौं

# परिचय

पर्वतीय श्रृङ्खलाको दक्षिणी काखमा अवस्थित नेपाल दक्षिण एसियामा पर्ने एउटा सानो देश हो । तर भौगोलिक, जलवायु, जातीय समूह, संस्कृति र धार्मिक हिसाबले हेर्दा यो धेरै ठूलो र विविधताले भरिउको देश हो । त्यसकारण हाम्रो नेपालको वर्तमान संविधान २०७२ ले नेपाललाई बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक देश भनेर परिभाषित गरेको छ । यी विविधताहरू नेपाल र नेपाली जनताको पहिचान हो ।

हरेक जातीय तथा धार्मिक समुदायको आफ्नो संस्कृति, रितिरिवाज, परम्परा संस्कार र चाडपर्व हुन्छन् । तीमध्ये केही संस्कृति र प्रचलनहरू समाजमा र देशबाहिर प्रसिद्ध रहेको हुन्छ । तर केही संस्कृति र चाडपर्व खास स्थानमा मात्र सीमित रहेको हुन्छ ।

यहाँ हामी माम्ला जात्राको परिचय दिन गैरहेका छौं जुन एक अद्वितीय र धेरै महत्वपूर्ण चाडपर्व हो । यस चाडपर्वलाई बौद्धका स्थानीय तामाङ र नेवार जातिले बौद्धनाथ स्तुपमा रहेको अजिमाथानमा ( अजिमा/माम्लाको मन्दिर) मनाउने गर्छन् । बौद्धनाथ स्तुप काठमाडौं सहरको मुटुबाट ७ किलोमिटरको दूरीमा रहेको छ । यो ठाउँ बौद्ध तीर्थयात्रीहरूको आस्थाको केन्द्र हो र यसलाई युनेस्कोको विश्व सम्पदा क्षेत्रमा सूचीकृत गरिएको छ । तर धेरै मानिसलाई माम्ला जात्रा चाडपर्वको बारेमा थाहा छैन ।

## माम्ला जात्रा

माम्ला जात्रा नेपाली पात्रो अनुसार हरेक माघ शुक्ल पूर्णिमाको दिन पर्दछ । यो एक ऐतिहासिक जात्रा पर्व हो । स्थानीयहरूको लागि यो पर्व धेरै महत्वपूर्ण छ किनकि यो मोमपुकुसिद्धिको रुपमा प्रख्यात छ जसको अर्थ अजिमासँगको सम्मिलन भन्ने हुन्छ । यस खास अवसरको दिन भक्तजनहरू बिहान सबेरैदेखि अजिमाथनमा भेला हुन शुरु गर्छन् । सोही दिनको साँझ अजिमाको मूर्तिलाई सर्वसाधारणको दर्शनको लागि रथमा राखेर बौद्धनाथ, पिपलबोट र टुसाल चोकसम्म घुमाइन्छ । बौद्ध धर्मका भक्तजनहरू र अन्य मानिसहरूले घिउ हालेको बत्ती, धुप आदि बाल्दछन् जुन अजिमानाथनको दर्शन गर्न आउने सर्वसाधारणहरूको लागि विशेष आकर्षण रहेको हुन्छ । अन्त्यमा, मन्दिरको पुजारीले सबै भक्तजनहरूलाई खाना प्रदान गर्छन् । यो बौद्ध संस्कृतिको पहिचान हो ।

## अजिमाथन

यो मन्दिर बौद्धनाथ स्तुपको उत्तर भागमा रहेको छ । यसलाई शाक्यमुनि, मोमपुकुसिद्धिको नामले पनि जानिन्छ । स्वयम्भुनाथमा रहेको हारतीमाता बौद्धनाथमा रहेको अजिमाको बहिनी हो भन्ने जनविश्वास रहेको छ । पाँचौ शताब्दीमा गुरु पद्मसम्भवले बौद्ध संस्कृतिको रक्षा र संरक्षणको लागि आफ्नो सिद्धि अर्थात तान्त्रिक शक्तिको प्रयोग गरेका थिए । यस जनविश्वासको अनुसार मानिसहरूले माम्ला जात्राको रुपमा चिनिने रथयात्रा थालेका हुन् । मानिसहरूले प्रार्थना र पुजा गरेर सन्तान इच्छा, व्यवसायमा सफलताको चाहना आदि कुराहरू पूरा गर्न सक्छन् भन्ने विश्वास गरिन्छ । यसैले गर्दा यो दिनदिनै लोकप्रिय हुँदै गएको छ ।

## यस सम्बन्धमा धेरै पौराणिक कथाहरु छन्, जसमध्ये एउटा तल प्रस्तुत गरिन्छ

बौद्धनाथ स्तुपको निर्माण आमा ज्याजिमाले गरेकी थिइन् जो आफ्नो कुखुराहरूको हेरविचार गर्थिन् । उनीहरू अति गरिब परिवार थिए । छोर्तेन (स्तुप) निर्माण गर्ने उनको सपना थियो । त्यसैले उनले नेपालका राजालाई सो भूमिको प्रयोग गर्न दिने अनुमतिको लागि अनुरोध गरिन् । सामान्यतया, राजाले यस्तो अनुमति दिँदैन थिए, तर सम्पूर्ण जीवित प्राणीको भलाइको लागि यसलाई निर्माण गर्ने उनको दृढ निश्चयलाई देखेर राजाले कुनै वास्तविक परिणामबारे विचार नगरी सहमत जनाए । ज्याजिमाले त्यति क्षेत्रको लागि मात्र अनुरोध गरेकी थिइन् जसलाई जनावरको छालाले ढाक्न सकिन्थ्यो ।

राजाको मुखबाट हुन्छ भन्ने शब्द फुत्कियो । त्यसैले तिब्बतीहरूले यसलाई जार्गुन काशोर छोर्तेन नाम दिए । जार्गुनको अर्थ यो गर्न सकिन्छ भन्ने हुन्छ, काशोरको अर्थ मुखबाट फुत्किनु भन्ने हुन्छ र छोर्तेनको अर्थ स्तुप भन्ने हुन्छ । सबै भक्तजनहरूमा परिचित यो अर्को नाम हो ।

स्तुपको जग पूरा गरिसकेपछि आमा ज्याजिमा परलोक भइन् । उनको चारजना पति थिए र प्रत्येक पतिबाट एक-एक गरी चारजना छोराहरूलाई जन्म दिइन् - उनीहरूको नाम क्रमशः पहिलोबाट चौथोसम्म ताजिबु, फाजिबु, खिजिबु र ज्याजिबु थियो । उनीहरूले स्तुपको बाँकी निर्माण पुरा गरे । यसको निर्माण कार्य पूरा गरिसकेपछि उनीहरू सबैजना यसको अगाडि उभिएर प्रार्थना गरे । सबै बौद्ध र बोधिसत्वहरूले उनीहरूलाई इच्छा पूर्ण होस् भन्ने वरदान दिए ।

## उद्देश्यहरु

यस पाठ्यक्रमले विद्यार्थीहरूलाई निम्न कुराहरूमा मद्दत गर्नेछ :

### १. सामान्य उद्देश्य :
स्थानीय चाडपर्वबारे सकरात्मक पहिचान भाव निर्माण गर्ने ।

### २. विशेष उद्देश्यहरू :
क. जात्राको क्रियाकलापको अवलोकन गर्न स्थलगत भ्रमण, लामाहरूसँग अन्तर्वार्ता लिने प्राथमिक स्रोतहरू र सम्बन्धित पुस्तकहरूको अध्ययन तथा जात्राबारे इन्टरनेटमा खोजीजस्ता द्वीतीय स्रोतबाट माम्ला जात्राको ऐतिहासिक, धार्मिक र सांस्कृति महत्वको खोजी गर्ने ।

ख. माम्ला जात्रामा गरिने गतिविधिहरू तथा प्रचलनहरूको अवलोकन गर्ने ।
ग. फोटो चित्र पुस्तकको रुपमा प्रतिवेदन तयार गर्ने र भूमिका अभिनय गर्ने ।
घ. विश्वमा मनाइने समान प्रकारको सांस्कृतिक चाडपर्वहरूको खोज अध्ययन गर्ने र ती चाडपर्वलाई माम्ला जात्रासँग तुलना गर्ने ।

## शिक्षण प्रक्रिया

शिक्षण सिकाइ विधि गरेर सिक्ने सिद्धान्तमा आधारित रहनेछ किनकि स्थानीय पर्वहरूको सैद्धान्तिक ज्ञानभन्दा प्रयोगात्मकतामा आधारित ज्ञान धेरै राम्रो हुन्छ । तथापि, विद्यार्थीहरूलाई स्थानीय पर्वको (अर्थात् माम्ला जात्रा) बारेमा ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व सम्बन्धमा अभिमुखीकरण कक्षा प्रदान गरिनेछ । अभिमुखीकरण कक्षापछि शिक्षकले सहजकर्ताको भूमिका गर्नेछन् र क्रियाकलापको लागि ढाँचामात्र प्रदान गर्नेछन् ।

| क्र.सं. | शिक्षण घण्टी | क्रियाकलाप | संलग्न शिक्षकहरू |
|---|---|---|---|
| १ | २ | **अतिथि प्रवचकबाट अभिमुखीकरण :**<br>• बौद्धनाथ स्तुपको इतिहास<br>• माम्ला जात्रासम्बन्धी पौराणिक कथा<br>• माम्ला जात्राको सुरुवात<br>• माम्ला जात्राको महत्व | श्री खगेन्द्रजित लामा, अध्यक्ष, तामाङ हित ट्रष्ट बौद्ध<br>श्री तासीकुमार लामा<br>श्री ज्योति लामा |
| २ | २ | **प्रश्नावली निर्माणमा अभिमुखीकरण :**<br>• अनुसन्धान प्रश्नहरू कसरी तयार गर्ने ?<br>• खुला, बन्द र अर्ध संरचित प्रश्नावलीको अवधारणा ? | श्री मुकुन्द पौडेल, उपप्राध्यापक, अनुसन्धान विधि, समाजशास्त्र, त्रिचन्द्र क्याम्पस |
| ३ | ५ | **प्रश्नावली तयार गर्ने :**<br>• व्यक्तिको लागि प्रश्नावली तयारी<br>• प्रश्नावली बारेमा समूहमा छलफल<br>• समूहबाट सबभन्दा राम्रो प्रश्न छनौट गर्ने ।<br>• सुझाव तथा पृष्ठपोषणमा काम गर्ने ।<br>• अन्तिम प्रश्नावली तयार गर्ने र प्रिन्ट गर्ने । | श्री टीडी राई<br>सुश्री गंगा राई<br>श्री पुस्कर खनाल<br>सुश्री अम्बिका निरौला<br>सुश्री सेवाङ लामा<br>श्री विमल अधिकारी<br>श्री मिन्युर शेर्पा |
| ४ | ५ | **माम्ला जात्रा अवलोकन भ्रमण :**<br>• जात्राको गतिविधि अवलोकन गर्ने<br>• प्रश्न सोध्नको लागि उत्तरदाता छनौट गर्ने<br>• प्रश्नावली फाराम भर्ने<br>• प्रश्नावलीको विश्लेषण गर्ने<br>• सर्भेक्षणको नतिजा छलफल गर्ने | श्री टीडी राई<br>श्री नेत्र मल्ल<br>सुश्री निकिता राना<br>सुश्री रोजी श्रेष्ठ<br>सुश्री विनिता थापा<br>सुश्री संगिता उप्रेती |
| ५ | १० | **जात्रालाई फर्केर हेर्ने :**<br>• विद्यार्थीहरूको बुझाइमा छलफल गरी साझा गर्ने ।<br>• जात्राको पटकथा लेखेर अभिनय गर्ने<br>• निश्चित विद्यार्थीहरूको लागि भूमिका अभिनय तयार गर्ने<br>• माम्ला जात्राको चित्रकथा बनाउने ।<br>• विद्यालयमा भूमिका अभिनय प्रदर्शन गर्ने । | श्री टीडी राई<br>श्री नेत्र मल्ल<br>सुश्री निकिता राना<br>सुश्री रोजी श्रेष्ठ<br>सुश्री विनिता थापा<br>सुश्री संगिता उप्रेती |
| ६ | ८ | **अन्तिम मूल्याङ्कन**<br>• जात्राका घटनाबारे चित्रकथा पुस्तक तयार गर्ने ।<br>• माम्ला जात्राबारे अनुच्छेद लेखन प्रतियोगिता<br>• जात्राबारेको उनीहरूको ज्ञान मापन गर्न वस्तुगत प्रश्नहरू<br>• सबभन्दा राम्रो अभिनय गर्नेको समीक्षा<br>• परियोजनाको निष्कर्ष वा समाप्ति | श्री टीडी राई<br>सुश्री गंगा राई |
| **जम्मा** | ३२ | | |

## प्रयोग गरिने स्रोत तथा सामग्रीहरु

परियोजनाको अवधिमा तलका स्रोत तथा सामग्रीहरू प्रयोग गरिनेछ :

- सूचना तथा प्रविधि उपकरणहरू (कम्प्युटर, इन्टरनेट, क्यामेरा तथा अन्य विद्युतीय उपकरणहरू)
- लेख्ने पाटी
- मार्कर, डस्टर
- डायरी
- कागज, कलम, शीशाकलम, रङ तथा ज्यामिती उपकरणहरू आदि ।

## सिकाइ प्रतिफल

विद्यार्थीहरूको सिकाइ चाडपर्वको जानकारीमा मात्र सीमित हुँदैन । उनीहरूले आफ्नो र अन्य समुदायको परम्पराको सम्मान गर्दै सम्पूर्ण संस्कृतिको महत्व र मूल्य पनि थाहा पाउनु धेरै जरुरी हुन्छ । अन्य सम्भावित प्रतिफल तल दिएअनुसार उल्लेख गर्न सकिन्छ :

- समुदायका स्थानीय चाडपर्वहरूको बारेमा समालोचनात्मक चिन्तन गर्न सक्षम हुने ।
- क्रियाकलापहरूको खोजमूलक अन्वेषण तथा अवलोकन गर्ने र आफूले सिकेका कुराहरूबारे लेख्ने ।
- माम्ला जात्राको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वको पहिचान गर्ने ।
- जात्रासँग सम्बन्धित सर्भेक्षणको लागि प्रश्नावलीहरू तयार गर्ने ।
- सामान्य अनुसन्धान साधान र तरिकाहरू प्रयोग गरी प्राथमिक तथ्यांकको विश्लेषण गर्ने ।

## मूल्याङ्कन

सम्पूर्ण क्रियाकलापको अवधिमा हामीले निरन्तर मूल्याङ्कन योजना संयन्त्रको प्रयोग गर्ने योजना बनाउँदैछौं । त्यसबाहेक, हाम्रो सामाजिक शिक्षा विषय शिक्षकले वस्तुगत तथा विषयगत प्रश्नहरूको विकास गरी कक्षा ५ का विद्यार्थीहरूको सिकाइ प्रतिफल मापन गर्न निर्माणात्मक मूल्याङ्कन गर्नेछन् ।

अन्य मूल्याङ्कन विधिहरू निम्न छन् :
क. सङ्कलन पुस्तक जाँच
ख. भूमिका अभिनय
ग. क्रियाकलापहरूको फोटो
घ. प्रश्नोत्तर

## दिगो विकास लक्ष्यहरू

(http://www.un.org/sustainabledevelopment/sustainable-development-goals/




दिगो विकास लक्ष्यअर्न्तगत विद्यालय क्रियाकलापहरूको लागि अवधारणाहरूको लागि तपाई तलको लिंकमा जान चाहनु हुन्छ होला ।

- संयुक्त राष्ट्रसंघीय विकास लक्ष्यहरू कसरी शिक्षण गर्ने र किन ?
  https://www.britishcouncil.org/voices-magazine/why-teach-uns-development-goals-and-how

- सहकार्यमूलक परियोजनाको नमुना ढाँचाहरू
  https://schoolsonline.britishcouncil.org/about-schools-online/about-programmes/connectingclassrooms/collaborative-template?_ga=1.167925800.881342303.1484105599

- शिक्षकहरूका लागि कक्षाकोठा स्रोतहरू
  https://connecting-classrooms.britishcouncil.org/classroom-resources

# शब्दावली

| | |
|---|---|
| **कार्य** (Action) | क्रियाकलापहरूबाट प्राप्त ज्ञान, सीप र मूल्यहरू समकालीन विश्व सन्दर्भका स्थानीय सवालहरूमा सकरात्मक फरक वा परिवर्तन ल्याउन प्रयोग गर्ने । |
| **कार्ययोजना** (Action Plan) | क्रियाकलापहरूको एक योजना, जसले मान्यता र पुन:मान्यताको लागि आवश्यक प्रतिफल सिर्जना गर्दछ । कार्ययोजना आवेदन फारामको एक मुख्य अङ्ग हो । |
| **सहकार्य** (Collaboration) | बेलायत र अन्य देशका विद्यालयहरूका विद्यार्थी र शिक्षकहरूबीच संयुक्त तथा पारस्परिक कार्य । यसमा सिकाइ एकसाथ, अनुसन्धान दुई पक्षीय, निष्कर्ष मिलेर निकाल्ने हुन्छ । |
| **समालोचनात्मक चिन्तन** (Critical reflection) | वृहत दृष्टिकोणको सन्दर्भमा विश्लेषण गर्ने कार्य, जस्तै : अन्य देशका तरिकाहरुको अनुसन्धानमूलक अवधारणामा विचार गर्दै शिक्षण विधिरुको मूल्याङ्कन गर्ने, वा अन्यत्र सोही समस्या कसरी समाधान गरिएको छ भन्ने कुरामाथि विचार गर्दै समस्या समाधानप्रतिको  राष्ट्रिय तरिकाहरूको मूल्याङ्कन गर्ने कार्य । |
| **पाठ्यक्रम क्रियाकलाप** (Curriculum activitiy) | शिक्षार्थी वा शिक्षकहरुको लागि सामान्य विद्यालय क्रियाकलापसँग सक्रिय सम्बन्ध भएको वा जोडिएको हुन्छ । यो चेस क्लब वा खेलकूदजस्ता अतिरिक्त शैक्षिक क्रियाकलापको ठीक विपरित हुन्छ । |
| **प्रवाह गर्नु** (Disseminate) | साथीहरू, शिक्षकहरू वा विद्यालय समुदाय बाहिरका मानिसहरूसँग सिकाइ, तालिम र निष्कर्ष साझा गर्ने । |
| **शिक्षाकर्मी** (Educators) | शिक्षणमा संलग्न सबै कर्मचारी, जस्तै : सहयोगी कर्मचारी, शिक्षकहरू, प्रधानाध्यापक आदि । |
| **शैक्षिक समुदाय** (Education community) | शिक्षामा संलग्न अन्य विद्यालय वा संस्थाहरूसँग जोड्ने, जस्तै : विद्यालयहरू, नर्सरी, विश्वविद्यालय, शिक्षा निकाय वा परामर्शदाता । शैक्षिक समुदाय स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय हुनसक्छन् । |
| **शैक्षिक अभ्यास** (Education practice) | शिक्षण कसरी गरिन्छ भन्ने व्यवहारिक तरिका |
| **शिक्षालाई समृद्ध बनाउने** (Enriching education) | शिक्षामा निरन्तर सुधारको प्रक्रिया, अन्तर्राष्ट्रिय आदानप्रदानबाट प्राप्त प्रतिविम्बित वा समीक्षात्मक सिकाइको परिणामस्वरुप हुने । |
| **प्रभाव** (Impact) | अन्तर्राष्ट्रिय क्रियाकलाप गरेको कारण प्राप्त हुने अन्तिम नतिजा/लाभ । |
| **अन्तर्राष्ट्रिय संयोजक** (International coordinator) | संगठित गर्ने, आवेदन गर्ने, तलिम दिने र कार्यान्वयन गर्ने कुरामा विभिन्न प्रकारको भूमिका अन्तर्राष्ट्रिय संयोजकको रहेको हुन्छ । |
| **अन्तर्राष्ट्रिय नीति** (International policy) | सिद्धान्तहरू वा प्रोटोकलहरू (नियमहरू) प्रस्तुत गर्ने दस्तावेज, जसले तपाईले आवेदन गर्न लागेको अवार्डको स्तरको लागि सूचीकृत प्रतिफल प्राप्त गर्छ । यसलाई समान्यत विद्यालय सञ्चालक वा व्यवस्थापन समितिबाट हस्ताक्षर गरिएको हुन्छ । |
| **अन्तर्राष्ट्रिय कार्य** (International work)<br>• तयारी (preparing)<br>• विकास (developing)<br>• सामेल (embedding)<br>• विस्तार (expanding) | अन्तर्राष्ट्रिय विषय केन्द्रित क्रियाकलापबारे अन्तर्राष्ट्रिय कार्यले बताउँछ, जसलाई अपेक्षित प्रतिफल हासिल गर्न पूरा गरिन्छ :<br>अन्तर्राष्ट्रिय कार्यको तयारीमा कसरी अन्तर्राष्ट्रिय कार्य शुरु गर्न सकिन्छ भन्ने बारेको सम्भावना तथा चिन्तन जस्ता कुरा रहन्छन् ।<br>अन्तर्राष्ट्रिय कार्यको विकासमा अन्तर्राष्ट्रिय कार्य गर्ने र यसलाई निश्चित विषयहरूमा थप्ने वा जोड्ने कार्य पर्दछन् ।<br>अन्तर्राष्टिय कार्यको सामेलमा विद्यालयभर गरिने कार्यमा एकरुपताका अवधारणा तथा विधिहरू रहन्छ ।<br>अन्तर्राष्ट्रिय कार्यको विस्तारमा विद्यार्थी, शिक्षक र विद्यालयस्तरमा अन्यसँग सिकाइ तथा विज्ञता आदानप्रदान गर्ने कार्यहरु पर्दछन् । |

| | |
|---|---|
| **प्रतिफल** (outcome) | क्रियाकलाप गर्दाको नतिजा वा परिणाम । तपाईले के सिक्नु भएको छ, के हासिल गर्नु भएको छ वा के विकास गर्नुभएको छ ? भन्ने कुराहरु । |
| **साझेदार विद्यालय** (partner school) | अन्य देशमा भएका विद्यालयहरू, जोसँग शैक्षिक सम्बन्ध जोडिन्छ वा स्थापित गरिन्छ । यस्ता सम्पर्कमा साझा लक्ष्य हुनुपर्छ : विद्यालयहरूले सँगै काम गर्ने कुराको समान परिदृष्य साझा गर्नुपर्नेछ । |
| **समीक्षात्मक सिकाइ** (Reflective learning) | तथ्यहरू ग्रहणमात्र हैन, तथ्यांकको समीक्षात्मक वा गहन विश्लेषण गर्ने कार्य । विचार हरूको निर्माण र विभिन्न सांस्कृतिक दृष्टिकोणबाट सिकाइ । |
| **स्रोतहरू** (Resources) | अन्तर्राष्ट्रिय समन्वय वा कार्यको लागि विद्यालयद्वारा प्रदान गरिएको कुनै स्रोत वा आपूर्ति । यसमा समय, पैसा वा तालिम हुनसक्छ । |
| **वृहत समुदाय** (wider community) | विद्यालयसँग जोडिएका समूह, जस्तै : धार्मिक, सामुदायिक वा व्यवसायिक समूहहरू । |
| **बालबालिका** (young people) | १८ वर्षभन्दा मुनिका मानिस, विद्यालय विद्यार्थीहरू र वृहत समुदायका सदस्यहरू । उनीहरू शिक्षाकर्मीहरूले अगुवाइ गरेका वा सहजीकरण गरेका क्रियाकलापमा भाग लिन्छन् । |

**©British Council 2019**
The British Council is the United Kingdom's international organisation for cultural relations and educational opportunities.